सूचना र मनोरञ्जनको सँगालो

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

# साप्ताहिक

saptahik.ekantipur.com

● वर्ष २४ ● अंक ४९ ● FRID Y 2019 वैशाख २०, २०७६ ● पृष्ठ ३२ ● मूल्य रु. १५/-



# द मेकिङ अफ मिस नेपाल

तस्बिरहरू : महेश प्रधान



## YouTube ट्रेन्डिङ

| | | |
|---|---|---|
| १ | इन्स्पेक्टर विजय | च्यानल आरके दुग्गल |
| २ | अजय देवगण | च्यानल आरजी |
| ३ | भद्रगोल -२०८ | च्यानल मिडिया हब |
| ४ | ब्लूजेज | च्यानल ब्लूजेज |
| ५ | प्रियंका कार्की | च्यानल केबिसी नेपाल |
| ६ | मृतक रीना बस्नेतको | च्यानल रमाइलो |
| ७ | बिचरा आमा | च्यानल अनलाइनखबर |
| ८ | ठग्स अफ अमेरिका | च्यानल गोल्डमाइन्स |
| ९ | रमेश प्रसाई | च्यानल इन्द्रेणी |
| १० | नीभेभारो | च्यानल वामइन्डिया |

## फोटो अफ दि विक



■ **न्यू लुक** : चलचित्र छ माया छपक्कैको घोषणा कार्यक्रममा नयाँ गेटअपमा प्रस्तुत हुँदै अभिनेत्री केकी अधिकारी । उक्त चलचित्रमा केकीले दीपकराज गिरीसँग अनस्क्रिन रोमान्स गर्दैछिन् ।




■ **अभिनेत्रीलाई सम्मान** : डिग्री अनलाइनको पहिलो वार्षिकोत्सवको अवसरमा सम्मानित हुँदै अभिनेत्री सञ्चिता लुइँटेल ।



■ **यात्रा दुबईको** : गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माणको सहयोगार्थ आयोजित धुर्मुस-सुन्तली साँझमा सहभागिताका लागि काठमाडौंबाट प्रस्थान गर्ने क्रममा सीताराम कट्टेल र कुञ्जना घिमिरे ।



■ **एलिशाको नृत्य** : भीमफेदी गाइजको नयाँ गीतको म्युजिक भिडियोमा एलिशा राई ।



■ **फेवातालको किनारमा** : पोखराको ड्यामसाइडस्थित फेवाताल किनारामा करिब ७ रोपनी जग्गामा माछापुच्छ्रे प्रतिविम्ब पार्क निर्माण गरिने भएको छ । यसका लागि पोखरा महानगरपालिका तथा गण्डकी प्रदेश सरकारले झन्डै ४ करोड खर्च गर्ने भएका छन् ।

अस्ति प्रमले लगाएको ब्रान्डेड जुत्तामा विरोध, आज मन्त्री ज्ञवालीले लगाएको सामान्य जुत्तामा विरोध । देशको इज्जत कामले नाप्नु पर्ने हो, जुत्तामा खोज्छन् ।

**अञ्जान ढकाल**

देशको इज्जत गएन यार मन्त्री जस्तो मान्छेले ड्रेस कोड बिगार्ने । ओबामाले हाफ पाइन्ट लगाउँदा तारिफ, ओलीले लगाए गाली गर्ने मान्छे परियो, क्यार्चस ।

**सन्तोष**

मर्निङ वाक ग'का हुन् र ? जुत्ता त्यस्तो लाउँदा सादगी भन्ने ? प्रदीप ज्ञवाली आजको दिनमा नेपाल राज्यको विदेशमन्त्री हुन् ।

**हाइवे**

यस्ता कुरामा प्रोटोकलको ख्याल राख्नुपर्छ । एलभिको जुत्तामा समृद्धि नदेखौं र सुटसँग रनरमा गरिबी नदेखौं । दिनदिनै विदेश यात्रामा निस्किए पनि प्रदीप ज्ञवालीले गल्ती गरेकै हुन् भन्ने मेरो ठहर छ । ड्रेसभित्र अनुशासन लुकेको हुन्छ ।

**एनपी काफ्ले**



परराष्ट्र मन्त्री प्रदीप ज्ञवाली औपचारिक भ्रमणमा जाँदा स्पोर्ट्स जुत्ता लगाएर गएछन् । ढंग नपुगेको कि लापरवाही गरेको ?

**आयुष्मान**

परराष्ट्रमन्त्रीले बल्ल जुत्ता फेरेछन् । यो हो नि तरिका । राष्ट्रपतिसँग सुट टाईमा स्पोर्ट्स सुज ला'थे । अहिले राष्ट्रपति न'भा बेलाँ यस्तो ला'छन् । गाईजात्रा पारा नै रै'छ विद्वान् भनेका मन्त्रीको ।

मन्त्री परिषद्मा यसो बुद्धि भा'का यिनै हुन् जस्तो लागेर आउँथ्यो ।

**विराज आचार्य**

राष्ट्रपतिको औपचारिक भ्रमणमा हाम्रो परराष्ट्र नीति गोल्डस्टार जुत्तामा झल्कियो, लाज लाग्यो ।

**अशोक केडी**

प्रदीप ज्ञवाली र मेरो जुत्ता एउटै रैछ ।

**नरेन्द्र पोखरेल**

प्रधानमन्त्रीले इटालियन जुत्ता लगाउँदा कम्युनिस्टको नेताको कत्रो हाइफाई भनेर आलोचना गरे । परराष्ट्र मन्त्रीले गोल्डस्टार जुत्ता लगाउँदा कन्तबिजोग भने । होइन, खासमा के लगाउँदा चाहिँ ठीक हुन्छ ? कांग्रेस छाप जुत्ता आइसक्यो कि कसो ?

**अर्जुन आचार्य**

घुम्न जाँदा सजिलो त स्पोर्ट्स सुज नै हो । फर्मल मानिने जुत्ता लाएर हिँड्न गाह्रै हुन्छ, पोल्छ, हिँड्न पनि अफ्ट्यारो । त्यसैले परराष्ट्रमन्त्रीज्यूको स्पोर्ट्स सुजमा मेरो कुनै गुनासो छैन ।

**रुपेश श्रेष्ठ**

परराष्ट्र मन्त्री भैसकेपछि जुत्ता नि परराष्ट्रकै लाउनु पर्‍यो नि । नेपालको बाँसबारीको छाला जुत्ता लाएर भयो ? खै कुरा बुझ्या ? युरोप आएका बेला ब्रसेल्समा किन्या जुत्ता रे !

**विराज आचार्य**

लाख पर्ने जुत्ता लगायो, सर्वहाराको फुर्ति हेर न भन्छन् । गोल्डस्टार लगायो कन्तबिजोग भन्छन् । के गर्ने होला यस्ता अनलाइनलाई ?

**विमल लमिक**

परराष्ट्रमन्त्रीको विदेश भ्रमणमा नयाँ ड्रेसकोड आएछ, सुटमा स्पोर्ट्स जुत्ता ।

**जगन कार्की**

चाहे पाँच हजारको जुत्ता लगाउ वा पाँच सयको, टेक्ने धर्ती त एउटै हो । यात्राको महत्व गन्तव्यले राख्छ, जुत्ताको मूल्यले होइन ।

**युवा राई**

राजकीय भ्रमणमा हाम्रा परराष्ट्रमन्त्रीको जुत्ता हेर्नुस्, मर्निङवाक जाँदा फुत्त छिरेर फोटो खिचाए जस्तो ।

**प्रोफेसर आन्द्रे**

KANTIPUR PUBLICATIONS PVT. LTD.

KMG
KANTIPUR MEDIA GROUP

# कान्तिपुर को करोडपति सिजन-३

पनि रोइन त फेरि करोडपति!

## कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नुहोस् र लक्की ड्र बाट जित्नुहोस्

१० लाख मासिक पुरस्कार

१ करोड बम्पर पुरस्कार

१ लाख साप्ताहिक पुरस्कार

* शर्तहरु लागु हुनेछन्।

### पक्का पुरस्कार

• शिखर इन्स्योरेन्सको रु.५ लाखको दुर्घटना बीमा • स्वास्थ्य बीमामा रु.७५० छुट

Shikhar Insurance Happysurance

स्क्र्याच कार्ड मार्फत् रु.२०० देखि रु.२५०० सम्मको छुटका साथै जित्न सक्नुहुनेछ




BALTRA एलइडी टिभी. ASUS ल्यापटप स्मार्ट फोन ब्लुटुथ स्पीकर वायरलेस हेडफोन स्मार्ट वाच

**ग्राहक अवधि बाँकी रहेकाहरुले पनि समय बढाएर यस योजनामा सहभागी हुन सक्नुहुनेछ । "जति छिटो ग्राहक बन्नुहुनेछ, जित्ने मौका त्यति नै बढ्नेछ ।"**

कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बनको लागि SUB<space> आफ्नो नाम टाइप गरी ३८०८० मा पठाउनुहोस (NTC प्रयोगकर्ताकालागि मात्र) । एस.एम.एस र अनलाईन सब्सक्रीप्सनका लागि २४ घण्टा भित्र विस्तृत विवरण सहित हाम्रा प्रतिनिधिहरुले तपाईंलाई सम्पर्क गर्नेछन् ।




We Accept fonepay payments फटाफट

KANTIPUR DAILY THE KATHMANDU POST


1 Open your mobile banking / eSewa app

2 Scan this code, confirm the payment details and make quick payment.

eSewa www.esewa.com.np

टोल फ्रि नम्बर: १६६० ०१ २२२२२ (NTC), ९८०१ ५७ २२२२ (Ncell) काठमाडौं: शिशिर राज पाण्डे ९८४११६६७८४, राम कृष्ण घिमिरे ९८५१०९८९४४ चितवन: शंकर न्यौपाने ९८५६०४४१४० पोखरा: राजेश पौडेल ९८५६०२५८८५, नेपालगंज: अशोक श्रेष्ठ ९८५८०३०६७७, विराटनगर: अनुज लाल कर्ण ९८५२०२८१२३

कान्तिपुर गाथा



किशोर नेपाल

# देशप्रतिको निष्ठा र प्रतिबद्धता

> सिर्जनात्मक सामाजिक कार्यगर्ने योजनाअनुसार अघि बढिरहेको 'वी विल राइज'ले पर्यटन प्रवर्द्धन गर्न र लुकेका पर्यटकीय सम्भावना उजागर गर्न देशैभर 'मेरो गाउँ, मेरो ठाउँ' भिडियो प्रतिस्पर्धा गराइरहेको छ । देशभरका युवा जमातले आफ्नो गाउँ र क्षेत्रमा पर्ने पर्यटकीय ठाउँमाथि भिडियो बनाएर प्रतिस्पर्धामा भाग लिइरहेका छन् ।




भुइँचालो । २०७२ वैशाख १२ को भुइँचालो मानिसको स्मृतिमा तत्काल बसिहाल्ने ठूलो प्राकृतिक दुर्घटना थियो । त्यसभन्दा अघि अत्यधिक चर्चामा रहेको १९९० सालको भुइँचालो सम्भिने पुस्ता पातलिइसकेका थिए । पहिलो जन-आन्दोलनअघि २०४५ सालमा पनि नेपालमा भुइँचालो गएको थियो । पूर्वाञ्चलको महत्वपूर्ण र लोकप्रिय सहर धरान त्यो भुइँचालोको प्रकोपमा परेको थियो । काठमाडौं उपत्यकाको सबैभन्दा पुरानो मानिने भादगाउँ सहर त्यो भुइँचालोले ध्वस्त भएको थियो । भादगाउँमा भुइँचालोपछि जनतालाई वितरण गरिएको रासन विवादले हिंसात्मक रूप लिएको थियो । राष्ट्रिय पञ्चायतका सदस्य कर्ण हयोजुको विभत्स हत्या गरेको थियो उत्तेजित भीडले।

२०७२ वैशाखको भुइँचालोले काठमाडौं र त्यस वरपर रहेका जिल्लालाई ध्वस्त पार्‍यो । पश्चिम २ नम्बरको लमजुङ-गोर्खादेखि, पूर्व २ नम्बरको दोलखा-रामेछापसम्म भुइँचालोको प्रकोप कडा रह्यो । दोलखाको दुर्गम सिंगटीजस्ता बस्ती भुइँचालोबाट भएको विनाशको आइकन भए । त्यस्तै आइकन भए गोर्खाको लाप्राक र बारपाक । २०७२ को भुइँचालोले नेपालको तन्नेरी समुदायमा निकै ठूलो चेतनाको आविष्कार भयो । चेतना विस्तारकै क्रममा सामाजिक सञ्जालमा 'वी विल राइज' लोगो खुबै हिट भयो र त्यो पनि, स्वतःस्फूर्त रूपमा । अर्को वर्ष मैनबत्तीको प्रकाशमा काष्ठमण्डप र धरहराको छवि बनाएपछि त्यसले ठूलो प्रचार पायो । संसारभरका मिडियाले बाक्लो कभरेज दिए त्यसलाई । ती दृश्य सोसल मिडियामा भाइरल भए ।

'भूकम्पका कारण प्रभावित भएका नेपालीहरूका लागि सहयोगी हात फैलाउने, निराशा लपेटिएका अनुहारहरूमा आत्मविश्वास र प्रेरणा भर्ने' उद्देश्यसहित सुरु भएको 'वी विल राइज' अभियान यतिबेला पर्यटन, समाज तथा खेलका क्षेत्रमा फैलिएको छ । 'हामी उठ्नेछौं' नारा प्रेरणादायी मात्र नभएर यसले मानिसमा आत्मविश्वास बढाउँछ । यो अभियानले सन् २०२० सम्म नेपालमा पर्यटन प्रवर्द्धनका लागि 'हाइक फर नेपाल' कार्यक्रम संसारभर पुर्‍याउने लक्ष्य राखेको छ भने सन् २०२० मा मनाउन लागिएको नेपाल भ्रमण वर्षलाई लक्षित गरेर 'मेरो गाउँ मेरो ठाउँ' भिडियो प्रतियोगिता आयोजना गरिरहेको छ ।

यो स्तम्भकारसँगको भेटमा 'टुँडिखेलमा सगरमाथा' कन्सेप्टको काम गर्ने योजनामा रहेका यसका डिजाइनर तथा वी विल राइजका अभियन्ता निर्मल श्रेष्ठले बताए, 'त्यो कन्सेप्ट अनुसार ८ हजार ८ सय ४८ मिटर सगरमाथाको उचाइ सरहकै संख्यामा हातमा सेतो बेलुनसहितका सहभागी भेला हुने कार्यक्रम छ । सगरमाथाकै फ्रेममा मिल्ने गरी मानिसहरू उभ्याउने र त्यसको एरियल सट लिने पनि कार्यक्रम छ हाम्रो । ८ हजार ८ सय ४८ बेलुनको निश्चित मूल्य राखिनेछ । त्यसको मूल्य बेलुन बोक्ने स्वयंले वा प्रायोजकहरूले तिर्नेछन् । पैसा तिर्न नसक्नेहरूलाई संसारभरबाट स्पोन्सर गर्न सकिनेछ ।

टुँडिखेलमा सगरमाथा कार्यक्रमका लागि झन्डै ४ करोड लाग्ने अनुमान गरिएको छ । यसले ग्लोबल वार्मिङका विरुद्ध जनचेतना अभिवृद्धिमा विशेष जोड दिएको छ । अन्तर्राष्ट्रिय मिडियामा नेपालको प्रवर्द्धन सहजै हुने अनुमान अभियानले गरेको छ । वी विल राइज फाउन्डेसनले बत्ती मात्र बाल्दा जसरी इन्टरनेसल मिडियाको ध्यानाकर्षण भएको थियो, त्यसरी नै यसले सगरमाथामा थुप्रिरहेको फोहोरका कारण पनि ग्लोबल वार्मिङको प्रभावले गर्दा त्यहाँको हिउँ पग्लिरहेको छ भन्ने सन्देश सारा विश्वलाई दिने अपेक्षा गरेका छन् आयोजकहरूले । हामी उठ्न छौं अभियानले गत वर्ष सगरमाथा क्षेत्रबाट हिउँ पग्लेर देखा परेको चट्टानहरू प्रख्यात आरोही फूर्वा तेन्जिङ शेर्पा जो यो अभियानमा समेत लागेका छन् ल्याएर विश्वका आठ धनी राष्ट्र (जीएट) का कूटनीतिज्ञमार्फत ती राष्ट्रका प्रमुखहरूलाई हस्तान्तरण गरेर ग्लोबल वार्मिङले हिमालय क्षेत्रमा हिउँ पग्लिँदै गएकोमा ध्यानाकर्षण गराएका थिए ।

सिर्जनात्मक सामाजिक कार्यगर्ने योजनाअनुसार अघि बढिरहेको 'वी विल राइज'ले पर्यटन प्रवर्द्धन गर्न र लुकेका पर्यटकीय सम्भावना उजागर गर्न देशैभर 'मेरो गाउँ, मेरो ठाउँ' भिडियो प्रतिस्पर्धा गराइरहेको छ । देशभरका युवा जमातले आफ्नो गाउँ र क्षेत्रमा पर्ने पर्यटकीय ठाउँमाथि भिडियो बनाएर प्रतिस्पर्धामा भाग लिइरहेका छन् । स्तम्भकारले सुर्खेतमा यो कार्यक्रमको सहजकर्ता बन्ने अवसर पाएको थियो । प्रतिस्पर्धीहरूले पठाएका उत्कृष्ट भिडियो पुरस्कृत गर्नेछन् आयोजकहरूले । जसले जे गरिरहेको छ, त्यही गर्नुभन्दा पनि अलि फरक गर्ने हाम्रो प्रयास हो, अर्का अभियन्ता खड्ग परियार भन्छन्, 'देश र समाजका लागि केही गर्नुपर्छ भन्ने भावना जगाउने अभियान हो– वी विल राइज । हामी दीर्घकालीन लक्ष्य लिएर हिँडिरहेका छौं ।'

हो, हामी निश्चय पनि उठ्नेछौं । कुनै पनि देशको युवा पुस्ता जब रचनात्मक काममा लाग्छ तब देशमा जागृति आउँछ । यो यस्तो अवसर हो जसले देशमा चेतनाको लहर फैलाउने मात्र होइन, विकासका लागि शारीरिक श्रम गर्नसमेत युवा पुस्तालाई झकझक्याउनेछ ।

हो, हामी पक्कै उठ्नेछौं । देशप्रतिको निष्ठा र स्वाभिमानले हामीलाई झकझक्याउनेछ !

## पाठक मञ्च

यता यस्ता घटना दैनिक भैरहेका छन्, उता प्रधानमन्त्री भन्दैछन्– समाजमा अहिलेजति शान्ति कहिल्यै थिएन । (पथरी, शनिश्चरेमा श्रृंखलाबद्ध घटना महिलाको विभत्स शव भेटियो) कहिल्यै नसुध्रने भयो हाम्रो समाज !

**बसन्त सापकोटा**

लेख्ने बेला विरोध गर्ने अनि फिल्म हेरेर सुपर हिट बनाइदिने पत्रकार नै हुन् । (छ माया छपक्कैमा दीपक र केकीको जोडी) जति विरोध गरे नि हुन्छ । सफलताको कामना दीपकजी ।

**नारायण अर्याल**

भाषा-संस्कृतिको संरक्षण नभए देशको पहिचान हराउँछ । हामी नेपाली हुनुको अस्तित्व मेटिन्छ । (नेपाली बाजाको संरक्षणमा लक्ष्य ब्यान्ड) । यस्ता सांस्कृतिक एवं ऐतिहासिक कुराको संरक्षण गर्नु हामी सबैको दायित्व हो ।

**प्रसाद धौभडेल**

तिनै ठूला-ठूला ब्यानरका पत्रकार हुन्– कैले सन्तान पाउने ? जवाफ चाहियो भन्दै प्रश्न सोधेर त्याख त्याख्ती पार्ने । फेरि बिग ब्यानरलाई टेरेन भन्छन्, जे गरे नि नहुने ।

**चन्दा गौतम**

सामाजिक सञ्जाल चलाउन जाने जीवनशैली हो, जथाभावी चलाए गलपासो हो । (सामाजिक सञ्जालको महाजञ्जाल) यही सामाजिक सञ्जालले धेरै मानिसलाई हिरो बनाएको छ । उनीहरूले यसलाई चलाउन जानेका छन् भने जथाभावी प्रयोगका कारण कैयौंले मृत्युपरण गर्नुपरिरहेको छ । अबको नियमित शिक्षामा सामाजिक सञ्जाल शिक्षा थप्नुपर्ने अवस्था आइसकेको छ ।

**पौरवी मैनाली**

# गाउँ अझै उस्तै रहेछ

लामो समयको अन्तरालपछि बाल्यकाल बिताएको गाउँको भ्रमण गर्ने मौका प्राप्त भयो । ग्रामीण भेगको भ्रमण जति उत्साहजनक थियो त्यति नै दुःखपूर्ण पनि थियो । यात्रा धेरै लामो पनि होइन, धनकुटा जिल्लाकै उत्तरी ग्रामीण क्षेत्रको हो । गाउँ जानुको उद्देश्यका पछाडि कुनै विशेष कार्यक्रम पनि थिएन, तैपनि सानो छँदा हुर्किएको, हाँसे-खेलेको ठाउँ । लामो समयपछि त्यो गाउँ पुग्न पाउँदा मनमा एक किसिमको खुसी छाएको थियो । मैले अनुमान गरेको थिएँ– अब त त्यो गाउँमा पनि धेरै विकास भयो होला, धेरै परिवर्तन आए होलान् । सानो छँदा मावल जाने रहरले कहीं कुद्दै त कहीं चौतारीमा थकाइ मार्दै आमासँग हिँड्दा निकै रमाइलो हुन्थ्यो, तर अहिले त हिँड्ने बानी पनि हराएछ । जम्मा ४ घण्टाको बाटो बल्ल-बल्ल १२ घण्टामा पुगियो ।

राति थकाइ लागेकाले भुसुक्कै निदाइयो । बिहान झुल्के घाममा आफूले अक्षर चिनेको स्कुलतिर लागेको त जस्ताको तस्तै पो रहेछ हाम्रो स्कुल । अझ पहिले त नयाँ-नयाँ भवन थिए, अहिले त ती भवन पनि थोत्रा भैसकेछन् । स्कुलको बगैंचाका सुन्तलाका रूख पनि बूढा भएछन् । कहिले हो, माओवादी र सेनाको भिडन्त हुँदा स्कुलको पर्खाल भत्किएको रे ! पर्खालमा अझै दुलैदुला रहेछन् ।

तल्लो गाउँका केटाकेटी अझै बासँग बालीघरेको घरमा लुगा सिउन र बाली उठाउन हिँड्दा रहेछन्, गाउँका केटाकेटी अझै आरन बोकेर आमासँग खुकुरीमा साँध लगाउन हिँड्दा रहेछन् । विश्व एक्काइसौं शताब्दीमा हिँडिरहेको छ तर यो अरू कतैको नभएर हाम्रै गाउँको कथा हो । हाम्रो देशका सयौं ग्रामीण क्षेत्रका समाजमा व्याप्त गरिबी, अशिक्षा तथा असमानताको परिणाम हो यो दुर्दशा । यस्ता लाखौं जनताले आज पनि १८ औं शताब्दीमै जिउनुपरिरहेको छ । हामी आज देश परिवर्तन गर्ने भनेर कुर्लिरहेका छौं । देश अग्रगमन र समृद्धिको बाटोमा छ भनिरहेका छौं, तर आफ्नो पढ्न पाउने अधिकारलाई कलको सियोको टुप्पो र खुकुरीको धारमा राखेर हिँडेका ती अबोध बालकहरूले कहिले पढ्न पाउने ? के ती देशका कर्णधार होइनन् ? हो, निश्चय नै, जबसम्म ग्रामीण भेगमा रहेका यस्ता असमानताहरू हट्दैनन् र राज्यले यी आधारभूत कुराको सुनिश्चितता गर्न सक्दैन तबसम्म देशमा अग्रगमन र नयाँ नेपालको परिकल्पना गर्नु दिवा स्वप्नभन्दा पर अरू केही हुन सक्दैन ।

**उमेश परियार**

तपाइले देखेको या भोगेको कुनै पनि समसामयीक विषयमा बढीमा ३०० शब्दमा आफ्नो विचार saptahik@kmg.com.np वा visa.kafle@kmg.com.np मा पठाउनुहुन अनुरोध छ । उत्कृष्ट विचारलाइ आगामी अंकमा स्थान दिनेछौं ।

मुक्त आकाश



अविरल थापा

# आमाको माया

आफूले पाएको दुःख सन्तानले नभोगून्, कुलतमा नलागून्, अनावश्यक खर्च नगरून् भनेर पनि आमा-बाबु सचेत रहन्छन् । बाहरूले बरु धेरै कुरा बेवास्ता गर्लान्, तर आमाको मन त्यस्तो हुँदैन । आमाले गर्ने साना-ठूला सबै गालीमा माया मिसिएको हुन्छ । संसारको सबैभन्दा मीठो गाली भनेकै आमाको गाली हो । आमा भएको घर बल्ल घरजस्तो हुन्छ । कहिलेकाहीं लाग्छ, आफैंलाई जन्मदिने आमालाई वृद्धाश्रममा छोडेर आउने हिम्मत छोराछोरीमा कुन हृदयले आउँछ होला, “आमा कसरी हेलाको पात्र हुन सक्छिन् ?

अरूसँग लिन मात्र खोज्नु स्वार्थ हो, लिनु पनि, दिनु पनि कारोबार हो, दिन मात्र सक्नु प्रेम हो । सायद यो धर्तीमा अधिकांश मानिसले गर्ने भनेको सम्बन्धको कारोबार हो । भनिन्छ, आमाले मात्र सच्चा प्रेम दिन सक्छिन् र सन्तानले जति सताए पनि, वास्ता नगरे पनि कहिल्यै उसको कुभलो चिताउँदिनन् । अपवाद नहोलान् भन्न सकिन्न, तर यो धर्तीमा गरिने अनेक खालका प्रेममध्ये सबैभन्दा सङ्लो प्रेम कसैको छ भने आमाकै हो । आमाको प्रेममा सम्भवतः कुनै पनि छोराछोरीले शंका गर्दैनन् ।

म दस वर्षको हुँदा पढ्न भनेर सहर आएँ । आमा गाउँमा हुनुभयो । सुरु-सुरुमा त रमाइलो लाग्यो, तर केही समयपछि आमाको न्यास्रो लाग्न थाल्यो । सहरमा हाम्रो स्याहार एवं रेखदेख गर्ने फुपू हुनुहुन्थ्यो जसलाई हामी डल्ली दिदी भन्थ्यौं । बेला-बेलामा छुट्टी हुँदा हामी डल्ली दिदीसँगै गाउँ जान्थ्यौं । अलि-अलि जम्मा पारेको पैसाले बिस्कुट मात्र किनेर आमालाई लगिदिँदा पनि खुसी लाग्थ्यो । घरमा गएका बेला आमाले गर्ने घरधन्दाको काममा सकेको सघाइदिन मन लाग्थ्यो, आमाले घाँस काटन जाँदा, पत्कर सोहोर्न जाँदा पछि-पछि लागेर सकेको गरिदिन मन लाग्थ्यो, तर मैले त्यो बेला पनि कहिल्यै मुख फोरेर आमालाई तपाईंको असाध्यै माया लाग्छ भनिनँ । शब्दले बोलेर माया देखाउन, माया जनाउन मलाई कहिल्यै आएन, अहिले पनि जान्दिनँ तर व्यवहारले देखाइरहन्छु । छुट्टी सकिएर सहर फर्कने बेलामा मन भारी हुन्थ्यो । उतै बस्न पाए पनि हुन्थ्यो भन्ने लाग्थ्यो । गहभरि आँसु आउँथ्यो र त्यो लुकाउन दुई-तीन चोटि मुख धुन्थें तर मुख फोरेर म जान्छु है आमा, राम्रोसँग बस्नु भन्न सक्दिनथें र हिंड्ने बेला झोला बोकिसकेपछि म पछाडि फर्केर हेर्दिनथें, सुइँसुइँ अघि लाग्थें, किनभने आँखामा टिलपिल आँसु आइसकेको हुन्थ्यो, मन भक्कानिसक्थ्यो र अरूले थाहा पाउलान्, देख्लान् भनेर आँसु पिउँदै एक्लै परसम्म पुगिसक्थें अनि भारी मन लिएर सहर फर्कन्थें । एक दिन आमाले डल्ली दिदीलाई मेरो छोरो कस्तो निष्ठुरी छ, जाने बेलाम जान्छु पनि नभनी हिंडछ भनेर चित्त दुखाउनुभएछ । सुनेर नरमाइलो लाग्यो तर मैले त्यसपछि पनि र आजसम्म पनि मुख फोरेर आमालाई न अरू कसैलाई माया गर्छु भन्न सकिनँ, तर व्यवहारले न आमाले माया गर्न छोड्नुभयो, न मैले नै छोडें । सायद बिस्तारै आमाले पनि मेरो स्वभाव बुझ्दै जानुभयो । जो-सुकैलाई गरिने माया होस्, व्यवहारले थाहा भैहाल्छ नि ! भनिरहनुपर्छ र ? जस्तो लाग्छ मलाई ।

सन्तान जति नै ठूला भए पनि, जत्रो पदमा पुगे पनि आमालाई सधैं सानै केटाकेटी लाग्दो रै'छ । बेलामा खाइस् कि खाइनस्, बेलैमा घर पुगिस् कि पुगिनस्, चिसो लाग्ला, यसो गर्नु, उसो नगर्नु भनेर चासो र सल्लाह हरेक आमाले छोराछोरीलाई बाँच्नुन्जेल दिइरहन्छन् । आफूले पाएको दुःख सन्तानले नभोगून्, कुलतमा नलागून्, अनावश्यक खर्च नगरून् भनेर पनि आमा-बाबु सचेत रहन्छन् । बाहरूले बरु धेरै कुरा बेवास्ता गर्लान्, तर आमाको मन त्यस्तो हुँदैन । आमाले गर्ने साना-ठूला सबै गालीमा माया मिसिएको हुन्छ । संसारको सबैभन्दा मीठो गाली भनेकै आमाको गाली हो । आमा भएको घर बल्ल घरजस्तो हुन्छ । कहिलेकाहीं लाग्छ, आफैंलाई जन्मदिने आमालाई वृद्धाश्रममा छोडेर आउने हिम्मत छोराछोरीमा कुन हृदयले आउँछ होला, 'आमा कसरी हेलाको पात्र हुन सक्छिन् ? आमालाई रुवाएर आफूचाहिँ कसरी हाँस्न, खुसी हुन सक्ने होला ? सन्तानकै लागि आफ्नो जीवन खिइयाउन सक्ने आमाको मन बुढेसकालमा सन्तानले दिने पीडाबाट कति जर्जर हुँदो हो ?

सन्तानले प्रगति गरून्, मान पाऊन् भन्ने हरेक आमाबुबाको चाहना हुन्छ । कतिपय आमाहरूको जीवन छोराछोरीको स्याहारसुसार र घरधन्दामै बित्छ । व्यवहार टारौं भन्दाभन्दै आमाहरूले आफ्ना स-साना रहर मारिरहेका हुन्छन् । घर छोडेर टाढा घुम्न-डुल्न जान भ्याएका हुँदैनन्, तर आफूले सक्ने भएपछि सम्भव भएका र पूरा गरिदिन सक्ने आमाका रहरहरू पूरा गरिदिने हो भने आमाहरूलाई कति सन्तोष मिल्दो हो ? आमाहरूले सधैं मलाई सबथोक पुगेकै छ, खुसी नै छु भन्छन् तर एकफेर सोधेर हेरौं त उहाँहरूका पनि खान मन लागेका कुरा होलान्, लाउन मन लागेका कुरा होलान्, डुल्न मन लागेका ठाउँ होलान्, गर्न मन लागेका कुरा होलान् ।

ठूलो भैसकेपछि कतिपय छोराछोरीले बा-आमा भाग लगाएर पाल्छन्, आमा मसँग बस्नुहुन्छ भन्छन्, त्यसो भन्नुको साटो म वा हामी आमासँग बस्छौं भन्यौं भने कति राम्रो सुनिन्छ ? के फुर्सद मिलाएर तपाईंले आफ्नी आमाको जीवन-कहानी सुन्नुभएको छ ? जति ठूलो भए पनि मौका परेका बेला आमाको काखमा सुत्नुस् त कति आनन्द आउँछ ? घरमा आमा हुनुहुन्छ भने बेला-बेलामा आमा तपाईंको इच्छा के छ भनेर सोधन नबिर्सनुस् है त !

facebook.com/abeeralthapa
Twitter@abeeralthapa

# फिसिङ र बोटिङले रन्कियो महोत्सव



जिल्लामै पहिलो पटक फिसिङसहित सञ्चालित महोत्सवमा आन्तरिक तथा विदेशी पर्यटकहरूले बेग्लै किसिमको रमाइलो गरे । ग्रामीण पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले इलामको सन्दकपुर-५, जमुनामा आयोजित पाँचौं ढापपोखरी महोत्सवमा आधा घण्टाको ३ सय रुपैयाँ तिरेर बल्छी खेल्ने व्यवस्था मिलाइएको थियो । ५५ रोपनी जमिनमा फैलिएको पोखरीमा डुंगा सवारी र घोड सवारी पनि धेरैको रोजाइमा पऱ्यो । पोखरी आसपासको चियाबारी क्षेत्र एवं रमणीय प्राकृतिक वातावरणले पनि थुप्रै आगन्तुकको मन तान्यो । महोत्सवको आकर्षणका रूपमा चर्चित कलाकारहरूको प्रस्तुति पनि रह्यो । उक्त महोत्सवमा गायक कुवेर राई, रोशन गुरुङ, कोमल निरौला, इन्द्र गुरुङ, डम्बर नेपाली, भेपेन गुरुङ आदिले सांगीतिक प्रस्तुति दिएका थिए । ऐतिहासिक व्यक्तित्व चन्द्रपाल थेवेको नाममा रहेको पर्यटन समितिले आयोजना गरेको महोत्सवमा इलामको युनिभर्सल कला केन्द्र तथा युनिक डान्स सेन्टरको प्रस्तुति पनि उत्कृष्ट रह्यो भने स्थानीय युवाहरूको ब्यान्ड 'कर्मठ'ले पनि दर्शकको मन जित्यो ।

विप्लव भट्टराई

# नुवाकोटको देउरालीमा प्याराग्लाइडिङ

नुवाकोट जिल्लाको म्यागङ गाउँपालिकाले संगम डाँडा तथा लोकिलमा प्याराग्लाइडिङ सुरु भएको छ । म्यागङ गाउँपालिका र वडा नम्बर-४ ले किम्ताङस्थित संगम डाँडा तथा म्यागङ गाउँपालिका वडा नम्बर-३ को लोकिलमा गरेको प्याराग्लाइडिङ परीक्षण सफल भएको थियो ।

गत महिना दुई दिन लगाएर ओपन स्काई प्याराग्लाइडिङ लेकसाइड पोखराको प्राविधिक सहयोगमा उक्त परीक्षण गरिएको थियो । गाउँपालिकामा स्वदेशी तथा विदेशी पर्यटकले प्याराग्लाइडिङबाट भरपुर मनोरञ्जन लिन सक्ने म्यागङ गाउँपालिकाको ४ नम्बरका वडाध्यक्ष कमल तामाङले बताए । उनले भने– किम्ताङको संगम र त्योभन्दा माथिल्लो डाँडा कुडगरगडमा समेत प्याराग्लाइडिङ गर्न सकिने प्राविधिकहरूले बताएका छन् ।

'किम्ताङको संगम र त्योभन्दा माथिल्लो डाँडा प्याराग्लाइडिङका लागि उपयुक्त छ,' ओपन स्काईका प्राविधिक नूर रानामगरले भने, 'यहाँका रूख र बुट्यान हटाउनुपर्छ । उता लोकिल अलिकति जोखिम पूर्ण छ ।' उक्त डाँडा २२ सय मिटरको उचाइमा छ । प्याराग्लाइडिङका लागि तल्लो भागबाट डाँडातर्फ हावाको बहाव चाहिने रानामगरले बताए ।

लोकिलमा छोटो एक फ्लाइट गरिएको थियो भने संगमबाट तल खेलमैदानसम्म दुई फ्लाइट परीक्षण गरिएको थियो । म्यागङ गाउँपालिकामा पर्यटक रम्न सक्ने धेरै स्थान भएको र त्यहाँ तामाङ संस्कृतिसमेत हेर्न पाइने गाउँपालिकाका प्रमुख आशा तामाङले बताए । त्यसका लागि म्यागङ गाउँपालिकाले त्रिशूली हुँदै एक रात बास बस्ने गरी पर्यटक आकर्षित गर्ने योजना बनाइरहेको छ ।

प्रदेश-३ र म्यागङ गाउँपालिकाको साझेदारीमा पर्यटन प्रवर्द्धन गर्ने कार्यक्रम ल्याइएको प्रदेश सांसद हीरानाथ खतिवडाले बताए । टुण्डी मैदान, म्यागङ, किम्ताङ, चामछप्पा मैदान, बुङताङको माईथान आदि स्थानलाई पर्यटकीय स्थल बनाउन गाउँपालिका लागिरहेको छ ।





तस्बिर : महेश प्रधान

# मजस्ती केटीसँग विवाह गर्ने केटा नेपालमै छैन

**शीतल दाहाल महिला स्वतन्त्रता र यौनका विषयमा निर्भीक कलम चलाउने युवापुस्ताकी लेखिका हुन् । उनका लेखहरूमाथि सोसल मिडिया तथा अनलाइनहरूमा चर्को बहस हुने गरेको छ । रत्नराज्य क्याम्पसबाट पत्रकारितामा स्नातकोत्तर गरेकी शीतल काठमाडौंको रामकोटमा जन्मिएकी हुन् । अहिले उनी हिरो मोटोकर्प नेपालकी मिडिया कोर्डिनेटरका रूपमा कार्यरत छिन् । शीतलसँग उनको लेखन, यौन जीवनसम्बन्धी धारणा, विवाह, नारी स्वतन्त्रता आदि विषयमा साप्ताहिकको कुराकानी :**

**पहिले खुबै लेख्नुहुन्थ्यो । अहिले उति देखिनुहुन्न, केमा व्यस्त हुनुहुन्छ ?**

मैले कहिल्यै चर्चित हुनका लागि लेखिनँ, सुधार्नका लागि लेखेँ । यो विषयमा लेख्यो भने सुधिन्छ भन्ने भएपछि लेखेँ । मसँग जुन विषयमा तथ्य हुन्थ्यो त्यसकै बारेमा लेखेँ । अहिले पनि लेख्नुपर्ने धेरै कुरा छन्, कति आधा लेखेर छाडेकी छु, तर सुधार्ने कुरा के छ भन्ने कुराको ठ्याक्कै जवाफ नभेटेर रोकेको हो । नत्र लेख्न त किन छाड्नु र ?

**चर्चित हुनका लागि लेख्दिनँ भन्नुभयो, तर तपाई लेखेरै चर्चित हुनुभएको हो नि ?**

हा हा हा (लामो हाँसो) । तपाईंहरूले मलाई चर्चित नै मान्नुहुन्छ भने त म चर्चितै हो ।

**लाखौंले तपाईंका लेख पढ्थे, कस्तो प्रतिक्रिया आउँथ्यो ?**

कैयौं प्रतिक्रिया त यस्ता पनि आउँथे, जसलाई म पढ्नै सक्दिन थिएँ । एकपटक 'मेरो जीवन, मेरो मर्जी' शीर्षकमा लेख लेखेकी थिएँ, जसमा मैले बच्चा जन्मियो भने पहिलो हक आमाको हुन्छ, बाबु भनेको त आमाले चिनाइदिने व्यक्ति हो भनेर लेखेकी थिएँ । उक्त लेखमा यति गाली आएको थियो कि म गाली पढ्दापढ्दै सिरियस भए, यतिसम्म सिरियस कि झन्डै फेड हुने अवस्था सिर्जना भयो । कतिसम्म भने मलाई मात्र होइन, मेरी आमा र बुबासमेतलाई गाली गरिएको थियो । मेरो साथीले तिम्रो काम लेख्ने हो, गाली पढ्ने काम तिम्रो होइन भनेर सम्झाएपछि बल्ल म नर्मल भए । उसले गालीबाट प्रभावित हुन्छौ भने तिमीले किन लेख्ने ? तिमीले आफ्नो लेखबाट अरूलाई प्रभावित तुल्याउने हो, यसरी सिरियस हुने होइन भनेर सम्झाएपछि म ठीक भए । त्यसपछि मैले कति धेरै लेख लेखे, तर कमेन्ट कहिल्यै पढिनँ । अहिले पनि म लेख लेख्छु, कमेन्ट पढ्दिनँ । लेख त म आफ्नो मर्जीले लेख्छु, गाली त उनीहरू आफ्नो मर्जीले गर्छन् । म उनीहरूको मर्जीको गाली किन खाउँ ? त्यसकारण अहिले म कमेन्ट हेर्दिनँ ।

**कतिपयले तपाईंको लेखनलाई सेक्सिलो लेखन भनेर कमेन्ट गर्छन् । आफैंलाई चाहिँ कस्तो लाग्छ ?**

सेक्स भन्ने कुरा म मेरो हरेक लेखमा आओस् भन्ने चाहन्छु । मेरो जीवनमा त्यो कुराको एकदमै महत्व छ । यदि त्यो कुरा बुझिएन भने मलाई जीवन अधुरो हो जस्तो लाग्छ । जब जीवन नै अधुरो हुन्छ जस्तो लाग्छ भने म एउटा लेख्न रुचाउने मान्छेले त्यो कुरालाई किन छुटाउँछु ? त्यसैले यो प्रश्नबाट मलाई झन प्रेरणा मिल्यो । मलाई सेक्सका बारेमा लेख्ने, खुल्ला कुरा गर्न चाहने मान्छे भनेर चिनाउनुभयो भने म त्यसलाई सगर्व स्वीकार गर्छु ।

**लेखनमा यौनलाई कलात्मक तरिकाले प्रस्तुत गर्नुहुन्छ ? कसरी सीप चल्छ ?**

(लामो हाँसो..) । हेर्नुस् जब कसैले त्यो कुरालाई सम्मानको साथ स्वीकार गर्छ र अनुभव हुन्छ नि तब त्यो मानिसले लेख्न सक्छ, भिड्न सक्छ । आफ्नो जीवनमा खत्रा राम्रो यौनसुख भोग गरेको छु, यौन शिक्षा पाएको छु, यौनको परिभाषा बुझेको छ भने अरूलाई पनि बुझाउन सक्छ । जब आफ्नै जीवनमा उसले कहिल्यै यौनसुख पाएको छैन, यौनको परिभाषा बुझेको छैन, यौन सन्तुष्टि पाएको छैन भने त्यो मानिसले न लेख्न सक्छ न त्यसको अनुभव भन्न सक्छ ।

**भनेपछि अनुभव र बुझाइले मानिसलाई लेखनमा परिपक्व बनाउने हो ?**

म यो शताब्दीको ३६ वर्ष पुगेकी केटी मान्छे हुँ । त्यसकारण तपाई मबाट यौनको अनुभवै पाएको छैन भन्ने अपेक्षा नगर्नुहोस् ।

**यौनका बारेमा गम्भीर खालका लेखहरू पनि लेख्नुभएको छ । त्यस्ता लेख लेख्ने कन्सेप्ट कसरी तयार गर्नुहुन्छ ?**

कन्सेप्ट फुर्नेभन्दा पनि म हरेक लेख सुधार्नका लागि लेखिरहेकी हुन्छु । एउटा लेख, 'सहभागिता हो यौन सम्बन्ध : गिभ एन्ड टेक' भन्ने थियो । मैले के भनेकी थिएँ भने सहभागिता त हो नै, साथै म्यासेज पनि के थियो भने अझै पनि लाखौं महिला छन्, जो लोग्नेसँग शारीरिक सम्बन्ध राख्न नचाहेको कुरा भन्न सक्दैनन् । नेपालमा मात्र होइन, दक्षिण एसियाकै महिलामा म एउटा योनि भएको वस्तु हुँ र मेरो लोग्नेले उपभोग गर्छ भन्ने छ । मैले नाइँ भन्न पाउँछु, नाइँ भन्न सक्छु, नाइँ भन्दाभन्दै पनि जबर्जस्ती गर्‍यो भने त्यसका लागि कानुन पनि छ भन्ने त धेरै परको कुरा हो । सम्मान गर्दा यसका राम्रा पक्षहरू पनि छन्, तर नेपालमा त एउटी स्वास्नीले आफ्नो लोग्नेसँग मन नलागेको भन्न पनि सक्दिनँ, यो कुरा सुधार हुनुपर्छ ।

**तपाई महिला अधिकार र यौनका सम्बन्धमा महिला–पुरुष बराबरी सहभागिताको एड्भोकेसी गर्नुहुन्छ । एउटी महिलाका लागि ड्रिम यौन जीवन कस्तो हो त ?**

ड्रिम यौन जीवनको परिभाषा म दिन सक्दिनँ, मलाई थाहा छैन । यो हरेक मानिसपिच्छे फरक–फरक होला । अहिलेको अवस्थामा नेपाली महिलाहरूका लागि मन नलागेको दिन लोग्नेसँग सुत्न नजान ऊ स्वतन्त्र हुनुपर्छ । जब ऊ स्वतन्त्र हुन्छे नि बल्ल त्यसपछि उसको ड्रिम के हो भन्ने कुरा आउँछ । जब कि यहाँ त सुत्नका लागि नै मन्जुरी छैन भने कसरी उसलाई मज्जा हुन सक्छ ? कसरी उसले प्लेजर पाउन सक्छे ?

**यौनजीवनका विषयमा कुरा गर्ने लजाउने हाम्रो जस्तो संकीर्ण समाजमा कमै महिलाले यौनमाथि कलम चलाउँछन् । तपाईंमा त्यो आँट कहाँबाट आयो ?**

म के भन्छु भने केटीमान्छे सबैभन्दा पहिले आफ्नो खुट्टामा उभिनुपर्छ, तबमात्र उसले आफ्ना बारेमा फैसला गर्न सक्छे । म गएको चार–पाँच वर्षदेखि लगातार लेखिरहेकी छु, कहीं म यौनका कुरा लेख्छु, कहीं महिला स्वतन्त्रताको कुरा । म किन लेख्न सक्छु भने म आफ्नै पैसाले भाडा तिरेको घरमा बस्छु, म बिहान उठेर आफूले कमाएको पैसाले ब्रेकफास्ट खान्छु, दिउँसो लन्च पनि आफ्नै पैसाले गर्छु । लक्किली मैले यो सब पाएँ । जब यौनका बारेमा लेख्नुपर्छ तब केटीमान्छेले झन् बढी कमाइ गर्नुपर्छ, यहाँ समाजले नचाहेको कुरा बोल्नु भनेको समाजबाट अस्वीकृत हुनु हो । अस्वीकृत हुनु भनेको सपोर्ट नहुनु हो । बुबाको इच्छाअनुसार नचल्दा उहाँले खर्च दिनुहुन्न । दाइले सपोर्ट गर्न छाड्छ, किनभने उसको इच्छा बहिनी एकदमै साधारण होस्, भनेको मानोस् अथवा घरपरिवारले रोजेको केटासँग खुरुक्क जाओस् भन्ने हुन्छ । म त गइनँ, बरु दाइहरूको जस्तै मलाई पनि अंश चाहिन्छ भनेर बसे भने दाइबाट पनि अस्वीकृत भए । त्यसकारण मैलेजस्तै लेख्न चाहने अथवा यौन र स्वतन्त्रताको विषयमा लेख्न चाहनेले त पैसा कमाउन अझ जरुरी छ । पैसा कमाउनु भनेको आफ्नो खुट्टामा उभिनु हो । जब मानिस आफ्नो खुट्टामा उभिन्छ भने उसले लेख्छ । मैले त यो कुराको सुख पाए, सुविधा पाए, ज्ञान पनि पाए मैले पाएको ज्ञान अरूलाई किन नदिने भन्ने कुराका बारेमा उसलाई चेतना हुन्छ र भन्न सक्छ, लेख्न सक्छ । आफ्नो खुट्टामा नउभिएका कुनै पनि केटीले सेक्स, स्वतन्त्रता र आफ्नो पार्टनरका बारेमा कुरा गर्न सक्दैनन् ।

**महिलाको यौन स्वतन्त्रता पनि आर्थिक आत्मनिर्भरतासँग जोडिएको छ भन्न खोज्नुभएको हो ?**

हो, एकदमै जोडिएको छ । आर्थिक आत्मनिर्भरता पनि शिक्षासँग जोडिन्छ । अहिले २४ वर्षमा त अनिवार्य रूपमा विवाह गर्नुपर्छ । विवाह गरेपछि सन्तान जन्मिन्छन्, त्यसपछि स्याहार्नुपर्‍यो । कुनै कम्पनीमा काम गरिरहेको छ भने त्यसमा ब्रेक लगाउनुपर्छ । परिवारले बच्चा पाइसक्यौ अब अफिस नजाऊ, तिम्रो श्रीमान्ले कमाइहाल्छ भनेर फकाइन्छ । त्यसपछि उनले भएको काम पनि छोड्छिन् । जानी/नजानी समाजले केटीमान्छेलाई अघि बढ्न दिँदैन, त्यस्तै केटीमान्छे पनि मलाई समाजले ठीकै गरेको त होला भन्ने भ्रममा बस्छन् । अहिले जे भैरहेको छ, न त्यसले केटीमान्छेलाई फाइदा गरेको छ न त केटाहरूलाई नै ।

**आफू यति खुल्ला हुनुहुन्छ, लेखनमा पनि त्यत्तिकै खुला भएर पोखिनुहुन्छ । विवाह नहोला भन्ने तनाव भएन ?**

हो, मेरो एक जना नजिकको साथीले एकदमै रिसाएर गाली गर्दै अब तेरो विवाह हुने सम्भावना जिरो भयो भन्नुभा'थ्यो । उहाँले यस्तो लेखिसकेपछि कसैले पनि तसँग विवाह गर्दैन भन्नुभा'थ्यो, तर विवाहका बारेमा म यति क्लियर थिए कि जो मलाई एउटा हेडलाइन देखेर विवाह गर्न आउँछ, त्योसँग मचाहिँ कहाँ विवाह गर्छु र म पनि विवाह गर्दिनँ । कमसेकम म त्यति लेख्दाखेरि पनि आफ्नो खुट्टामा उभिएकी थिए । हरेक लेखनमा आफ्नो खुट्टामा उभिएको छु भन्ने कुराले मलाई जाँगर दिन्थ्यो । मैले लेखिरहन सक्नुको कारण पनि त्यही हो ।

**तपाईंको लेखनका पाठक पुरुष बढी छन् कि महिला ?**

मेरो लेखनका पाठक पुरुषभन्दा बढी महिला छन् । केटीहरूले मलाई यति धेरै म्यासेज गर्छन् । त्यसमध्ये एउटी बहिनीले मलाई म्यासेज गर्नुभएको थियो, 'शीतल दिदी, म तपाईंलाई चिन्दिनँ तर मैले म्यासेज गरें । म तपाईंका आर्टिकलहरू पढ्छु, पढिसकेपछि अन्तिममा तपाईंभित्र म छु कि जस्तो लाग्छ ।' मैले त्यसको स्क्रिन सट नै राखेकी छु ।

**महिलाहरूको इमोसन कसरी टिपेर ल्याउनुहुन्छ लेखनमा ?**

मेरा साथीहरूमध्ये एक–दुई जनाको डिभोर्स भयो, एक–दुई जनाको वैवाहिक जीवन विवादमा बितिरहेको छ भने एक–दुई जना अविवाहित नै छन् । म त्यो सम्मिश्रणमा छु । उनीहरूको गन्थन–मन्थन सुन्दा मलाई सुधार्नुपर्ने धेरै कुरा छन् जस्तो लाग्छ । सुधार्ने प्रयास हुनु जरुरी छ जस्तो पनि लाग्छ । म एकदमै चेतनशील महिला हुँ । मसँग चेतना हुनु भनेको त्यसलाई म आफैंमा सीमित गर्नु हो जस्तो लाग्दैन, मसँग कुनै राम्रो कुरा छ भने मैले त्यो कुरा भन्नुपर्छ । अब भन्ने माध्यम लेखन नै हो । भाग्यले पाठकहरूले मन पनि पराइदिनुभयो । हामी नेपाली महिलाहरू कस्तो अवस्थामा छौं भने न हामी आफ्नो शरीरका बारेमा कुरा गर्न सक्छौं, न रहरका बारेमा । हामीलाई तेरो शरीर यस्तो हो, तैले यस्तो गर्नुपर्छ भनेर बताइएको छ ।

**नेपाली केटाहरूको मनस्थिति कस्तो पाउनुभएको छ ?**

एकदम दुःखद कुरा भन्नुपर्छ, मजस्ती केटीसँग विवाह गर्ने केटा नेपालमै छैनजस्तो लाग्छ मलाई ।

**साँच्चै त्यस्तो अनुभव गर्नुभएको हो ?**

अँ साँच्चै । त्यो खालको चेतना मैले नेपाली केटाहरूमा फेला पारेकी छैन । भेट्छु, केही मानिसहरू भेट्छु तर अझै सुधार्नुपर्नेछ । ऊ कही न कही अलमलिएको छ, मेरो कुरालाई लिएर ऊ अलमलिन्छ । एउटा केटा मसँग विवाहका लागि कुरा गर्न आएको थियो । उसको भनाइ यसअघि जे–जे भयो–भयो, अब लेख्न छोडिदेऊ न त भन्ने थियो । जुन कुरा म कल्पना पनि गर्न सक्दिनँ । मैले उसलाई फिर्ता पठाइदिए । यदि यही अवस्था रह्यो भने मलाई त के घाटा लाग्ला केटाहरूलाई नराम्रोसँग घाटा लाग्छ । भन्नुको अर्थ मसँग विवाह गर्नुपर्‍यो भन्ने होइन, तर उनीहरूलाई धेरै सुधार्नुपर्ने जरुरी छ ।

पृष्ठ ७ मा

पृष्ठ ६ बाट

**कस्तो यौन सम्बन्ध हुनुपर्छ ?**

मैले चाहेको साझेदारीपूर्ण यौन सम्बन्ध हो । त्यो पनि सहभागितापूर्ण अर्थात् साझेदारीमा हुने यौनसम्बन्धको कल्पना गरेकी हुँ मैले ।

**कस्ता केटाले तपाईंलाई तान्छ ?**

म चेन्ज भैरहन्छु । म १७ वर्षमा जसलाई मन पराउँथे, त्यो केटासँग बसेर अहिले चिया पनि पिउन चाहदिनँ, २४ वर्षमा जसलाई मैले मन पराएँ त्यसलाई हेर्न चाहदिनँ । २८ वर्षमा जसलाई मन पराए, त्योसँग छ-सात वर्षपछि मैले आएर कुरा गरें । यो बीचमा मैले चार-पाँच जना केटालाई मन पराएछु । १७ वर्षदेखि ३६ वर्षको १९ वर्षको ग्यापमा मलाई चार जना केटा मन परे । अहिले फर्केर हेर्दा १७ वर्षको उमेरमा मलाई जुन केटा एकदमै मन पर्थ्यो, जसलाई म लुकीलुकी हेर्थें, अहिले त्यो केटा मेरो अगाडि आए पनि हेर्न चाहँदिनँ । मलाई त्यो इच्छा नै छैन । १९ वर्षको अन्तरमा ममा यति धेरै चेन्ज आएकोछ भने अब म यस्तै खालको केटा मन पर्छ भनेर कसरी भनूँ ?

**तपाईंको ड्रिम ब्वाइ कस्तो हो ?**

मैले खाँटी कल्पना गरेको ड्रिम ब्वाइ त छैन, तर मलाई केटी मान्छेको अस्तित्व स्वीकार गर्ने पुरुष मन पर्छन् ।

**अस्तित्व भनेको के ?**

अस्तित्व भनेको शरीर मात्र होइन, उसको निर्णयलाई स्वीकार गर्ने केटा मन पर्छ । म अहिले पनि तिमी आफूलाई सुधार भन्नेसँग चिया पिउदिनँ । म ३६ वर्ष उमेर पुगेको, पढेलेखेको, जागिर खाएको अनि राम्रो चेतना भएको मान्छे हुँ । मलाई आज आएर कुनै पनि केटाले सुधार्न सक्दैन । उसले सुधार भन्छ भने ऊ गलत हो । म उसलाई भन्छु, तिमीलाई सुधार्नुपर्नेछ, तिम्रो मानसिकता गलत छ । मलाई मेरो अस्तित्व स्वीकार गर्ने पुरुष मन पर्छ ।

**शारीरिक सुन्दरताले आकर्षित गर्छ ?**

यसमा केटीमान्छे र केटामान्छेको भावना फरक हुन्छ । आजसम्म हामी केटी मान्छेले के बुझेका छौ भने केटामान्छेलाई केटी भए पुग्छ । केटाहरूले के भन्छन्, थाहा छैन । हामी सामान्यतः केटालाई केटी भए पुग्छ भन्छौं । मैले भनेको केटालाई केटी भएर पनि पुग्दैन, केटीलाई केटा भएर पनि पुग्दैन । प्रेम हुनुपर्‍यो, सम्मान हुनुपर्‍यो । एक-अर्काको प्रगतिमा रमाउन सक्ने हुनुपर्‍यो । त्यसपछि कुनै सम्बन्ध हुन्छ भने त्यहाँ शरीरको कुनै महत्व हुँदैन । त्यो दुई जनाबीचमा त आत्माको प्रेम हुन्छ । आत्माको मिलन हुन्छ, जब आत्ममिलन हुन्छ दाह्री भए/नभएको, अग्लोहोचो भन्ने प्रश्नै हुँदैन । मैले गर्ने प्रेममा त्यहीं हो । म कुनै केटाको अनुहार हेरेर प्रेम गर्ने केटी होइन, म आत्मालाई प्रेम गर्ने मान्छे हुँ ।

**विवाह कहिले गर्नुहुन्छ ?**

विवाहका बारेमा पनि मेरो आफ्नै धारणा छ । विवाह गराइने कुरा होइन, हुने



कुरा हो । विवाह बन्धन होइन । हाम्रो चलनमा जुन विवाह भन्ने संस्था छ, त्यसलाई करेक्सन गर्नुपर्छ । जबसम्म यो विवाह भन्ने संस्था सुधिँदैन, तबसम्म मलाई विवाह गर्ने इच्छा छैन र म गर्दिनँ पनि । मलाई विवाहका रूपमा चलिरहेको संस्थाप्रति भरोसा छैन । मलाई भरोसा हुन यो चलन सुधिनुपर्‍यो ।

**के सुधार आवश्यक छ विवाहमा ?**

विवाह कसैले गराइदिएर हुने कुरा होइन, विवाह आफैं हुने हो । ३२ वर्ष पुगेको केटालाई केटी खोजेर तपाईंले विवाह गराउन सक्नुहुन्छ ? त्यो उमेरको केटाले आफ्नो विवेकले जुन केटीसँग जीवन बिताउन चाहन्छ, जुन केटी मन परेको हुन्छ, जो केटी उसले स्वीकार गरेको हुन्छ त्यसैसँग विवाह हुने हो । नचिनेको मान्छेसँग साँझ गएर शारीरिक सम्बन्ध राख्ने हामी कस्तो संस्थामा बसिरहेका छौं ? अहिले पनि हाम्रो वरपर कसरी विवाह हुन्छ भने केटाकेटीले एकपटक भेटेका हुन्छन्, विवाहको फैसला बाबुआमाले गर्छन् । त्यसपछि इन्गेजमेन्ट हुन्छ । विवाहको रात गएर उनीहरू सँगै सुत्छन् । कसरी गर्न सक्छन् त्यस्तो ? विवाह भन्ने संस्थामा त्यही कुरा सुधार्नुपर्छ । जुन मानिससँग जिन्दगी बिताउनु छ, त्यो मान्छेलाई के मन पर्छ/के पर्दैन, साकाहारी हो कि मांसहारीजस्ता आधारभूत कुरा नसोधी राति त्यो मान्छेसँग गएर सुत्नुपर्छ र लुगा खोल्नुपर्छ । योभन्दा झुर कुरा के होला ? जुन मानिसलाई जिन्दगी बिताउनेको भावना थाहा छैन, जात, पढाइ, गोत्र मिलेको त हुन्छ तर सबैभन्दा मिल्नुपर्ने त मन हो, मन मिल्नुपर्‍यो नि । सबै कुरा मिलाउँछन्, तर मन मिल्ने नमिल्ने कसैलाई थाहा हुँदैन । हामीलाई विवाह भन्ने संस्था चाहिन्छ, तर सुधार गरिएको विवाह संस्था त चाहिन्छ ।

**मागी विवाह खारेज गर्नुपर्छ, लभ म्यारिजलाई प्रोत्साहन गर्नुपर्छ भन्ने हो ?**

मागी विवाहका फाइदा भनिदिनुहोस् न त, मैले लभ म्यारिजलाई प्रोत्साहित किन नगर्ने ?

**परिवारले उनीहरूको भविष्य सुनिश्चित गरिदिएको हो भनिन्छ नि त ?**

जसको वर्तमान नै राम्रो हुँदैन, उसको फ्युचर कसरी राम्रो हुन्छ ? त्यस्तो कुरा गरेर हुन्छ, हामीले त वर्तमानमा बाँच्न सिक्ने हो । वर्तमान राम्रो भएपछि पो भविष्यको योजना बनाउन सकिन्छ । विवाह गर्ने केटी-केटी कस्ता छन् एक-अर्कालाई थाहै छैन, उनीहरूले कसरी भविष्यको योजना बनाउँछन्, बरु अहिले पनि हामीभित्र छुवाछुत देखिन्छ । अहिले पनि बाहुनले क्षेत्रीसँग लभ गरेर विवाह गर्न झगडा गर्नुपर्ने अवस्था छ । हामी त जात हेरेर विवाह गर्छौं, बाउको सम्पत्ति हेरेर विवाह गर्छौं, केटाको सर्टिफिकेट हेरेर विवाह गर्छौं । केटी कति राम्री छे, कति लामो कपाल छ, कतिको सर्लक्क परेकी छे, भोलि घरमा आएर काम गर्न सक्छे कि सक्दिन जस्ता कुरा हेरेर विवाह गर्छौं । मेरी प्रेमिका हो, प्रेमी हो भनेर कसले खोजेको छ र ? यहाँ त लोग्नेस्वास्नी खोज्या छन् । घरपरिवार र गाउँले मिलेर विवाह गरिदिन्छन्, सँगै बस्छन्, अनि सन्तान हुन्छन् । हामीले जीवन नै कहाँ जिएका छौं, हामीले त केवल विवाह भन्ने संस्था जोगाइदिइरहेका छौं ।

**भनेपछि, नेपालीहरूको यौनजीवन खुसी छैन ?**

अहँ, म त देख्दिनँ । मेरो आँखाले सुख देख्दै देख्दैन, केवल निराशा मात्र छ ।




# पाँच मिनेटमै घरमा आउँछ ट्याक्सी




उपत्यका ट्याक्सी व्यवसायी तथा चालक सेवा समाजले प्रविधिको बढ्दो प्रयोगलाई अंगिकार गर्दै मोबाइल एप्समा आधारित सेवा दिने भएको छ। उपत्यकाका ५ हजारभन्दा बढी स्वरोजगार ट्याक्सी चालकहरूको समाजले आफ्ना यात्रुलाई प्रविधिमा आधारित हुँदै ट्याक्सी सेवा सुरु गर्न लागेको हो। समाजले मोबाइल एप्स इजीट्याक्सी नेपालमार्फत वैशाखको दोस्रो सातादेखि परीक्षणका रूपमा एप्समा आधारित ट्याक्सी सेवा प्रदान गर्न लागेको हो।

उपत्यका ट्याक्सी व्यवसायी तथा चालक सेवा समाजले सरकारद्वारा तोकिएको शुल्कमैसेवा दिने तयारी गरेको बताएको छ। समाजले हालको ट्याक्सी भाडा दरले ट्याक्सी सेवा संचालन गर्न कठिन भएको भन्दै भाडा वृद्धि गर्न सम्बन्धित निकायलाई अनुरोध गरेको पनि जनाएको छ।

हाल काठमाडौं उपत्यकामा मात्र सञ्चालन गरिने इजीट्याक्सी नेपाल एप्सको सेवाका लागि यात्रुले उक्त एप्स डाउनलोड गरेर आफूलाई दर्ता गर्नुपर्ने हुन्छ। यसका लागि कस्टमर लगइन रजिस्टर बनाइएको छ भने यात्रुले लगइन गरेपछि त्यसमा देखिने रियलटाइम म्यापमा आफू बसेको स्थानबाट जाने गन्तव्य छनौट गर्नुपर्छ।

यात्रुले एप्समा गरेको अनुरोधका आधारमा नजिक भएका ट्याक्सीचालकहरूले सोही एप्समार्फत उक्त अनुरोध स्वीकार गर्छन् र त्यसमा भएको यात्रुको मोबाइल नम्बरमा फोन गरेर यात्रु भएको स्थानमा पुगी सेवा उपलब्ध गराउँछन्। इजीट्याक्सी नेपाल एप्समार्फत यात्रुले लगइन गरेर अनुरोध गरेको पाँच मिनेटभित्रै यात्रुले ट्याक्सी सेवा प्राप्त गर्न सक्नेछन्।

उपत्यका ट्याक्सी व्यवसायी तथा चालक सेवा समाजका अध्यक्ष सानु पूर्वाछानेका अनुसार– 'हामीले यात्रुको सुविधालाई ध्यानमा दिँदै प्रविधिमैत्री ट्याक्सी सेवा संचालन गर्न लागेका हौं।' सफ्टवेयर कम्पनीको सहयोगमा तयार पारिएको एप्सबाट यात्रुले अनुरोध गरेपछि ट्याक्सीले यात्रु भएके स्थानमा पाँच मिनेटमै पुगेर सेवा दिने उनले स्पष्ट पारे। हालका लागि यात्रुले उक्त एप्समा लगइन गरेर यात्रा गर्दा नगदमै भुक्तानी गर्नुपर्नेछ भने छिट्टै डिजिटल वालेटमार्फत पनि भाडा भुक्तानी गर्न सक्ने सुविधा यसमा समावेश गरिनेछ।

इजीट्याक्सी नेपाल एप्समा उपत्यका ट्याक्सी व्यवसायी तथा चालक सेवा समाजका सबै सदस्य चालकहरू दर्ता हुनेछन् भने यात्रुले दिउँसो र राती दुबै सिफ्टमा सेवा प्राप्त गर्नेछन्। त्यसैगरी यो एप्समा आबद्ध चालक तथा यो एप्समार्फत सेवा लिने यात्रु दुबैको ५ लाख रुपैयाँको बिमासमेत गरिएको छ।

# चीन र भारतमा टेलिकमको प्रिपेड चल्ने




नेपाल टेलिकमको जीएसएम प्रिपेड मोबाइल चीन र भारत जाँदासमेत चलाउन सकिने भएको छ। कम्पनीले यसका लागि आवश्यक प्रिपेड अन्तर्राष्ट्रिय रोमिङ सेवा सञ्चालनमा ल्याएको छ। अब नेपाल टेलिकमका जीएसएम प्रिपेड मोबाइल प्रयोगकर्ताहरूले चीन वा भारत जाँदा आफ्नै मोबाइलबाट नेपालमा कल गर्न, नेपालबाट आएको कल उठाउन र एसएमएस पठाउन तथा प्राप्त गर्न सक्नेछन्। त्यसैगरी आफ्नै मोबाइलबाट चीन वा भारतका स्थानीय मोबाइल अपरेटरका नम्बरमा समेत कल गर्न सकिनेछ।

चीनमा हुँदा त्यहाँका स्थानीय टेलिकम अपरेटरको टेलिफोन वा मोबाइल नम्बरमा कल गर्दा प्रतिमिनेट ५० रुपैयाँ लाग्नेछ भने चीनबाट नेपालमा कल गर्दा प्रतिमिनेट ९० रुपैयाँ लाग्नेछ। त्यसैगरी नेपालबाट गरेको फोन कल उठाउँदा प्रतिमिनेट ५३ रुपैयाँ लाग्नेछ। भारतमा हुँदा त्यहाँका स्थानीय टेलिकम अपरेटरको टेलिफोन वा मोबाइल नम्बरमा कल गर्दा प्रतिमिनेट ३० रुपैयाँ लाग्नेछ भने भारतबाट नेपालमा कल गर्दा प्रतिमिनेट ३० रुपैयाँ लाग्नेछ। नेपालबाट गरेको फोन भारतमा उठाउँदा प्रतिमिनेट १४ रुपैयाँ लाग्ने बताइएको छ।

भारत वा चीनबाट नेपालबाहेक अरू देशमा कल गर्दा प्रतिमिनेट ३ सय ९७ रुपैयाँ लाग्नेछ। एसएमएसको हकमा चीनबाट नेपाल पठाउँदा प्रति एसएमएस ५४ रुपैयाँ तथा भारतबाट प्रति एसएमएस २४ रुपैयाँ लाग्नेछ। एसएमएस प्राप्त गर्न कुनै शुल्क लाग्नेछैन। यसका लागि थप धरौटी राख्नु पर्दैन, आफ्नो मोबाइलको ब्यालेन्सबाट यो सेवा प्रयोग गर्न सकिनेछ।

# बीएमडब्लूभन्दा महँगो टिभी

जापानी इलेक्ट्रोनिक्स कम्पनी सोनीले बीएमडब्लू कारभन्दा पनि महँगो टिभी बजारमा ल्याएको छ। ९८ इन्चको उक्त ८-के टिभीको मूल्य ७० हजार अमेरिकी डलर पर्छ। सोनीको मास्टर सिरिजको उक्त टिभी एन्ड्रोइड अपरेटिड सिस्टममा काम गर्ने पहिलो ८-के टिभी हो। यसमा एक्स-१ अल्टिमेट प्रोसेसर छ, जसले ८-के कन्टेन्ट प्ले गर्न सक्छ। यसमा होमकिट र एयरप्ले-२ जस्ता फिचर पनि उपलब्ध छन्। आगामी जुन महिनामा उक्त टिभी विश्वभर बिक्रीका लागि उपलब्ध हुने बताइएको छ।




# शाओमीले ल्यायो इलेक्ट्रिक कुचो

शाओमी विशेष गरी स्मार्टफोन निर्माता कम्पनीका रूपमा लोकप्रिय छ, तर हाल यसले लाइफस्टाइल प्रोडक्टसमेत उपलब्ध गराएर चर्चा बटुलिरहेको छ। हाले कम्पनीले वायरलेस कुचो अर्थात् एमआई वायरलेस ह्यान्डहेल्ड स्विपर बजारमा उतारेको छ। यसको मूल्य करिब १ हजार ६ सय रुपैयाँ छ। यसमा दुईवटा ब्रस छन् जसको सहयोगले घर सफा गर्न सकिन्छ। यसमा २ हजार एमएएचको ब्याट्री प्रयोग गरिएको छ र कुचोको तौल एक किलोग्राम मात्र छ। यसलाई एक पटक चार्ज गर्दा दुई घण्टासम्म लगातार चलाउन सकिने कम्पनीको दाबी छ। यसलाई कुनै पनि दिशामा घुमाउन सकिन्छ। यसले फोहोरलाई आफ्नो गार्बेज बक्समा जम्मा गरेर राख्छ।



# पहिलो पटक ब्ल्याक होलको तस्बिर सार्वजनिक




अन्तरिक्ष वैज्ञानिकहरूले पहिलोपटक 'ब्ल्याक होल' को तस्बिर सार्वजनिक गरेका छन्। इभेन्ट होराइजन टेलिस्कोप (ईएचटी) परियोजनामा सामेल वैज्ञानिकहरूले विश्वभरका ६ वटा दूरबिन उपयोग गर्दै उक्त तस्बिर लिएका हुन्। यसलाई अन्तरिक्ष विज्ञानमै ठूलो उपलब्धि मानिएको छ। यसअघि फिल्म, तस्बिर आदिमा देखाइने ब्ल्याक होलको तस्बिर काल्पनिक थियो।

आकाशगंगा 'एम ८७' मा ५ करोड ५० लाख प्रकाशवर्ष टाढा रहेको यो 'ब्ल्याक होल' को तस्बिरमा ग्यास र प्लाज्माको सुन्तला रङको प्रकाश निस्किरहेको देखिन्छ। ब्ल्याक होलको तस्बिर खिच्न अमेरिकाको म्यासाचुसेट्स इन्स्टिच्युट अफ टेक्नोलोजी तथा जर्मनीको म्याक्स प्लांक इन्स्टिच्युटको अगुवाइमा खगोल वैज्ञानिकहरूले विश्वभर फैलिएको रेडियो टेलिस्कोपको एउटा नेटवर्क तयार गरेका थिए। यसैलाई इभेन्ट होराइजन टेलिस्कोप परियोजना भनिन्छ।

ब्ल्याक होल धेरै शक्तिशाली गुरुत्वाकर्षण क्षेत्र भएको खगोलीय शक्ति हो। तान्ने क्षमताका कारण यसको नजिक गएका केही पनि बाँच्न सक्दैनन्। ब्ल्याक होलको चारैतिर एउटा सीमा हुन्छ। त्यो सीमालाई इभेन्ट होराइजन भनिन्छ। त्यसमा वस्तु झर्न त सक्छ तर फिर्ता आउन सक्दैन। त्यसैले यसलाई ब्ल्याक होल भनिएको हो। यसले आफू माथि पर्ने सबै प्रकाशलाई अवशोषित गरेर त्यसको सत्तामा केही परावर्तित गर्दैन।

# तौल घटाउने क्याप्सुल



सिंगापुरको नानयाङ टेक्नोलोजी युनिभर्सिटीले तौल घटाउन एउटा विशेष प्रकारको क्याप्सुलको विकास गरेको छ। इन्डोपिल नामक उक्त क्याप्सुल जनावरको शरीरको जेलाटिन मेटरियलबाट निर्माण गरिएको बताइएको छ। यसमा दुई तह हुन्छन्। पानीसँगै खाएपछि यसले पेटभित्र पुगेर आवश्यक प्रतिक्रिया देखाउँछ। हाल यसको परीक्षण सुँगुरमा गरिएको उक्त परीक्षणका क्रममा एक सातामै सुँगुरको वजन १ दशमलव ५ किलोग्राम घटेको पाइएको छ। आगामी दिनमा यसलाई मानिसमा समेत परीक्षण गरिने बताइएको छ। हाल उक्त क्याप्सुलको आकार १ सेन्टिमिटर छ र यसलाई अझ सानो बनाउने प्रयास भैरहेको छ।

KMG
KANTIPUR MEDIA GROUP

Citizens Bank International Ltd.
सिटिजन्स बैंक इन्टरनेसनल लि.
YOUR PARTNER FOR PROGRESS
Presents
KANTIPUR

# Half-Marathon 2019

In Association with NEPALLIFE | Hero

Powered by CENTURY SPICES AND SNACKS

## Anti-Pollution Run

A pledge to beat the plaguing pollution level.



जेष्ठ ११
२५ मे २०१९
शनिबार

Banking partner
Siddhartha Bank

Supported by NEPAL SBI BANK LTD. | Real Fruit Power | एभरेष्ट बैंक EVEREST BANK
Footwear partner SKECHERS
Medical partner SUMERU HOSPITAL
Speed partner CLASSIC TECH

# बिस्तारै छायो आँखामा अँध्यारो...



कृष्ण भट्टराई

बिस्तारै छायो आँखामा अँध्यारो सोमबार बिहान करिब दस बजेतिर पशुपति क्षेत्रमा रहेको विद्युतीय शवदाह गृहको परिसरमा झन्डै दुई दर्जन गायक-गायिका सामूहिक रूपमा यही गीत गाइरहेका थिए । उनीहरूको अघिल्तिर थियो संगीतकार बिजु बज्राको पार्थिव शरीर । करिब ४९ वर्षकै अल्पायुमा गत आइतबार दिउँसो यो धर्ती छोडेका संगीतकार बज्रालाई अन्तिम श्रद्धाञ्जली दिन भेला भएका संगीतकर्मीहरूले बज्राद्वारा संगीतबद्ध एउटा लोकप्रिय गीत त्यसरी प्रस्तुत गरेका हुन् । नरेशदेव पन्तद्वारा रचित उक्त गीतमा कर्णदासको स्वर छ । सांगीतिक क्षेत्रमा उक्त गीतलाई कालजयी मानिन्छ ।

यसअघि दुई पटक हृदयाघातको शिकार भैसकेका संगीतकार बज्रालाई गत आइतबारको तेस्रो हृदयाघातले भने अन्याय गऱ्यो । आफ्नै निवासमा आइतबार बिहान मोटरसाइकल स्टार्ट गर्ने क्रममा हृदयाघात भएपछि उनलाई परिवारका सदस्यहरूले नयाँ बानेश्वरस्थित सिभिल अस्पताल पुऱ्याएका थिए । यद्यपि, मध्याह्नसम्ममा उनले प्राण त्यागिसकेका थिए । विद्युतीय शवदाह गृहमा अन्त्येष्टि गरिनुअघि संगीतकार बज्राको सम्मानमा गायक, गायिका, गीतकार तथा संगीतकारहरूले माथि उल्लेखित गीत प्रस्तुत गर्दा उनीहरूका आँखा त रसाएकै थिए नै, उपस्थित सर्वसाधारणले समेत आफ्नो आँसु रोक्न सकेनन् ।

वास्तविक नाम बिजुप्रसाद बौद्धचार्य भए पनि उनी सांगीतिक क्षेत्रमा बिजु बज्राको नामले चिनिन्थे । २०२७ सालमा जन्मिएका बज्रा ६ दाजुभाइ तथा २ दिदी-बहिनीमध्ये माइला सन्तान हुन् । गुल्मीको बामी टक्सारमा जन्मिएका बज्राले गाउँमै आयोजना हुने राजनीतिक तथा सांस्कृतिक कार्यक्रमहरूमा भजन गाउँदै ४० को दशकदेखि सांगीतिक यात्रा प्रारम्भ गरेका थिए । कोपिला श्रेष्ठ कक्षपतिसँग वैवाहिक जीवनमा बाँधिएपछि उनको सांगीतिक यात्राले गति लिएको थियो । कोबिद बज्रा, विकेश बज्रा तथा रेबिका बज्राका पिता बज्राका जेठा छोरा कोविद पनि सांगीतिक क्षेत्रमै स्थापित हुने क्रममा छन् ।

बज्राले संगीतबद्ध गरेका करिब दसवटा गीति एल्बम प्रकाशित भैसकेका छन् । कोलाज, कन्फ्यूज, बलेसी, शिखर, ल्याप्चे, प्रेमपत्र, मैं ठूली भै छु रे (गायिका रेश्मा सुनुवारको एकल स्वर), न्यू एज, शिव लिला तथा अग्रता काली शीर्षकका एकल गीति एल्बममार्फत उनका संगीत सिर्जनाहरू दर्शक तथा श्रोतामाझ आइसकेका छन् ।

स्व.फत्तेमान राजभण्डारीको झरी परिरहयो, कर्णदासको बिस्तारै छायो, सुगम पोखरेलको तिमी मभन्दा कोसौं टाढा छौ, रेश्मा सुनुवारको मै ठूली भै'छु रे, आगन्तुक खरेलको कुन रंगको, प्रीति कौरको परेवाको जोडी, युवराज चौलागाईंको साँझ पख जब, मञ्जयाश्री भट्टको तिम्लाइ सम्झिएँ, टीका प्रसाईंको शिरको टोपी बन्दकी, आगन्तुक खरेलकै बयर बोटैमा, सुजाता सिटौलाको घुमाइ देउ, धर्मेन्द्र सेवानको मनै त हो आदि गीत बज्राका लोकप्रिय सिर्जना मानिन्छन् ।

आफ्ना शब्दमा धेरैवटा गीतलाई संगीतबद्ध गरेको स्मरण गर्दै गीतकार भूपेन्द खड्काले संगीतकार बज्राको निधनबाट सांगीतिक क्षेत्रले ठूलो क्षति बेहोरेको कुरा बताएका छन् । हिट्स म्युजिक एवार्ड, इमेज एवार्डसहित दर्जनौं एवार्डबाट पुरस्कृत संगीतकार बज्रालाई यसअघि २०७० सालको साउन तथा २०७१ सालको साउनमा गरी दुई पटक हृदयाघात भएको थियो ।

### रहेनन् दीपबिम

वरिष्ठ संगीत साधक तथा रचनाकार मदन दीपबिमको पनि हृदयाघातकै कारण अघिल्लो साता अमेरिकामा निधन भएको छ । इलाममा जन्मिएका दीपबिम पछिल्लो समय अमेरिकाको क्यालिफोर्नियामा बसोबास गर्दै



आएका थिए । दीपबिमले संगीतबद्ध गरेका गीतमध्ये के भूल भयो प्रिया, झस्केर दुख्छ यो मुटु मेरो, सुरिलो रुख त सल्लै हो आदि लोकप्रिय मानिन्छन् । दीपबिमले केही गीत पनि लेखेका थिए जसमध्ये 'भन्छन् कोही जिन्दगी यो कर्कलाको पानी...' लोकप्रिय मानिन्छ । नेपालमा छँदा उनी रेडियो नेपालका जागिरे समेत थिए । गायिका छोरी ममता दीपबिमसँगै अमेरिकामा बसोबास गर्दै आएका दीपबिम करिब एक महिनादेखि अस्वस्थ थिए । उनको अमेरिकामै अन्त्येष्टि गरिएको छ भने काजक्रिया नेपालमा गरिएको छ ।

# राजनराजका कीर्तिमानी गीत



गायक, गीतकार तथा संगीतकार राजनराज शिवाकोटीले स्वरांकन तथा संगीतबद्ध गरेका गीतहरूले दर्शकको मन जित्ने क्रम जारी छ । शिवाकोटीको दुई वर्षअघिको गीत 'कुटुमा कुटु' ले युट्युबमा कीर्तिमानी १० करोडभन्दा बढी भ्युज पाइसकेका छ । यसबीच संगीतकर्मी शिवाकोटीले आफूले सिर्जना गरेका गीतहरूको सूची सार्वजनिक गरेका छन्, जसमा युट्युब भ्युज पनि उल्लेख छ । शिवाकोटीका अनुसार हालसम्म उनका गीत कुल ३२ करोडभन्दा बढी पटक हेरिएको छ ।

| | | |
|---|---|---|
| कुटुमा कुटु | : | १० करोड ७ लाख |
| गोजीमा दाम | : | ४ करोड ३० लाख |
| पूर्व-पश्चिम रेल | : | ३ करोड ८७ लाख |
| सुर्के थैली खै | : | ३ करोड ३१ लाख |
| टाकान टुकुन | : | १ करोड ९६ लाख |
| सिओडब्ल्यू काउ | : | १ करोड ७६ लाख |
| चरी चट्ट | : | १ करोड ७४ लाख |
| उम्लियो भने पोखिन्छ | : | १ करोड ६१ लाख |
| चेप्टे चेप्टे पेरुङ्गो | : | १ करोड ३१ लाख |
| चिरबिर चिरबिर | : | ५३ लाख |
| ठेकीमा दही | : | ४३ लाख |
| कुकुकु लामकाने | : | ३५ लाख |
| तिरिमिरि तिरिमिरि | : | २० लाख |
| गुलेलीले | : | १४ लाख |
| कम्पनी माला | : | १४ लाख |

# गजल गायनमा आनन्द

आधुनिक, लोक तथा चलचित्रका गीतले दर्शकको मन जितिरहेका बेला गायक आनन्द कार्की भने गजलतर्फ आकर्षित भएका छन् । लामो समयपछि सुनिएको उक्त गजलको शीर्षक चुपचाप छौ तिमी...राखिएको छ । गीतकार सुदन डोटेलले रचना गरेका शब्दको उक्त गजललाई सरोज प्याकुरेलले संगीतबद्ध गरेका छन् । कम समयमै दर्शकको रोजाइमा परेको उक्त गजलको म्युजिक भिडियो समेत रोचक छ । अभिनेत्री सारिका घिमिरे तथा अभिनेता श्रीदेव भट्टराईसहित करिब एक दर्जन कलाकारले अभिनय गरेको उक्त भिडियोको निर्देशन संगीतकार प्याकुरेलले नै गरेका हुन् । गायक कार्कीले लामो समयपछि आफूले गाएको उक्त गजलका शब्द श्रोताहरूले मन पराएको प्रतिक्रिया दिएका छन् ।



केवल एक प्रश्न

# तपाईंलाई घत परेर हाँसेको क्षण कुन हो ?



केही समयअघि एक जना साथीले रमाइलो जोक्स सुनाउँदा निकै हाँसेको थिएँ । जोक्स यस्तो थियो : दुई जना राति जाँड खाएर बेहोस भएर नालीमा सुतेछन्, बिहान उज्यालो हुने बेला ब्युँझेछन् अनि एउटाले अर्कोलाई उठाउँदै ए उठ् न उठ् म घर जान्छु भनेछ अनि अर्कोले भनेछ– ढोका लगाएर जा चिसो-चिसो भो । यो जोक्स सुनेर म निकै हाँसेको छु ।

**नवराज पन्त, गीतकार**

क्याप्टेन चलचित्रको छायांकनका लागि काठमाडौंबाट झापा जाने क्रममा भुवन सर, दिवाकर दाइ अनि अनमोल र म प्लेनभित्र थियौं । त्यही क्रममा एयर होस्टेजले जुस लिएर आउनुभयो । जुस लिँदै अनमोलले निकै सिरियस भएर एयर होस्टेजसँग दिदी, यहाँ भात पाइन्छ भनेर सोधेको थियो । त्यो कुराले प्लेनमा हामी निकै हाँसेका थियौं ।

**उपासना सिंह ठकुरी, अभिनेत्री**

केही समय पहिलेको कुरा हो । अफिस जान निकै हतार भैरहेको थियो । त्यही हतारले गर्दा खुट्टामा दुई थरी मोजा लगाएर अफिस पुगेछु । त्यो देखेपछि मूर्च्छा पर्ने गरी हाँसेको थिएँ ।

**धीरज राई, गायक**

हुन त म धेरै नै हाँस्छु, हाँस्दा यति धेरै हाँस्छु कि मेरो हाँसो सुनेर वरिपरि रहेका सबै मानिस सबै छक्क पर्छन् । स्कुल पढ्दाका मेरा पुराना साथीहरूसँग भेट भएको समयमा त्यस्तै खालका कुराकानी हुन्छन्, जसले गर्दा धेरै हाँसिन्छ ।

**बाबु बोगटी, गायक तथा अभिनेता**

त्यस्तो क्षण त धेरै छन् । सानो छँदा मेरो एक जना साथी साइकलबाट लडेको थियो । त्यति बेला मेरो हाँसो निकै समयसम्म रोकिएन ।

**लक्ष्मी ठाकुर, हेयर स्टाइलिस**

कुरा केही दिन पहिलेको हो । एक जना मन्त्री फुटबल प्रतियोगिता उद्घाटन गर्ने क्रममा बल हान्दा भुइँमा पछारिनुभएको थियो । त्यो देखेर म निकै हाँसेको थिएँ ।

**थानेश्वर गौतम, गायक**

म धेरै हाँसिरहने मानिस भएकाले पनि त्यस्तो क्षणको सम्झना भएन । म धेरैजसो कमेडी फिल्म, कमेडी शो अनि ट्रोलहरू पढेर हाँस्छु । केही दिनअघि कपिल शर्मा शोमा शाहिद र कंगना गेस्ट भएको एपिसोड हेर्दा हाँस्दा-हाँस्दा आँखाबाट आँसु नै आएको थियो ।

**कविर खड्का, अभिनेता**

शंकर बीसीसँग भेट भएपछि सधैं घत पर्ने गरी हाँसेको हुन्छु ।

**बद्री पंगेनी, गायक**

केही समयअघि बुबाआमाले आफ्नो विवाहको कुरा सुनाउनुभएको थियो । बुबाको कुरा सुन्दा म निकै हाँसेको थिएँ । अहिले पनि कहिलेकाहीं त्यो कुरा सम्झना आउँछ अनि हाँस्छु ।

**दुर्गेश थापा, मोडल**

हाँस्न त धेरै कुरामा हाँसिन्छ । यद्यपि हाँस्नका लागि कोही कमजोर र निरीह पात्र चाहिने रै'छ । त्यो कुराले चाहिँ दुःख लाग्छ ।

**आशिष अविरल, संगीत संयोजक**

एक जना विशिष्ट व्यक्तिले विशेष कार्यक्रममा अंग्रेजीमा गरेको सम्बोधन सुन्दा निकै घत मानेर हाँसेको थिएँ ।

**मुकुन भुसाल, अभिनेता**



कहिलेकाहीँ कसैलाई ढाँटेको कुराले पनि मज्जाले हाँसो उठ्छ । केही समयअघि मात्र मलगायत हामी तीन जना कलाकार साथी जापानी एम्बेसी गएका थियौं । उताबाट आयोजकले स्पोन्सर लेटर मात्र पठाएका थिए । एम्बेसी जानुभन्दा पनि सबै डकुमेन्ट तयार गरेर फर्म र फोटो भर्ने ठाउँमा गयौं । त्यताका मान्छेले पहिले भिसा लेटर निकाल्नु त्यसपछि मात्र जानू भनेका थिए । हामीचाहिँ भिसा लाग्छ भनेर उनीहरूको कुरा नसुनी ढुक्क भएर एम्बेसीमा छिर्‍यौं, तर भित्रबाट हामीलाई भिसा पेपर चाहिन्छ भनेर फर्काइदियो । पछि फर्कने बेलामा त्यो फर्म भर्ने मानिसले भिसा लाग्यो त भनेर सोध्यो अनि म मज्जाले लाग्यो भनेर बाहिर निस्किएँ । त्यसपछि निकै हाँसो उठेको थियो ।

**राजेश बर्देवा, गायक**



यस्तो धेरै छ । हामी साथीहरू साइक्लिङका लागि गएका थियौं । त्यही क्रममा मेरो साइकलको चेन खुस्कियो । एक जना सिनियर व्यक्तित्वले पूरै दिनभर मेरो साइकल डोर्‍याउनुभयो । त्यतिबेला उहाँ एकदमै रिसाउनुभएको थियो, तर त्यो पूरा दृश्यले हामीलाई एकदमै हाँसो उठाइरहेको थियो ।

**लीना दुवाडी, सञ्चारकर्मी**

आत्मीय साथी वसन्त थापाको विवाहका क्रममा बाग्लुङ जाँदा बाटोमा अभिनेता राजेश हमाल, दिलीप रायामाझी, भुवन केसी एवं निर्देशक तथा मोडल शंकर बीसी दाइसँग भेट भएको थियो । त्यतिबेला उहाँहरूको जोक्स सुनेर लगातार १० मिनेटसम्म हाँसेको कुरा सम्झना आइरहेको छ ।

**याम क्षेत्री, गायक**

एसएलसी सकिएपछि साथीहरू मिलेर पुतलीसडकको फुच्चे रेस्टुराँ गएका थियौं । त्यहाँ एउटा साथीले अर्को साथी बस्ने बेलामा कुर्सी तानिदियो र साथी लड्यो । त्यतिबेला हामी आँखाबाट आँसु नै आउने गरी हाँसेका थियौं ।

**कृष्टिन पौडेल, अभिनेत्री**

केही दिनअघि मात्र सार्वजनिक भएको स्वतन्त्र गीतको एडिटिङको सिलसिलामा मैतीदेवीमा विकास धमलालाई मैले यो गीत ट्रेन्डिङमा त आउँछ, तर ट्रेन्डिङमा ५१ नम्बरमा आउने होला भन्दा निकै लामो हाँसो हाँसिएको थियो ।

**हेमन्त शर्मा, गायक**

मलाई घत परेर हाँसेको क्षण धेरै छन्, तर सम्झिनैपर्दा चाहिँ एउटा छ, मेरी आन्टी चिरिच्याट्ट परेर पार्टीमा जान घरबाट निस्किँदै हुनुहुन्थ्यो । अलिकति हिँडेपछि लडेर नयाँ लुगामा फोहोर लाग्यो । त्यति बेला निकै हाँसो उठेको थियो । त्यतिबेला म सानै थिएँ । अहिलेचाहिँ सामाजिक सञ्जालमा पाठकहरूले गर्ने टिप्पणी, विशेष गरी राजनीतिक लेखका टीका-टिप्पणी पढ्छु, त्यसले पनि निकै हँसाउँछ ।

**सुप्रिया कटुवाल, मोडल**

धेरै छ, हाम्रो नेपालको जुन राजनीतिमा छ त्यो देखेर जवर्जस्त घत पर्छ अनि हाँस्नैपर्‍यो नि ।

**भोलाराज सापकोटा, कलाकार**

सानैमा पौडी खेल्न जाँदा मेरो एक जना साथी खोलामा डुबेको थियो । त्यो साथी आफूजस्तो पौडी खेल्न जान्ने कोही पनि छैन भनेर धाक लडाउँथ्यो । ऊ खोलामा पौडी खेल्दा डुबेपछि मैले नै उतारेर बचाएको थिएँ । उसलाई खोलाको किनारमा ल्याएपछि भने खित्का छाडेर हाँसेको याद छ ।

**टेकेन्द्र शाह, भिडियो एडिटर**

बलिउड



# कामविहीन शाहरूख

बलिउडका सुपरस्टार शाहरूख खानका प्रशंसकहरू भारतमा मात्र होइन, संसारका कैयौं देशमा फैलिएका छन् । हालै उनी एक फिल्म फेस्टिवलमा भाग लिन चीन पुगेका थिए जहाँ शाहरूखका चिनियाँ प्रशंसकहरूले उनलाई जोडतोडका साथ स्वागत गरे । यो विशेष अवसरमा शाहरूखले आफ्नो अपकमिङ प्रोजेक्टमा बारेमा मुख खोले । चलचित्र 'जिरो'पछि आफ्नो अर्को प्रोजेक्टका बारेमा कुराकानी गर्दै शाहरूखले भने, 'मैले अहिलेसम्म अब अगाडि के गर्नेछु भन्ने केही तय गरेको छैन । अहिले मलाई लागिरहेको छ कि म केही महिना छुट्टी लिनेछु । त्यसपछि तय गर्नेछु मैले के गर्नुपर्छ ?' उनले अहिले आफूसँग गर्नका लागि केही नभएको पनि बताए । शाहरूख भन्छन्, 'यदि त्यस्तो कुनै अफर आयो भने म जरुर काम गर्नेछु ।' सन् २०१८ मा उनको चलचित्र 'जिरो' प्रदर्शनमा आएको थियो ।

उक्त चलचित्रमा शाहरूखसँगै कटरिना र अनुष्का शर्माले पनि अहम् भूमिका निर्वाह गरेका थिए, तर जिरोले बक्स अफिसमा खासै कमाल देखाउन सकेन । त्यसपछि शाहरूख कुनै पनि प्रोजेक्ट साइन गर्न हतार गरिरहेका छैनन् ।

# सलमानले कपिललाई सुधारे



कपिल शर्मा तेज गतिमा सफलताको सिँढीमा उक्लिए अनि त्यही गतिमा तल झरे । मादक पदार्थ सेवन, झगडा एवं ईर्ष्याको आगोले उनी स्वयंलाई नोक्सान गर्‍यो । मानिसहरूलाई हँसाउने व्यक्ति आफैभित्र यति कमजोर हुनु आश्चर्यको कुरा थियो । एकपटक फेरि कपिल शर्मा आफ्नो शो लिएर हाजिर भएका छन् र आफ्नो पुरानो लोकप्रियता फर्काउने प्रयास गरिरहेका छन् । द कपिल शर्मा शोमा कपिलका पुराना साथी कृष्णा अभिषेक, किकु शारदा, भारती सिंह पनि छन् । शोमा कपिल बदलिएका जस्ता देखिन्छन् । केही महिना पहिलेसम्म कपिल आफ्नो शोमा अभिनेत्रीहरूसँग टाँसिने बाहना खोजिरहेका हुन्थे । महिलाका बारेमा उटपट्याङ कुरा बोल्थे । दर्शकको पनि मजाक उडाउँथे । उनको कार्यक्रमको स्तरलाई लिएर पनि पर्याप्त आलोचना हुने गरेको थियो । अहिले भने कपिल शर्मा आफ्नो शोमा संयमित देखिन्छन् । उनी सीमामा रहेर काम गरिरहेका छन् भने आफ्ना कलाकार सहकर्मीहरूलाई समय दिन थालेका छन् । कपिलले आफ्ना उटपट्याङ गतिविधिमा समेत लगाम लगाएका छन् । शोमा अब केही नयाँ पाहुना देखिन थालेका छन् । शोको प्रोड्युसरका रूपमा सलमान खानको नाम छ । सलमान आफ्नो चलचित्र पूरा परिवारले एकसाथ हेर्न सकून् भन्ने कुरामा ध्यान पुर्‍याउँछन् । सलमानले यही परम्परा टिभी शोमा समेत कायम राखेका छन् । निर्माताका रूपमा सलमान यति ठूलो नाम हुन् कि जोसँग कपिल पनि डराउँछन् । त्यसकारण पनि सलमानले कपिलको उटपट्याङ शैलीमा लगाम कसिएको छ ।

# हलिउड रिमेकमा परिणीति

अभिनेत्री परिणिति चोपडा हलिउडको थ्रिलर चलचित्र 'द गर्ल अन द ट्रेन'को हिन्दी रिमेकमा देखिने भएकी छिन् । निर्माण पक्षले गत साता यो कुराको जानकारी दिएको हो । हलिउडको चलचित्रमा यो भूमिका एमिली बलन्टले निर्वाह गरेकी छिन् । उक्त चलचित्रको उत्कृष्ट भूमिकाका लागि सन् २०१६ मा एमिलीको प्रशस्त चर्चा भएको थियो । परिणितिले यो चलचित्रमा दर्शकले आफूलाई अलग रूपमा देख्ने बताएकी छिन् । चोपडा भन्छिन्, 'दर्शकले मलाई पहिले नदेखेको भूमिकामा देख्नुहुनेछ । यसका लागि मैले पर्याप्त तयारी र होमवर्क गर्नुपर्नेछ । 'द गर्ल अन द ट्रेन' वास्तवमा मेरो रोजाइ हो । यो ड्रंक्स र दुर्व्यवहारको सिकार भएकी एक महिलाको कथा हो र मैले यस प्रकारको भूमिका पर्दामा निर्वाह गरेकी छैन ।' यो चलचित्रको शीर्षक तय गरिएको छैन भने यसको निर्देशन रिभु दासगुप्ताले गर्दैछन् ।





# प्रोड्युसर कटरिना

बलिउड अभिनेत्री कटरिना कैफले कन्टेन्ट डेभलप गर्न आफू सधैं उत्साहित हुने कुरा बताएकी छिन् । उनले आफू फिल्म प्रोड्युसर बन्न चाहेको खुलासासमेत गरेकी छिन् । टेलिभिजनको एक शोमा कटरिनाले फिल्म प्रोडक्सनमा आफ्नो रुचि तथा सोचलाई लिएर कुराकानी गरिन् । अभिनेत्रीका रूपमा कटरिनाका जबरजस्त फ्यान फलोइङ छ । शोकी होस्ट अनाइता श्राफ अदाजानियाले भविष्यको योजनाका सम्बन्धमा प्रश्न गरेपछि कटरिनाले आफू प्रोड्युसर बन्न चाहेको कुरा बताएकी थिइन् । अनुष्का शर्मा र दीपिका पादुकोणलाई निजी प्रोडक्सन हाउसका लागि बधाई दिँदै कटरिनाले भनिन्, 'कन्टेन्टको विकासका लागि म उत्साहित रहन्छु, म निर्माता बन्न चाहन्छु र जिम्मेवारी लिन चाहन्छु ।' कटरिना सलमान खानको चलचित्र 'भारत'मा देखिँदै छिन् । यसलाई अलि अब्बास जफरले निर्देशन गरेका छन् । यो चलचित्र सन् २०१४ मा आएको साउथ कोरियन फिल्म 'ओड टु माई फादर'को अफिसियल रिमेक हो । 'भारत'पछि कैटरिना निर्माता रोहित सेठ्ठीको चलचित्र 'सूर्यवंशी'मा देखिँदैछिन् जसमा उनले अक्षयकुमारसँग स्क्रिन सेयर गरेकी छिन् ।

फटाफट

# अझै हाँस्न पुगेन भन्ने गुनासो छ

स्टेज तथा टेलिभिजन कार्यक्रमदेखि चलचित्रको पर्दासम्म उत्तिकै सक्रिय र लोकप्रिय कलाकार हुन्- जितु नेपाल । सांस्कृतिक कार्यक्रमका क्रममा स्वदेशदेखि विदेशसम्म पुग्न भ्याइरहने यी अभिनेता पछिल्लो पटक नेपाल टेलिभिजनबाट प्रसारण भैरहेको रमाइलो कार्यक्रम "मुन्द्रेको कमेडी क्लब" का कारण चर्चामा छन् । कार्यक्रमले अघिल्लो साता प्रसारणको २५ औं भाग पूरा गरिसक्दा यसले दर्शकमाझ बेग्लै पहिचान बनाउँदै गएको छ । दीपकराज गिरीसँग चलचित्र छ माया छपक्कैको स्क्रिप्ट लेखनमा समेत सक्रिय जितु जेठको पहिलो सातादेखि यही चलचित्रको छायांकनमा सक्रिय हुँदैछन् । जितुसँग साप्ताहिकको फटाफट :



जितु नेपाल, अभिनेता

**मुन्द्रेको कमेडी क्लबको सफलतालाई कसरी मूल्यांकन गर्नुहुन्छ ?**
यो कार्यक्रम सफल बनाउने सबैभन्दा महत्वपूर्ण व्यक्ति दर्शकहरू नै हुनुहुन्छ । सर्वप्रथम म उहाँहरूलाई धन्यवाद दिन चाहन्छु । यसको सफलतालाई हामी करिब २५ जनाको टिमको सामूहिक सफलताका रूपमा पनि लिएको छु ।

**यो कार्यक्रम प्रारम्भिक चरणमा यतिको सफल होला भन्ने लागेको थियो ?**
नढाँटी भन्नु पर्दा मैले एक प्रकारको रिस्क नै मोलेको हुँ । नयाँ स्वादको कार्यक्रमलाई दर्शकले कसरी लिनु होला भन्ने चुनौती थियो । २५ भागसम्म पुग्दा दर्शकले जुन प्रकारको साथ र माया दिनुभएको छ, त्यसले हामीलाई थप उत्साहित बनाएको छ ।

**कतिपयले यसलाई विदेशी कार्यक्रमको नक्कल पनि भन्दैछन् नि ?**
नक्कलभन्दा पनि प्रभावित भएको भन्ने प्रतिक्रिया सुनिरहेका छौं । हामी त सीमित स्रोत र साधनमा विदेशी टेलिभिजन जत्तिकै गुणस्तरको नेपाली कार्यक्रम तयार पार्न सफल भएकोमा खुसी पो मानिरहेका छौं ।

**कति एपिसोडपछि यो कार्यक्रम लोकप्रिय हुन थालेको महसुस हुन थाल्यो ?**
कार्यक्रमका अघिल्ला दुई श्रृंखला सामान्य थिए । तेस्रो तथा चौथो भागसम्म आइपुग्दा दर्शकले यो कार्यक्रमप्रति रुचि देखाउन थाल्नुभयो । मिस नेपाल श्रृंखला खतिवडालाई प्रस्तुत गरेको एपिसोडपछि भने यसले वास्तवमै लोकप्रियता हासिल गरेको अनुभव गर्‍यौं ।

**लोकप्रियताको मापन कसरी गर्नुहुन्छ ?**
अहिले त सजिलो छ नि । युट्युबको ट्रेन्डिङ नम्बर एकमा आएपछि लोकप्रिय भएकै मानिन्छ । त्यसबाहेक दर्शकहरूले दिने प्रतिक्रियाका आधारमा पनि हामी सफल भैरहेका छौं जस्तो लाग्छ ।

**दर्शकका गुनासा पनि आउँछन् कि ?**
गुनासा त कति आउँछन् कति । अझै हँसाउन पुगेन भन्ने गुनासा बढी आउँछन् । दर्शकको गुनासोप्रति ध्यान दिँदै हामीले सकेसम्म हँसाउने प्रयास गरिरहेका हुन्छौं ।

**कार्यक्रमको तयारीका क्रममा समस्या चाहिँ के-कस्ता आइरहेका छन् ?**
हामीलाई सबैभन्दा समस्या त छायांकनस्थलको नै छ । अहिले हामी पर्यटन बोर्डको सभा भवनमा सेट लगाएर छायांकन गरिरहेका छौं तर त्यहाँ विभिन्न कार्यक्रमहरू आयोजना भैरहने हुनाले हामीले स्थायी स्टुडियोको अभाव महसुस भैरहेको छ ।

**अबको योजना के छ ?**
कार्यक्रमलाई ५२ भागसम्म पुर्‍याएर केही समय विश्राम लिने कि भन्ने सोच छ । त्यसबाहेक सामाजिक क्षेत्रका व्यक्तित्वहरूलाई पनि निम्त्याउने योजना छ । दोस्रो सिजनका लागि भने एउटा विशेष स्टुडियो तथा सेट बनाएर छायांकन गराउने योजना बनाउँदैछौं ।

**कार्यक्रमको सबैभन्दा झन्झटिलो पक्ष के लाग्छ ?**
सबैभन्दा समस्याचाहिँ कार्यक्रममा सहभागी हुने अतिथिको छनौट नै रहेछ । त्यसबाहेक छायांकनस्थलको अभावमा हामीले एकै दिन दुई-तीनवटा एपिसोड छायांकन गरिरहनु परेको छ ।

**अभिनय र कमेडी क्लबको प्रस्तुतिमा कुन सहज ?**
सहज त दुवै होइनन् तर म दुवै काममा उत्तिकै रमाएको छु ।

**चलचित्र छ माया छपक्कैमा कस्तो भूमिकामा प्रस्तुत हुँदै हुनुहुन्छ ?**
सह-निर्माताका रूपमा समेत सहभागी भएको यो चलचित्रमा म हिरो (दीपकराज गिरी)को साथीको भूमिका निर्वाह गर्दैछु ।

मेरो मूल्यांकन




# बुवालाई निर्देशन गर्ने हिम्मत जुटेन

करिब दुई दशकअघि निर्माण भएको चलचित्र अंगरक्षकमा "क्ल्याप ब्वाइ" अर्थात सहायक निर्देशकका रूपमा चलचित्र क्षेत्रमा प्रवेश गरेका सूदन केसी चलचित्र निर्देशकका रूपमा डेब्यु गर्दैछन् । यो अवधिमा उनले जीवन रेखा, परें नि माया जालैमा, तिम्रो माया ९९ मेरो माया १००, रिमेम्बर मि (विदेशी), लभ यु, शत्रुगते आदि चलचित्रमा सहायक निर्देशकका रूपमा काम गरे । एक दर्जनभन्दा बढी म्युजिक भिडियो निर्देशन गरेका केसीले थुप्रै इभेन्टसमेत आयोजित गरिसकेका छन् । लोकप्रिय हास्य कलाकार किरण केसीका छोराका रूपमा भन्दा पनि निर्देशकका रूपमा चिनिन थालेका सूदनले मह सञ्चारको पछिल्लो चलचित्र "दाल भात तरकारी" मार्फत निर्देशकका रूपमा पदार्पण गर्न लागेका हुन् । निर्देशक केसीले आफ्नो निर्देशनमा अभिनय गर्ने केही कलाकारको मूल्यांकन यसरी गरेका छन् :

**मह जोडी**
मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यको कामको मूल्यांकन गर्नु आफैंमा चुनौतीपूर्ण छ । म लामो समयदेखि उहाँहरूको निकटमा रहेर काम गरिरहेको छु । चलचित्र दाल भात तरकारीको छायांकनका क्रममा मैले उहाँहरूबाट यसअघि नसिकेका कुरासमेत सिक्ने मौका पाएँ । सहायक निर्देशकका रूपमा काम गर्दा खासै अफ्ट्यारो लागेको थिएन, निर्देशककै रूपमा उहाँहरूलाई निर्देशन गर्दा सुरु-सुरुमा नर्भस समेत भएँ ।

**निरुता सिंह**
सहायक निर्देशकका रूपमा मैले जति पनि चलचित्रमा काम गरेँ, त्यतिबेला निरुता सिंह बाहेक बाँकी सबै अभिनेत्रीसँग काम गरिसकेको थिएँ । म उहाँलाई प्रायः बुहारीको भूमिकामा प्रस्तुत गरिएको देख्थें । यो चलचित्रमा भने मैले उहाँलाई बिल्कुलै फरक चरित्रमा प्रस्तुत गरेको छु । उहाँलाई निर्देशन गर्न पाउँदा मैले आफूलाई भाग्यमानी मानेको छु ।

**पुष्प खड्का**
नयाँ पुस्ताका अभिनेतामध्ये पुष्प खड्कामा भिन्न प्रकारको ट्यालेन्ट छ । उनी अभिनयमा मात्र होइन नृत्य र द्वन्द्वमा पनि उत्तिकै पारंगत छन् । दृश्यका बारेमा एक पटक बुझाएपछि उनी त्यो कुरालाई सहजै निर्वाह गर्न सक्ने क्षमता राख्छन् ।

**वर्षा राउत**
वर्षा राउतका बारेमा मैले जे-जति राम्रा कुरा सुनेको थिएँ, यो चलचित्रमा अभिनय गर्ने क्रममा त्यो भन्दा बढी पाएँ । आफूलाई दिइएको चरित्र सहजै निर्वाह गर्न सक्ने उनको क्षमताको प्रशंसा गर्नैपर्छ ।

**आँचल शर्मा**
मैले आँचलसँग यसअघि चलचित्र शत्रुगतेमा काम गरिसकेको थिएँ । त्यसैले दोस्रो चलचित्रमा उनीसँग काम गर्दा थप सहज अनुभव गरें ।

**किरण केसी**
बुवा हुनु भएकाले उहाँलाई निर्देशन गर्न चाहिँ मलाई निकै असहज भयो । आफ्नै बुवालाई कसरी अभिनय सिकाउने जस्तो पनि भयो । त्यसैले जब-जब बुवाको सट आउँथ्यो, म मुख्य सहायक निर्देशकहरूलाई सबै कुरा सम्झाउन भन्थें । मचाहिँ अन्तिममा काम ठीक भयो कि भएन भनेर मात्र हेर्थें ।

**राजाराम पौडेल**
उहाँसँग पनि लामो समयदेखि काम गरिरहेकाले होला, निर्देशन गर्न खासै असहज महसुस गरिनँ ।

**विल्सन विक्रम राई**
यो चलचित्रमा उनले तक्मेबुढाकै गेटअपमा अभिनय गरेका छन् । अरू बेला सबैलाई हँसाई रहे पनि कामका बेला गम्भीर हुने राईको स्वभावबाट म प्रभावित छु ।

**रविन तामाङ**
उहाँलाई म अभिनेताभन्दा पनि गायकका रूपमा चिन्थें । मैले उहाँका केही म्युजिक भिडियो पनि निर्देशन गरिसकेको छु भने उहाँका केही कन्सर्टसमेत आयोजित गरिसकेको छु । त्यसैले यो चलचित्रमा उहाँलाई निर्देशन गर्दा मैले सहजतामात्र महसुस गरिनँ, खुसी हुने मौकासमेत पाएँ ।

प्रस्तुति : कृष्ण भट्टराई

विकेन्ड ग्यालरी

# आजदेखि फोटो सिन्धुली



नेपाल पर्यटन बोर्डले आयोजना गर्दै आएको 'फोटो नेपाल' श्रृंखलाअन्तर्गतको तस्बिर प्रदर्शनीको नयाँ श्रृंखला आज शुक्रबार प्रारम्भ हुँदैछ । यो श्रृंखलाको शीर्षक 'तस्बिरमा सिन्धुली' राखिएको छ । सिन्धुली जिल्लाको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले समृद्ध सिन्धुली अभियानले एक हप्ता लामो यो फोटो प्रदर्शनीको आयोजना गर्न लागेको हो । प्रदर्शनीमा सिन्धुलीको जनजीवन, प्राकृतिक सौन्दर्य, जीवनशैली, संस्कृति, धार्मिक तथा ऐतिहासिक सम्पदा आदि झल्कने ३५ वटा तस्बिर समावेश गरिने प्रदर्शनीका संयोजक दीपक श्रेष्ठले बताएका छन् । सिन्धुलीका दुई ऐतिहासिक स्थल सिन्धुलीगढी तथा हरिहरपुरगढीलाई तस्बिरमा देख्न सकिनेछ । यसका साथै सिन्धुलीको मौलिक उत्पादन जुनार एवं पर्यटकीय मार्गका रूपमा रहेको बीपी मार्गका सुन्दर तस्बिर पनि प्रदर्शनीमा राखिनेछन् ।

विकेन्ड ब्यान्ड

# ठमेलमा कर्मा ब्यान्ड



कर्म ब्यान्डका प्रशंसकहरूलाई खुसीको खबर । यो चर्चित सांगीतिक ब्यान्डले भोलि शनिबार र पर्सि आइतबार बेलुका ठमेलस्थित क्लब फरेनहाइटमा धमाका मच्चाउँदैछ । यो कार्यक्रम बेलुका ६ बजे प्रारम्भ हुने क्लबले जानकारी दिएको छ ।

विकेन्ड कन्सर्ट

# रेडियो अन ह्विल्स




रेडियो कान्तिपुरको प्रस्तुतिमा आज शुक्रबारदेखि देशव्यापी सांगीतिक यात्राको कार्यक्रम 'रेडियो अन ह्विल्स' को थालनी हुँदैछ । सानिमा लाइफ इन्स्युरेन्सको मुख्य प्रायोजनामा आज धरानबाट प्रारम्भ हुन लागेको उक्त सांगीतिक कार्यक्रममा गायिकाहरू कुन्ति मोक्तान तथा टिका प्रसाईंको साथमा गायक कमल खत्रीले समेत प्रस्तुति दिनेछन् । रेडियो कान्तिपुरका विभिन्न आरजेहरूले सञ्चालन गर्ने उक्त कार्यक्रम भोलि शनिबार इटहरी तथा दमकमा पनि सञ्चालन गरिनेछ । पर्सि आइतबार बिर्तामोडमा आयोजना हुने यो कार्यक्रम सोमबार विराटनगरमा तथा बुधवार वीरगन्जमा सञ्चालन हुनेछ । अर्को शुक्रबार नारायणगढमा सञ्चालन हुने यो कार्यक्रम वैशाख २८ गते बुटवलमा, वैशाख ३० गते नेपालगञ्जमा, जेठ १ गते धनगढीमा, जेठ ३ गते सुर्खेतमा, जेठ ५ गते पोखरामा तथा जेठ ७ गते मंगलबार पोखरामा सञ्चालन हुने रेडियो कान्तिपुरका स्टेसन मेनेजर दिनेश डिसीले जनाएका छन् ।

विकेन्ड फुड

# भट्टीको स्वादिलो पिज्जा



इटालियन परिकार पिज्जाका पारखीहरूलाई मध्यनजर गर्दै बुटवलमा पिज्जा प्लाजा क्याफेले सेवा शुभारम्भ गरेको छ । क्याफेमा पिज्जाका १५ स्पेसल भेराइटी उपलब्ध हुनेछन् । पिज्जाको वास्तविक स्वाद दिने गरी भट्टीमा पिज्जा तयार गरिने सञ्चालक सूर्यप्रसाद खरेलले बताए ।

क्याफेको स्वागतद्वारमै आकर्षक र आधुनिक भट्टी छ जहाँ पिज्जा तयार गरिन्छ । बुटवलवासीका लागि यस्तो भट्टी नौलो र नयाँ सेवा हो । अहिले नेपाली युवाहरू स्वदेशमै लगानी गर्न आकर्षित छन् । यस क्रममा काठमाडौंबाहिर विराटनगर र बुटवलमा पिज्जा पारखीको मागलाई ध्यानमा राखेर यस्ता क्याफे सञ्चालनमा ल्याइसकिएको छ । चार जना युवा सूर्यप्रसाद खरेल, कृष्णप्रसाद पौडेल, हरि ज्ञवाली र कृष्णप्रसाद बेल्बासेले यो पिज्जा प्लाजा क्याफे सञ्चालनमा ल्याएका हुन् । करिब १ करोड ५० लाखको लागतमा लिजको १ कट्ठा क्षेत्रफलमा पूर्वाधार निर्माण गरिएको छ ।

अहिले पिज्जा प्लाजामा पारखीहरूको भीड लाग्ने गरेको छ । पिज्जासँगै यहाँ खाजाका अन्य सबै आइटम उपलब्ध हुन्छन् । इटालियन नास्ता पिज्जा, पास्ता, कफी, म:म, चिसो, तातोका सबै परिकार यहाँ उपलब्ध छ । क्याफेमा दैनिक लाइभ संगीतसँगै पेय पदार्थ तथा हुक्काको आनन्द उठाउन सकिन्छ । यहाँ चार जना कुकसहित १६ जनाले रोजगारी पाएका छन् ।

स्वस्तिक श्रेष्ठ

विकेन्ड फेस्टिवल

# अमेरिकामा नेपालीको पिकनिक



अरू बेला सितिमिति भेटघाट गर्न मुस्किल । सबै आ-आफ्नो काममा व्यस्त । बिदाको समयदेखि नेपाली चाडपर्वहरूमा नेपालीहरूमाझ भेटघाटसँगै मनोरञ्जनका लागि अमेरिकामा पिकनिक संस्कृति मौलाउँदै गएको छ । जाडोको तुलनामा अहिलेको गर्मीमा पार्कलगायत शीतल ठाउँको खोजी गर्दै नेपालीहरू पिकनिकमा रमाउने क्रम बढेको छ । विशेष गरी नेपाली चाडपर्व, दसैंतिहार, नयाँवर्ष लगायत अन्य बिदाको समयमा नेपालीहरू पिकनिक आयोजना गरेर रमाइलो गर्छन् ।

एक-आपसमा भेटघाटसँगै साताभरिको कामको हयाड ओभरलाई हटाउन पिकनिक उपयुक्त माध्यम भएको यसमा रमाउनेहरूको धारणा छ । पछिल्लो क्रममा पार्टी कल्चरसँगै पिकनिक पनि अमेरिकामा रहेका नेपालीहरूको मनोरञ्जनको माध्यम भएको छ । खाने-पिउने सँगै नाचगान र नेपाली संस्कृति झल्कने पहिरन समेत लगाएर तन्नेरीहरू यस्ता कार्यक्रममा सहभागी हुन्छन् ।

'पिकनिकमा खाने-पिउने त एउटा बहाना मात्र हो, नेपाली-नेपालीबीच भेटघाट, रमाइलो र आफ्नो संस्कार र संस्कृतिलाई एक-आपसमा आदान प्रदान गर्ने माध्यम पनि भएको छ यो,' गण्डकी ग्रुपका संयोजक दिलीप सुवेदीले भने- 'पिकनिक पनि यहाँ सांस्कृतिक र पार्टी कल्चरका रूपमा विकास हुँदै गएको छ ।'

सुवेदीका अनुसार यस्ता कार्यक्रममा नेपाली परम्परागत बाजामा नाच्ने-गाउने प्रचलनले व्यापकता पाउँदै गएको छ । अमेरिकामा रहेका खुल्लापार्कदेखि तालहरूमा विकेन्डमा रमाउने नेपालीहरूको संख्या दिनानुदिन बढिरहेको छ ।

यसले नेपाली मौलिकतासँगै नेपाली खानालाई पनि प्रवर्द्धन गर्दै आएको छ । पिकनिकमा नेपाली गीत संगीतलाई प्रवर्द्धन गर्न नेपाली गीत नै बजाउने गरिएको छ । सालको पात टपरी हुने गीतमा कम्मर भाँचिरहेको अवस्थामा टेक्सासको युलेस स्थित बियर क्रिकपार्कमा भेटिए पर्वतका नेत्र पौडेल । विभिन्न चाडपर्वदेखि विशेष अवसरमा यसरी नै नेपाली समुदायले आयोजना गरेको पिकनिकमा सहभागी भएर मनोरञ्जन गर्दै आएको छ' असिन-पसिन पौडेलले भने ।

समुदाय तथा नेपाली संघसंस्थाहरूले यस्ता कार्यक्रम आयोजित गरेर सबैलाई एउटै थलोमा रमाउने वातावरण सिर्जना गरिरहेका छन् । गएको नेपाली नयाँ वर्षमा यहाँका पिकनिक स्पटहरू नेपाली समुदायले भरिएका थिए । त्यस्तै बिदाका अन्य दिन पनि नेपालीहरू जमघट हुने संस्कार मौलाउँदो छ । नेपाली समाज टेक्सासका अध्यक्ष सुमन थापाले भने- 'बाह्रै मास पिकनिक गरेर मनोरञ्जन गर्ने क्रम बढ्दो छ ।'

चलचित्र

# दाल, भात, तरकारी



आज शुक्रबार चलचित्र दाल, भात, तरकारीको प्रदर्शन प्रारम्भ हुँदैछ। मह सञ्चारको प्रस्तुतिमा किरण केसीले निर्माण गरेको यो चलचित्रलाई सूदन केसीले निर्देशन गरेका हुन्। सूदनको यो डेब्यु चलचित्र हो। दाल, भात, तरकारी नेपाली कथा-व्यथामा आधारित रहेको चलचित्रका निर्माता तथा हास्यकलाकार किरण केसीले जानकारी दिएका छन्। 'चलचित्रमा हरेक घरको पीडा एवं रोजगारी र मजदुरीको कथा समेटिएको छ।' केसी भन्छन्, 'यो चलचित्र २ घण्टा ५ मिनेट लामो छ, त्यस अवधिमा दर्शकले कतै पनि बोरिङ महसुस गर्नु पर्दैन, हाँस्दाहाँस्दै चलचित्र सकिन्छ भने यो चलचित्र जस्तासुकै दर्शकले पनि सहजै बुझ्न सक्छन्।' यो चलचित्रमा मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य, निरुता सिंह, प्रियंका कार्की, पुष्प खड्का, आँचल शर्मा, वर्षा राउत, किरण केसी, शिवहरि पौडेल, राजाराम पौडेल, बसुन्धरा भूषाल, यमन श्रेष्ठ, मोहितवंश आचार्य, जयनन्द लामा, शिशिर वाङ्देल, विल्सनविक्रम राई, रविन तामाङ आदि कलाकारले अभिनय गरेका छन्। चलचित्र दाल, भात, तरकारीमा मदनकृष्ण, हरिवंश, किरण केसी, नरेन्द्र कंसाकार आदिको लगानी छ। यो चलचित्रको छायांकन दीर्घ गुरुङले गरेका हुन्। काठमाडौं, चितवन तथा पोखरामा छायांकन गरिएको यो चलचित्रको कथा, पटकथा, संवाद एवं तीनवटै गीत हरिवंश आचार्यले लेखेका हुन्। चलचित्रमा समावेश भएका गीतमा संगीतकार शम्भुजित बाँस्कोटाको संगीत सुन्न सकिन्छ। चलचित्र दाल, भात, तरकारीमा करिब ३ करोड रुपैयाँ लगानी भएको निर्माण पक्षले जनाएको छ।

# कालो वर्ष



गत शुक्रबार चलचित्र कालो वर्ष प्रदर्शनमा आयो। यो चलचित्र २०७२ सालको महाभूकम्पको सम्झनामा आधारित छ। चलचित्र कालो वर्ष प्रदर्शनमा आउनुभन्दा पहिले अन्य चलचित्रको जस्तो तामझामपूर्ण प्रचार-प्रसार गरिएको थिएन। त्यसकै परिणाम मान्नुपर्छ यो चलचित्र गुमनाम हुन पुग्यो। यो चलचित्रमा करिब ५० लाख रुपैयाँ लगानी भएको थियो। मंगलबारसम्मको कलेक्सन हेर्दा करिब २५ लाख रुपैयाँ आम्दानी भएको चलचित्रका निर्माता योगेन्द्र पनेरूले जानकारी दिए। मंगलबारसम्म पाँच दिनको व्यापारका आधारमा यो चलचित्रलाई लगानी उठाउन धौ-धौ पर्ने देखिन्छ। यद्यपि निर्माता पनेरू भने शुक्रबारसम्म चलचित्रले लगानी उठाउन सक्नेमा आशावादी छन्। यो चलचित्रले व्यापार गर्न नसक्नुको कारण प्रचार-प्रसारको कमी तथा हलिउड चलचित्र इभेन्जर इन्डगेम नै मानिएको छ।

चलचित्र कालो वर्षमा सबै नयाँ कलाकारले अभिनय गरेका छन्। निर्देशक लक्ष्मु गौतमको यो दोस्रो चलचित्र हो। उनको दोस्रो चलचित्रले पनि उत्कृष्ट व्यापार गर्न सकेन। चलचित्रको मुख्य भूमिकामा अशोक पहरी, करण साउद, ओकेश पनेरू अनुपा खड्का, पवन भट्टराई, सुरेन्द्र बुढा, रश्मी शाह, रविन भुजेल आदि छन्। कलाकारहरूको अभिनय पनि औसत नै छ। तीमध्ये अशोक पहरी, करण साउद तथा ओकेश पनेरूले नोटिस हुने काम गरेका छन्।

निर्देशकले आफ्ना तर्फबाट जति गर्न सक्थिन् त्यति गरेकी छिन्। पहिलो चलचित्रको अनुभवबाट यो चलचित्रमा उनले आफ्ना कमीकमजोरी सच्याएको पाइन्छ। चलचित्रको मेकिङ राम्रो छ, यद्यपि छायाँकन र दृश्य संयोजनमा भने चुकेको पाइन्छ। यो चलचित्रको कथा ठीकै छ। चलचित्रमा २०७२ सालको महाभूकम्पपछिको नेपाली जनजीवन प्रस्तुत गरिएको छ। भूकम्पपछि जनजीवन प्रभावित भएर कैयौं युवा बिदेसिनु र पारिवारिक अवस्था नाजुक हुनुको कारण भूकम्प नै हो भन्ने कुरा चलचित्रमा देखाउन खोजिएको छ। यस्तै, चलचित्रमा अन्तरजातीय विवाहलाई मान्यता दिनुपर्छ भन्ने कुरा समेत समेटिएको छ। त्यस बाहेक चलचित्र भूकम्पकै वरिपरि घुमेको छ। तैपनि भूकम्पका कारण भएको भग्नावशेषको दृश्य कमै मात्रामा समावेश भएका छन्। यदि ती दृश्य पनि समावेश भएको भए संवाद र दृश्यबीच मेल हुन सक्थ्यो। चलचित्रमा समावेश गीत-संगीतलाई उत्कृष्ट मान्नुपर्छ भने छायाँकनको पाटो खासै चित्त बुझ्दो छैन। निर्देशकले कतिपय दृश्य र संवाद काँटछाट गर्न सक्थिन्, तर त्यसमा उनी चुकेको पाइन्छ।

# तीन अर्ब डलर कमाउने इन्डगेम

**निर्देशक :** एन्थोनी रुसो, जो रुसो

**कलाकार :** रोबर्ट डाउनी जू, क्रिस हेम्सवर्थ, मार्क रफेलो, क्रिस इवान्स तथा जोश ब्रलिन।



जसरी कटप्पाले बाहुबलीलाई किन मारे भन्ने प्रश्नको जवाफ थाहा पाउन बाहुबली-२ को प्रतीक्षा गर्नु परेको थियो, ठीक त्यसैगरी पछिल्लो एक वर्षदेखि चलचित्र एभेन्जर्स इन्डगेमको प्रतीक्षा गर्नेहरू धेरै थिए। यो चलचित्रको कथा कसरी पूरा हुन्छ भन्ने कौतुहलता कै कारण दर्शकहरूले यसको व्यग्र प्रतीक्षा गरेका थिए।

दर्शकहरूको अपेक्षामा निर्देशकद्वय एन्थोनी रुसो तथा जो रुसो खरो उत्रिएका छन्। एभेन्जर्सका अघिल्ला श्रृंखलाको तुलनामा इन्डगेम एक कदम अघि नै रह्यो। निर्देशकद्वय एभेन्जर्सको कथालाई निकै सशक्त ढंगले टुंग्याउन सफल भएका छन्।

चलचित्रको कथा त्यहींबाट प्रारम्भ हुन्छ, जहाँ एभेन्जर्स: इन्फिनिटी बारको कथा टुंगिएको थियो। पछिल्लो चलचित्रको कुनै पनि पृष्ठभूमि नराखी इन्डगेमको कथा प्रारम्भ गरिएको छ। यो चलचित्रमा आबद्ध व्यक्तिहरूको आत्मविश्वासले के कुरा दर्शाउँछ भने उनीहरूले ती दर्शकका लागि यो चलचित्र निर्माण गरेका हुन्, जसले एभेन्जर्सका अघिल्ला श्रृंखला हेरिसकेका छन्।

चलचित्रको थालनी केही कमजोर छ। सबै एभेन्जरहरू छरफस्ट छन्। कसैले निर्दोषलाई मारिरहेका छन् भने कोही अन्तरिक्षमा झुण्डिरहेका छन्। एक जना सुपरहिरो बृद्ध झैं देखिएका छन्। सबैको आ-आफ्नै कथा छ। जब ती सबै एभेन्जर एकै ठाउँमा भेला हुन्छन्, चलचित्रले गति समात्छ र त्यो गति यति तीव्र हुन्छ कि दर्शकले आँखा झिम्क्याउन समेत भ्याउँदैनन्।

यसपटकको श्रृंखलामा कथामा विशेष ध्यान दिइएको छ। चलचित्रको कथा उत्कृष्ट छ। यसमा ड्रामा, कमेडी तथा एक्सनका दृश्यका साथ-साथै भावनालाई पनि उत्तिकै स्थान प्रदान गरिएको छ। चलचित्रमा प्रयोग गरिएको स्पेशल इफेक्ट्सको प्रशंसा जति गरे पनि कमै हुन्छ। थ्री-डी भर्सनमा यो अझ उत्कृष्ट लाग्छ। यो चलचित्रको क्लाइमेक्सले रोमाञ्चकताको उचाइ छोएको छ। चलचित्रको सम्पादन तथा छायांकन समेत उत्कृष्ट छ। समग्रमा यो चलचित्र प्राविधिक रुपले समेत प्रशंसनीय छ।

रोबर्ट डाउनी जुनियर सुपरहिरोहरूको भीडमा आफ्नो अभिनयका कारण छाएका छन्। आफ्नो अभिनयबाट उनले दर्शकलाई भावुक समेत बनाउँछन्। क्रिस इभान्सले आफ्नो भूमिका आकर्षक शैलीमा ढंगले निर्वाह गरेका छन्। क्रिस हेम्सवर्थ तथा मार्क रफेलाले दर्शकलाई हँसाएका छन्। जेरेमी रेनर र जोश ब्रुलिनसहित चलचित्रका प्रायः सबै कलाकारले उत्कृष्ट अभिनय गरेका छन्।

मार्बल कमिक्समा आधारित यो सुपरहिरो चलचित्रले ग्लोबल बक्सअफिसमा तीन अर्ब डलरभन्दा बढी आम्दानी गरिसकेको छ। नेपालमा समेत यो चलचित्रले उत्कृष्ट व्यवसाय गरेको क्यूएफएक्सले जनाएको छ।

# बाकसमा देशका कुरा



नाट्य विधा वैकल्पिक मिडियाको एउटा विधा हो, जसको माध्यमबाट आवाजविहीनहरूको आवाजलाई मञ्चमा उतारिन्छ। व्यंग्यात्मक शैलीमा गलत कुराको भण्डाफोर तथा सही कुराको सपोर्ट गर्नु नाटकको विशेषता हो। नाट्य विधामार्फत उठाइएका विषयले समाज रूपान्तरणमा ठूलो महत्व राख्छ।

यसै क्रममा वरिष्ठ साहित्यकार सरुभक्त श्रेष्ठले एउटा नाटक लेखे र शीर्षक दिए– 'बाकस'। जुन नाटक वैशाख ६ गतेदेखि पोखरा थिएटरको गन्धर्व नाटकघरमा मञ्चन भैरहेको छ। भोलि २१ गते शनिबारसम्म मञ्चन हुने यो नाटकले देशको वास्तविकता बोलेको छ। दुई वर्षअघि मात्र लेखिएको यो नाटकले आमाका रूपमा देशलाई प्रतिविम्बित गर्दै नेपाल आमाको वास्तविक पीडा व्यक्त गर्न खोजेको छ।

नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको कुलपतिको जिम्मेवारी सकिएपछि सरुभक्त नाट्य क्षेत्रमा नै सक्रिय हुन खोजे। नाट्य क्षेत्रमा औधी रुचि राख्ने उनको आउजाउ पोखरा थिएटरमा बढ्न थाल्यो। त्यहाँ भैरहेका नाट्य गतिविधि अनि नाटक क्षेत्रमा आउन खोज्ने नयाँ पुस्ताको जोस देखेर उनमा पनि उत्साह थपियो। पोखरा थिएटरले नयाँ नाटक मञ्चन गर्ने तयारी गर्‍यो तर कुन नाटक मञ्चन गर्ने भन्ने निर्णय भएको थिएन। सरुभक्तले आफ्ना विभिन्न नाटकका पाण्डुलिपि थिएटरका अध्यक्ष परिवर्तन कार्कीलाई दिए। सरुभक्तका सबै नाटकमा बेग्लाबेग्लै विशेषता हुन्छन्। यतिबेला भने बाकस नाटक रोजाइमा पर्‍यो। नाटकको विषयवस्तुको गाम्भीर्यता तथा यसभन्दा अघि मञ्चन भएका नाटकभन्दा फरक शैलीको भएकाले लेखक सरुभक्तलाई यो नाटक मञ्चन हुन्छ भन्ने विश्वास थिएन तर नाटक मञ्चन गर्ने तयारी सुरु भयो। निर्देशनको जिम्मासमेत सरुभक्तलाई लिन आग्रह गरियो। २५ वर्षपछि नाटक निर्देशनमा कमब्याक गर्दै उनले नयाँ पुस्तामा हौसला थपे। निर्देशनमा परिवर्तनले उनलाई सघाए अनि तयार भयो– नाटक बाकस।

नेपाल आमा आफ्नै सन्तानका कारण बिरामी परेको, नेताहरूले जनतालाई आफ्नो स्वार्थका लागि मात्र प्रयोग गरेको, भाषण ठूला-ठूला गर्ने तर जिम्मेवारी आउँदा एकले अर्कालाई दोष थुपार्दै पन्छिन खोज्ने, बाध्यतावश थुप्रै नेपाली विदेश जान बाध्य भएको, विदेशबाट कोही काठको बाकसमा त कोही अपांग भएर फर्किएको कुरालाई मार्मिक ढंगले चित्रण गरिएको छ नाटक बाकसमा। पहुँचवालाले आफ्नो शक्ति कसरी दुरुपयोग गरिरहेका छन् भन्ने कुरा झल्काउने प्रयास यो नाटकमा देख्न सकिन्छ। यति हुँदाहुँदै पनि बिरामी परेकी नेपाल आमाको रोग निको भै सबै कुरामा सकारात्मक परिवर्तन आउन आशा भने अझै बाँकी भएको सन्देश नाटकमा हेर्न पाइन्छ। द्वन्द्वका कारण सोझासाझा जनता टुहुरा भएका तथा सन्तान गुमाउँदा परेको पीडालाई नाटकमार्फत देखाइएको छ। यो नाटकमा भैरव नृत्य समेत समावेश छ। १ घण्टा १५ मिनेट लामो यो नाटक हेर्दा दर्शकलाई देशको वास्तविकता स्मरण हुन्छ। विषयवस्तुलाई प्रस्ट्याउन कलाकारहरूले गरेको मेहनत प्रशंसनीय छ।

झन्डै डेढ दर्जन नाटक निर्देशन गरेका श्रेष्ठले यसअघि २०५१ सालमा 'अग्नि पर्खाल' नाटक निर्देशन गरेका थिए। २०३५ सालमा बन्द खामभित्र मुक्तक संग्रह प्रकाशनपछि औपचारिक रूपमा साहित्यिक यात्रा सुरु गरेका सरुभक्तले भने– नाटक उत्कृष्ट सावित हुन कलाकारको मेहनत जरुरी छ।' सरुभक्तले एकांकी र पूर्णांकी गरी झन्डै ८० वटा नाटक लेखिसकेका छन्। राजाराम पौडेल


PANSGA





# तमन्ना केसी

**कान्तिपुर टेलिभिजन** तथा कार्टुन्ज क्रूको युट्युब च्यानलबाट प्रसारण भैरहेको वेब सिरिज 'यू एन्ड आई' यतिबेला दर्शकमाझ लोकप्रिय छ । युवापुस्ताको प्रेमकथामा आधारित उक्त सिरिजलाई युवा पुस्ताका दर्शकले अत्यन्त रूचाएका छन् । यही श्रृंखलाबाट अभिनय क्षेत्रमा पदार्पण गर्ने अभिनेत्री हुन्– तमन्ना केसी । पनौतीमा स्थायी बसोबास भएकी २१ वर्षीया तमन्नाले उक्त सिरिजमा पहिलो श्रृंखलादेखि नै अभिनय गरिरहेकी छिन् । 'यू एन्ड आई'मा छनौट हुनुअघि उनले दुई चलचित्र तिमी हुन्छौ जहाँ जहाँ तथा जानी-नजानी साना-तिना भूमिका निर्वाह गरेकी थिइन् । तिनै दुई चलचित्रको अनुभवले उनलाई वेब सिरिजको महत्वपूर्ण भूमिका प्राप्त भएको हो । ५ फिट ३ इन्च अग्ली तमन्ना अभिनयमै करियर बनाउन चाहन्छिन् । ठूलो ब्यानरको राम्रो चलचित्र उनको लक्ष्य हो । प्लस टुसम्मको अध्ययन पुरा गरेकी तमन्ना फुर्सदमा जिमशाला धाउँछिन्, चलचित्र हेर्छिन् । अभिनय, नृत्य तथा स्विमिङ उनका सौख हुन् । तमन्नालाई पहिरनमा वन पिस मन पर्छ । दुई वर्षअघि एउटा न्याम्प फेसन शोमा क्याटवाक गर्दै मनोरञ्जनको क्षेत्रमा आएकी तमन्नाले केही पत्र-पत्रिकाका लागि फोटोसेसन समेत गराइसकेकी छिन् ।

कृष्ण भट्टराई

Log on to :
facebook
www.facebook.com\kantipursaptahik

तस्बिर : महेश प्रधान
पहिरन : डिएस कलेक्सन, शेर्पा मल
लोकेसन : पाङ्ग्रा एक्सप्रेस, शेर्पा मल
मेकअप : अम्बु रुचाल, मिरर ब्युटी क्लब, मैतीदेवी



# अर्को आइटम

म्युजिक भिडियो तथा चलचित्रलाई बराबर समय दिँदै आएकी अभिनेत्री प्रियंका कार्की पुनः एकपटक आइटम गर्लका रूपमा दर्शकमाझ आएकी छिन् । अघिल्लो साता सार्वजनिक भएको एन्टिबायोटिक खाउँला... गीतमा प्रियंकाले आइटम डान्स गरेकी छिन् । उनको पहिरन तथा नृत्य गर्ने शैलीमा कामुकता झल्कन्छ । एउटा रेस्टुराँको गार्डेनमा चलचित्रका खलनायकहरूको भेटघाटका बीच प्रियंकाले नृत्य गरेर उनीहरूको मन बहलाउँछिन् । चलचित्र दाल भात तरकारीको उक्त गीतमा मिना निरौलाको स्वर छ भने हरिवंश आचार्यको शब्द तथा शम्भुजित बाँस्कोटाको संगीत सुन्न सकिन्छ । प्रियंकाको यो आइटम डान्स चितवनमा छायांकन गरिएको हो ।

# दयाको परीक्षा



अघिल्लो वर्ष अभिनेता दयाहाङ राईका तीनवटा चलचित्र भैरे, नेप्टे तथा साइँली प्रदर्शनमा आए । यी तीनमध्ये साइँली मात्र सफल भयो, बाँकी दुई चलचित्र चलेनन् । यो वर्ष दयाहाङका झन्डै आधा दर्जन चलचित्र प्रदर्शन हुने क्रममा छन् । तीमध्ये तीनवटा चलचित्र त आउँदो जेठ महिनामै प्रदर्शन हुँदैछन् । जेठ ३ गते जात्रैजात्रा, जेठ १० गते दयारानी तथा जेठ २४ गते आप्पा प्रदर्शन हुने निश्चित छ । जात्रैजात्रामा दयाहाङसँगै बिपिन कार्की, रवीन्द्र झा तथा रवीन्द्रसिंह बानियाँ पनि छन् । त्यसैले यो चलचित्रको सफलताप्रति निर्देशक प्रदीप भट्टराईसँगै दयाहाङ पनि ढुक्क छन् । त्यसो त दयाहाङले दयारानी तथा आप्पाबाट पनि उत्तिकै आशा गरेका छन् । यद्यपि एकै महिना एउटै अभिनेताका तीन–तीनवटा चलचित्र प्रदर्शन हुने भएपछि दर्शकलाई उनका कुन चलचित्र हेर्ने भन्ने कुराले द्विविधामा पार्ने निश्चित छ । दयाहाङजस्ता प्रतिभाशाली तथा लोकप्रिय अभिनेताका चलचित्र एउटै महिना प्रदर्शन गर्नुका साटो महिनाको एउटाका हिसाबले प्रदर्शन गर्दा ती चलचित्र व्यवसायिक रूपले सबल हुने थिए कि ?



# एभेन्जर्सको धक्का


हलिउडको चलचित्र एभेन्जर्स–इन्डगेमको विश्वव्यापी आक्रामक व्यवसाय नेपालमा पनि जारी रह्यो । काठमाडौंका केही सिनेमा हलमा चलचित्र प्रदर्शन हुनुभन्दा दुई दिन अघिदेखि टिकट काट्नेहरूको लाइन देखियो । उक्त चलचित्रको प्रदर्शनबाट केही नेपाली चलचित्रलाई भने नराम्रो धक्का लागेको छ । एभेन्जर्स प्रदर्शन भएकै दिन केशव भट्टराईको 'यात्रा' मल्टिप्लेक्सबाट बिदा भयो भने दीपकराज गिरीको 'छक्कापञ्जा–२' को रि–रिलिज मल्टिप्लेक्समा हुनै सकेन । त्यति मात्र होइन, अघिल्लो सातासम्म आक्रामक व्यवसाय गरिरहेको झरना थापाको ए मेरो हजुर–३ लाई पनि मल्टिप्लेक्सले शो कटौती गरिदियो । एभेन्जर्सको सफलताले गति लियो भने आज शुक्रबारदेखि प्रदर्शनमा आउने नयाँ नेपाली चलचित्रलाई समेत प्रभाव पर्ने चलचित्र वितरकहरू बताउँछन् ।

## ब्याक बाइट



### अभिनेत्री वर्षा शिवाकोटीको नजरमा

# अभिनेता नाजिर हुसेन




**सकारात्मक पक्ष**

- मिजासिलो
- समयको ख्याल गर्ने
- काम गर्न सजिलो कलाकार
- प्रोफेसनल
- हरेक कुरामा गहिरो अध्ययन गर्ने

**नकारात्मक पक्ष**

- फिल्म छनौट गर्दा ध्यान नदिने
- चाँडै रिसाउने
- स–साना कुरा पनि मनमा लिइरहने

# दियालाई दयारानीबाट आशा



बेलायतवासी नेपाली अभिनेत्री दिया पुनले अभिनय गरेको चलचित्र हो– दयारानी । दियाले दयारानीबाट आफू आशावादी रहेको बताएकी छिन् । वीरविक्रमबाट नेपाली रजतपटमा उदाएकी दियाले अभिनय गरेका केही चलचित्र भने व्यवसायिक रूपमा सफल हुन सकेनन् । चलचित्र दयारानीमा उनी दयाहाङ राईको अपोजिटमा दयारानीको भूमिकामा प्रस्तुत हुँदैछिन् । महिलाले पुरुषबाट भोग्नुपरेको समस्या समेटिएको घरेलु हिंसाविरुद्धको चलचित्र दयारानी नारीप्रधान सोसल ड्रामा भएको पुनले बताइन् । दयारानीलाई रामबाबु गुरुङ तथा अपिल विष्टले निर्माण गरेका हुन् भने यसका निर्देशक माउत्से गुरुङ हुन् । सरल अभिनय तथा आफ्नो भूमिकाप्रतिको इमान्दारिताका कारण चलचित्रमा दियाको माग बढ्दो छ, तर बेलायत बसाइका कारण उनले नेपाली चलचित्रलाई पर्याप्त समय दिन सकेकी छैनन् ।

शब्द/तस्बिर : कुशल श्रेष्ठ



# प्रदीपलाई गाह्रो

अभिनेता प्रदीप खड्कालाई आफ्नो स्टारडम जोगाउन हम्मे-हम्मे पर्न थालेको संकेत देखिएको छ। अघिल्लो वर्ष उनले अभिनय गरेका दुई चलचित्रमध्ये रोज व्यवसायिक रूपमा असफल भएको थियो भने लभ स्टेसन औसत सावित भएको थियो। लभ स्टेशनको दर्शक प्रतिक्रियापछि निर्देशक रामबाबु गुरुङले उनलाई 'कबड्डी-३' मा लिने कि नलिने निर्णय गर्ने बताएका थिए। लभ स्टेशनले आशा गरेअनुरूप सफलता नपाएपछि निर्देशक गुरुङले प्रदीपलाई आफ्नो महत्वाकांक्षी चलचित्रबाट ड्रप गर्ने संकेत दिएका छन्। यदि त्यस्तो भयो भने प्रदीपको हातबाट एउटा राम्रो प्रोजेक्ट गुम्नेछ। भन्नेहरूले त निर्देशक गुरुङले प्रदीपको स्थानमा निश्चल बस्नेतलाई अनुबन्ध गरिसकेको समेत बताइरहेका छन्। यद्यपि, यो कुराको आधिकारिक पुष्टि भैसकेको छैन। गुरुङकै आगामी चलचित्र 'बेला' मा भने प्रदीप नै मुख्य भूमिकामा प्रस्तुत हुनेछन्। यसबीच अभिनेता खड्का भने चलचित्र प्रेमगीत-३ को तयारीमा जुटेको बताइन्छ।

## मलाई रिस उठ्छ



● अर्जुन पोखरेल, संगीतकार

**नेता**

धेरै नेताहरू नैतिकहीन हुने र फेरि ती नेताकै सन्तान भनौं अथवा आफन्तहरू बाटोमा हिँड्दा हामीलाई नै रवाफ देखाएको देख्दा रिस मात्र होइन, नाङ्गेझार बनाएर जनताको अगाडि नैतिकताको पाठ पढाउन र जनताप्रति गर्ने व्यवहार के-कस्तो हुन्छ सिकाउन मन लाग्छ, तर राम्रा काम गर्ने नेताहरूलाई चाहिँ सलाम छ है मेरो।

**अव्यवस्थित पार्किङ**

ठाउँ-कुठाउँ पार्किङ गर्ने अनि सडक त आफ्नै बाबुको सम्पत्ति हो, मैले जे गरे नि हुन्छ भन्ने सोच भएका व्यक्तिहरूसँग।

**बोली**

कुरा नबुझी बोल्ने अनि आफू ठूलो हुँ भन्ने देखाउन अरूलाई होच्याएर बोल्ने मान्छेहरूसँग।

**फेसबुके जमात**

आफूले गरेको जस्तोसुकै काम पनि उत्कृष्ट भन्ने तर अरूले गरेका राम्रा कामलाई पनि नराम्रो भन्दै कुर्लने फेसबुके जमातसँग।

**गफ दिने**

कामको नाममा सिन्को पनि नभाँच्ने, तर भाषणमा ठूला-ठूला कुरा गर्नेहरूसँग।

**सुस्त सरकार**

संवेदनशील घटनामा समेत सरकारको सुस्त शैली तथा कमजोर काम-कारबाही देख्दा।



# आशावादी पुष्प

अभिनेता पुष्प खड्काका लागि यो वर्ष लक्की हुने सम्भावना छ। नवल नेपालको चलचित्र 'मंगलम' सफल भएपछि उनले पछाडि फर्किएर हेर्नुपरेको छैन। यो वर्ष उनले अभिनय गरेका दुई ठूला चलचित्र प्रदर्शनमा आउँदैछन्। मह सञ्चारको चलचित्र दाल भात तरकारीमा उनी मुख्य भूमिकामा छन्। यो चलचित्रको सफलतासँग आफ्नो अभिनय करियरको भविष्य जोडिएको पुष्पले बुझेका छन्। चलचित्रमा उनले हरिवंश आचार्य र निरुता सिंहको छोराको भूमिका निर्वाह गरेका छन्। आँचल शर्माले उनलाई जोडीका रूपमा साथ दिएकी छिन्। दाल भात तरकारी प्रदर्शन भएको चार महिनापछि पुष्पको नयाँ चलचित्र 'मारुनी' प्रदर्शनमा आउनेछ। उक्त चलचित्रमा पुष्पले साम्राज्ञी राज्यलक्ष्मी शाहसँग अनस्क्रिन रोमान्स गरेका छन्।

# ऋचा प्रेममा

अभिनय करियरले गति लिन नसकिरहेका बेला अभिनेत्री ऋचा शर्माले दरबारमार्गमा ठूलो लगानीको रेस्टुराँ सञ्चालनमा ल्याएकी छिन्। पाङ्ग्रा एक्सप्रेसको सञ्चालनमा व्यस्त ऋचाले हालै दिएको एउटा अन्तर्वार्तामा आफू प्रेममा रहेको खुलासासमेत गरेकी छिन्। यद्यपि ऋचाले आफ्नो प्रेमिको नाम भने सार्वजनिक गरेकी छैनन्। उनले यही वर्ष विवाह हुने सम्भावनालाई समेत खुलस्त पार्दै उपयुक्त अवसर पारेर आफ्नो प्रेम तथा प्रेमिका बारेमा जानकारी गराउने समेत बताइन्। 'कुनै एउटा विशेष कार्यक्रममा म उहाँलाई लिएर अवश्य आउनेछु, ऋचाको भनाइ छ। ऋचाले आफ्ना प्रेमिका बारेमा धेरै कुरा नबोले पनि उनी लामो समयदेखि लबिम मलका म्यानेजर दिपेक्ष्य राणासँगको प्रेममा रहेको दावी गरिएको छ। एउटा अनलाइनले त उनीहरूले विवाहका लागि आ-आफ्नो परिवारबाट अनुमति समेत पाइसकेको बताएको छ। आउने दसैंभन्दा अघि नै उनीहरू वैवाहिक जीवनमा बाँधिन सक्ने सम्भावना समेत व्यक्त गरिएको छ। अंग्रेजी नयाँ वर्षको अवसर पारेर उनीहरू पोखरा घुम्न गएको तथा केही साताअघि चलचित्र लभ स्टेसनसँगै हेरेको बताइन्छ।





# आउने तयारी

सानो संसारबाट चलचित्रमा आएका अभिनेता कर्मा शाक्यले हालसम्म अभिनय गरेका चलचित्रको संख्या केही दर्जन भैसकेको छ। यद्यपि उनले अभिनय गरेका सफल चलचित्रको सूचीमा 'लूट' मात्र छ। लुटबाट चर्चामा आएका यी अभिनेता त्यसताका चलचित्रको अभिनयमा असाध्यै व्यस्त पनि भए। यद्यपि, उनले अभिनय गरेका अधिकांश चलचित्र असफल हुँदै गए। कर्माको नाम जोडेर फ्लप चलचित्रका धनी हिरो भन्दै केही अनलाइनले गसिपसमेत बनाए। हुन पनि उनले अभिनय गरेका पञ्चेबाजा, लभ साशा, लुकामारी, शेर बहादुर, रोज आदि कुनै पनि चलचित्र चलेनन्। यही वर्ष प्रदर्शनमा आएको चलचित्र गरुड पुराणलाई पनि दर्शकले रुचाएनन्। कर्माले अभिनय गरेका अधिकांश चलचित्र फ्लप भए पनि निर्माता-निर्देशकहरूले उनलाई विश्वास गर्न भने छाडेका छैनन्। निकट भविष्यमै उनले अभिनय गरेका केही चलचित्र दर्शकमाझ आउने तयारीमा छन्।

## ६० सेकेन्डका चलचित्रको अन्तर्राष्ट्रिय महोत्सव



सातौं संस्करणको ६० सेकेन्ड अन्तर्राष्ट्रिय चलचित्र महोत्सव नेपाल-२०१९ को स्क्रिनिङ सम्पन्न भएको छ। महोत्सवमा विश्वभरबाट प्राप्त आवेदनमध्येबाट छानिएका ४६ वटा चलचित्र प्रदर्शन गरिएको थियो। त्यसमा नेपालका अतिरिक्त अमेरिका, भारत, पाकिस्तान, बंगलादेश, इरानसहित २० देशका ६० सेकेन्ड अवधिका चलचित्र छानिएका थिए। प्रदर्शित चलचित्रले शान्ति, शिक्षा, सद्भाव, यथार्थता, हास्यव्यंग्य, प्रजातन्त्र, विभेद, सहिष्णुता, पर्यटनजस्ता विषय उठान गरेका छन्। ६० सेकेन्डको चलचित्र हेर्दा दर्शकले केही नौलो अनुभूति गर्न पाए। सन्देशमूलक यी सबै चलचित्रको कथा बुझ्न भने दर्शकलाई त्यति सहज थिएन। स्क्रिनिङ कार्यक्रम पोखरा, काठमाडौं, भैरहवा, बुटवल, विराटनगर, दाङ, नेपालगन्ज तथा बैतडीमा गरी ८ ठाउँमा एकसाथ गरिएको पोखराको कार्यक्रमका संयोजक सागर कोइरालाले जनाए। नयाँ चलचित्र निर्माताहरूलाई प्रोत्साहित गर्न यो कार्यक्रम आयोजित गरिएको कोइरालाको भनाइ थियो। प्रदर्शन भएका चलचित्रमध्ये कोसोवोको आशाको बाकस, नेपालको आवाज, भ्यालु तथा बुमनाइजर, भारतको अपमान उत्कृष्ट ठहरिएर सेमिफाइनलमा पुगेका छन्।

## पोखरामा गोल्डेन आइकन



पोखरामा आयोजित छैटौं संस्करणको नेपाल गोल्डेन आइडलको गायनतर्फको उपाधि सर्लाहीका सृजल खनालले जितेका छन्। यो विधामा दाङकी विशाखा शाही फस्ट रनर्सअप तथा इलामका युअल राई सेकेन्ड रनर्सअप भए।

पोखरा उद्योग वाणिज्य संघको हल गैरापाटनमा आयोजित फाइनलमा नृत्यतर्फको उपाधि इटहरीकी सेविका कोइरालाले चुमिन्। नृत्य विधामा कैलालीकी सुनिता विष्ट फस्ट रनर्सअप तथा मीरा ओली सेकेन्ड रनर्सअप घोषित भए।

गायन तथा नृत्य क्षेत्रका प्रतिभाको खोजी गर्ने उद्देश्यले देशका विभिन्न ठाउँमा भएको यो प्रतियोगिताको अडिसनमा २ हजार २ सय जनाले सहभागिता जनाएका थिए। उनीहरूमध्येबाट पहिलो चरणमा १ सय ३० जना छानिए। विभिन्न चरण पार गरेर ११ जना फाइनलमा पुगेका थिए। यो प्रतियोगिताको निर्णायकमा गायक कर्णदास, गायक तथा संगीतकार रामभक्त जोजिजु, नृत्य निर्देशक कमल राई, जसु गुरुङ तथा निरुता गुरुङ थिए।

राजाराम पौडेल

## ग्ल्यामरस आइकन




जमलस्थित राष्ट्रिय नाचघरमा सञ्चालित ग्ल्यामरस आइकन-२०१९ को उपाधि जितेका छन्– कैलाश रावलले। उनले प्रतियोगितामा बेस्ट फिजिक तथा ट्यालेन्ट विधाको एवार्डसमेत प्राप्त गरे। प्रतियोगितामा उत्तम लिम्बू फस्ट रनर्सअप घोषित भए भने उनले मल्टिमिडिया तथा भ्युअर च्वाइसको एवार्ड पनि जिते।

यो प्रतियोगितामा सरोज नेपाली सेकेन्ड रनर्सअप तथा प्रमोद गुप्ता मस्ट पपुलर विधाको एवार्ड उचाल्न सफल भएका थिए।

## मिस एयरहोस्टेस इन्टरनेसनल



विमान परिचारिकासम्बन्धी प्रशिक्षण लिइरहेका युवतीहरूको सौन्दर्य प्रतियोगिता मिस एयरहोस्टेस इन्टरनेसनल-२०१९ को उपाधिमा सारा श्रेष्ठले जितेकी छिन्। श्रेष्ठले ट्यालेन्ट विधाको एवार्ड पनि प्राप्त गरिन्। नर्दन लाइट एकाडेमी अफ एभिएसन एन्ड टेक्नोलोजीको आयोजनामा सञ्चालित यो प्रतियोगितामा बेस्ट वाकको एवार्डसहित एन्जल दूधराज फस्ट रनर्सअप तथा मस्ट ब्युटिफुल उपाधीसमेत टिना नगरकोटी सेकेन्ड रनर्सअप घोषित भए। क्रिएजोना मिडिया ग्रुपको व्यवस्थापन तथा लभिन अन्सारीको कोरियोग्राफीमा सम्पन्न यो प्रतियोगिता जमलस्थित राष्ट्रिय नाचघरमा सञ्चालन भएको थियो। प्रतियोगितामा एलिना श्रेष्ठ पपुलर तथा भ्युअर च्वाइस, आलिया शर्मा बेस्ट फिगर, बबिता राई पर्सनालिटी तथा मल्टिमिडिया च्वाइस, मन्जरी पुरी कन्फिडेन्ट, मेनुका कोइराला फोटोजेनिक एवं सोनम पेमा शेर्पा डिसिप्लिन विधामा पुरस्कृत भए।

## लिटिल मिस एन्ड मास्टर नेपाल आइकन






एएनपी मिडिया हाउसको ब्यानरमा सञ्चालित लिटिल मिस एन्ड मिस मास्टर नेपाल आइकन-२०१९ मा किड्स विधातर्फ बालिकामा सेजल दाहाल विजेता छनौट भएकी छिन् भने जेनिया तामाङ फस्ट रनर्सअप तथा गोमिना सुनुवार सेकेन्ड रनर्सअप भएका छन्। किड्स विधातर्फ बालकमा चिराग भट्ट र मनिष थापा विजेता घोषित भए। यो विधामा प्रिन्स खड्का फस्ट रनर्सअप तथा समर्पण गिरी सेकेन्ड रनर्सअप भएका थिए।

प्रतियोगिताअन्तर्गत टिन विधामा समृद्धि थापा विजेता भइन् भने प्रिस्टिना कार्की फस्ट रनर्सअप तथा कृष्टि प्रजापति सेकेन्ड रनर्सअप छानिए। सिनियर उमेर समूहतर्फ एलिना श्रेष्ठ विजेता भइन् भने दिया पोखरेल र प्रज्ज्वला कार्की सेकेन्ड रनर्सअप चयन भए।

## किड्स क्यापिटलको उपाधि



काठमाडौंमा सम्पन्न बालबालिकाहरूको सौन्दर्य तथा प्रतिभा प्रदर्शन गर्ने प्रतियोगिता किड्स क्यापिटलको उपाधि आरजु श्रेष्ठले जितेकी छिन्। टच इन्टरटेन्मेन्ट तथा स्पर्श फिल्म्सले आयोजना गरेको उक्त प्रतियोगितामा जुनियरतर्फ अनमोल खड्का, स्पन्दन तामाङ तथा मैशा थापाले क्रमशः फस्ट, सेकेन्ड तथा थर्ड रनर्स अपको उपाधि जिते भने सिनियरतर्फ अर्पिया लामाले फस्ट रनर्सअप, पार्थ कोइरालाले सेकेन्ड रनर्सअप तथा अनुष्का खड्काले थर्ड रनर्सअपको उपाधि हात पारे।

## मिस नेसनल आइकन



जमलस्थित राष्ट्रिय नाचघरमा म्याग्दीकी २२ वर्षीया देवी मगर रातो रंगको ड्याट्सन गो कारको ड्राइभिङ सिटमा बस्दा हर्षले विभोर देखिइन्। कारण उक्त कार उनले जितेको मिस नेसनल आइकन-२०१९ को पुरस्कार स्वरूप थियो। नेपालको सौन्दर्य प्रतियोगिताको परिवेशमा गत वर्ष देखि थालनी भएको यो प्रतियोगिताको पहिलो संस्करणको विजेताले जस्तै उनले यस पटक पनि कार पुरस्कार प्राप्त गरेकी हुन्। देवीले प्रतियोगितामा बेस्ट वाकको अवार्ड पनि हात पारेकी थिइन्। उक्त प्रतियोगितामा मञ्जना राई फस्ट रनर्सअप भइन् भने समृद्धि कार्कीले तेस्रो स्थान हासिल गरिन्। मञ्जनाले पुरस्कारका रूपमा नयाँ स्कुटी प्राप्त गरेकी थिइन्।

## टिचर आइकन अफ द इयर



शिक्षण पेसामा आबद्ध शिक्षिकाहरूमा केन्द्रित टिचर आइकन अफ द इयर-२०१९ को उपाधि सन्जुमा धाख्वाले जितेकी छिन्। सन्जुमाले बेस्ट वाक तथा फोटोजेनिक विधाको एवार्डसमेत हात पारिन्। प्रतियोगितामा बेस्ट स्माइलसहित मुना रोक्का फस्ट रनर्सअप, कल्पना पाण्डे मस्ट पर्फेक्ट तथा फेसबुक च्वाइससहित सेकेन्ड रनर्सअप एवं गीताञ्जली शर्मा बेस्ट डिसिप्लिनसहित मस्ट पपुलरको उपाधि जित्न सफल भए। यो प्रतियोगिता एएनपी मिडिया हाउसको ब्यानरमा जमलस्थित राष्ट्रिय नाचघरमा सम्पन्न भएको थियो, जसलाई अश्विनी झाले कोरियोग्राफी गरेका थिए।

पहिलो विश्व


# केराको पक्षमा प्रदर्शन

पोल्यान्डको राजधानी वार्सामा यो साता केराको पक्षमा एउटा अनौठो प्रदर्शन भयो । हालै सञ्चालनमा आएको एक आर्ट ग्यालरीले सन् १९७३ मा निर्माण भएको कन्ज्युमर आर्टलाई हटाएपछि केराको पक्षमा प्रदर्शन भएको हो । नातालिया लिलले केरालाई कामोत्तेजक ढंगले खाएको बताउँदै ग्यालरीले एउटा इन्स्टलेसन भिडियो हटाएपछि सर्वसाधारण केराको पक्षमा उत्रिएका हुन् । ग्यालरीका सञ्चालक जर्जी भिजिओलिकलाई केही दर्शकले उक्त भिडियो अश्लील किसिमको भएको बताएपछि त्यसलाई त्यहाँबाट हटाइएको थियो । यता सर्वसाधारणले केरा खानु अश्लील कुरा नभएको जनाउँदै केराको पक्षमा प्रदर्शन गरेका थिए ।








# पुठ्ठा वास्तविक नै हो



इन्स्टाग्राममा आफ्नो पुठ्ठा देखाएर लोकप्रियता पाइरहेकी एक प्रयोगकर्ताले आफ्नो पुठ्ठा वास्तविक भएको प्रमाणित गर्नुपरेको छ । डेसी किच नाम गरेकी ती प्रयोगकर्ताले स्विमसुटमा पुठ्ठा देखाउँदै खिचेको फोटोले इन्स्टाग्राममा तीव्र रूपमा लोकप्रियता पाइरहेको थियो । १९ वर्षीया ती युवतीको पुठ्ठा यत्तिको आकर्षक हुन नसक्ने र उनले लोकप्रियताका लागि फोटोलाई डिजिटल इन्ह्यान्स गरेर अपलोड गरेको आरोप खेप्नुपर्‍यो । उनले आफ्नो पुठ्ठा बास्तविक नै भएको र यसलाई कृत्रिम ढंगले आकर्षक नबनाइएको बताउँदै आएकी थिइन् । किचको कुरा उनका ९ लाख ६० हजारभन्दा बढी फलोअर्समध्ये केही मान्न तयार भएनन् र उनलाई अनफलो गर्न थाले । त्यसपछि ती युवतीले आफ्नो पुठ्ठा वास्तविक भएको कुरा चिकित्सक परीक्षणबाट पुष्टि गर्ने सोच बनाइन् । ब्रेभरी हिलमा प्रख्यात प्लास्टिक सर्जन डा. अस्कान घाभामीलाई उनले आफ्नो पुठ्ठाको परीक्षण गराइन्, जसमा चिकित्सकले उनको पुठ्ठा प्राकृतिक रूपमा बनेको र ठूलो बनाउन कुनै किसिमको सिलिकन वा प्लास्टिक सर्जरी अहिलेसम्म नगरिएको प्रमाणित गरिदिएका थिए ।



# हिजावमा स्विम सुट

बिकिनी स्विम सुट फोटोका लागि स्पोर्ट्स इलुस्ट्रेटेड म्यागजिन विश्वभर लोकप्रिय छ । विश्वभरका सेलिब्रेटीहरूको बिकिनी फोटोसुट प्रकाशित गर्ने स्पोर्ट्स इलुस्ट्रेटेडले पहिलो पटक बुर्किना लगाएकी मुस्लिम मोडललाई प्रस्तुत गरेको छ । हलिमा आदिन बुर्किना लगाएर स्पोर्ट्स इलुस्ट्रेटेडका लागि फोटोसुट गर्ने पहिलो मोडल समेत भएकी छिन् । केन्याको काकुस्थित शरणार्थी शिविरमा जन्मिएकी हलिमाले अहिले सोमाली-अमेरिकन मोडलका रूपमा ख्याति कमाइरहेकी छिन् । २१ वर्षीया हलिमाले स्पोर्ट्स इलुस्ट्रेटेडका लागि पहिलो पटक हिजाब र बुर्किना लगाएर आफ्नै जन्मभूमि केन्याको वातामु समुद्री तटमा फोटोसुट गरेकी हुन् । फोटोग्राफर यू साइले खिचेको उक्त तस्बिरप्रति धेरै जना आकर्षित भएका कारण स्पोर्ट्स इलुस्ट्रेटेडले केही तस्बिरलाई आफ्नो वेबसाइटबाट सार्वजनिक गरेको छ । यो फोटोसुट भएको स्पोर्ट्स इलुस्ट्रेटेडको अंक भने एक सातापछि अर्थात् आगामी मे ८ तारिखमा प्रकाशनमा आउनेछ ।



# द मेकिङ अफ मिस नेपाल-२०१९











> नेपालको सौन्दर्य प्रतियोगिता क्षेत्रमा सबैभन्दा जेठो र प्रतिष्ठित भएकाले मिस नेपालको प्रशिक्षण र ग्रुमिङ अझ बढी विशेष एवं प्रभावकारी हुने गरेको छ । यस पटक सिल्भर जुब्ली संस्करण भएकाले ग्रान्ड फिनालेलाई सानदार बनाउन यसको मेकिङलाई विगतको तुलनामा विशेष बनाउने प्रयत्न गरिएको बताइन्छ ।





रोजिन शाक्य

राजधानीका विभिन्न कलेजमा सञ्चालन गरिएको एक्टिभेसन कार्यक्रम, धनगढी, नेपालगन्ज, बुटवल, पोखरा, चितवन, वीरगन्ज, धरान तथा बिर्तामोडजस्ता अधिराज्यका प्रमुख सहरहरूमा सञ्चालन गरिएको अडिसन हुँदै गत चैत १० गते काठमाडौंमा सम्पन्न फाइनल अडिसनबाट मिस नेपाल प्रतियोगिताको सिल्भर जुब्ली संस्करणका लागि अन्तिम प्रतिस्पर्धी निर्क्यौल गरिएका हुन् अर्थात् मिस नेपालको २५ औं संस्करणका लागि २५ फाइनलिस्ट ।

यो उपाधि यात्रामा रहेका २५ जना युवतीमा काठमाडौंकी २२ वर्षीया निशा पाठक, पोखराकी २३ वर्षीया एलिशा जोशी, काठमाडौंकी २३ वर्षीया सोफिया भुजेल, काठमाडौंकी २३ वर्षीया रिया बस्नेत, भैरहवाकी २३ वर्षीया संस्कृति घिमिरे, काठमाडौंकी २३ वर्षीया अनुष्का श्रेष्ठ, काठमाडौंकी २४ वर्षीया जेनी महर्जन, ललितपुरकी २२ वर्षीया अश्मिता महर्जन, काठमाडौंकी २२ वर्षीया किरण थापा, काठमाडौंकी २३ वर्षीया प्रदिप्ता अधिकारी, ललितपुरकी २१ वर्षीया नितिका सराह कर्माचार्य, काठमाडौंकी २१ वर्षीया रोज लामा, पोखराकी २३ वर्षीया सारा बजिमय, ललितपुरकी २३ वर्षीया लक्ष्मी राउत, काठमाडौंकी २२ वर्षीया रक्षा उप्रेती, भक्तपुरकी २३ वर्षीया मीरा कक्षपति, मोरडकी २३ वर्षीया जेनिशा थपलिया, झापाकी २२ वर्षीया पूजा श्रेष्ठ, चीतवनकी २० वर्षीया विपना सुवेदी, ललितपुरी २० वर्षीया शुभेच्छा अधिकारी, झापाकी २४ वर्षीया प्रकृति कट्वाल, काठमाडौंकी २४ वर्षीया न्यान्सी बोगटी, भैरहवाकी २१ वर्षीया शिवानी घिमिरे, काठमाडौंकी २२ वर्षीया सान्त्वना मालाकार तथा काठमाडौंकी २३ वर्षीया प्रथा अधिकारी छन् । यीमध्ये मिस नेपाल ओसिनिया-२०१८ अनुष्का श्रेष्ठ, मिस पूर्वाञ्चल-२०१८ पूजा श्रेष्ठ, मिस पोखरा-२०१८ सारा बजिमय तथा मिस पश्चिमाञ्चलका रुपमा शिवानी घिमिरले मिस नेपाल-२०१९ मा आफ्नो स्थान सुरक्षित गरेका हुन् ।

यी युवतीहरूमध्ये आगामी मे ९ तारिख अर्थात् वैशाख २६ गते बिहीबार हुने सिल्भर जुब्ली संस्करणका रूपमा सञ्चालन हुने मिस नेपालको ग्रान्ड फिनालेबाट मिस नेपाल-२०१८ श्रृङ्खला खतिवडाको उत्तराधिकारी चयन हुनेछ । द हिडन ट्रेजर मिस नेपाल-२०१९ को ग्रान्ड फिनालेमा सहभागीहरूको सुन्दरतामा फेसन डिजाइनर मनिष राई, वुमेन्स प्लानेटका सुष्मा सिंह तथा नटराज द बुटिकका आशुतोष अग्रवालका पहिरनले थप निखार एवं आकर्षण सञ्चार गर्नेछ ।

नेपालको सौन्दर्य प्रतियोगिता क्षेत्रमा सबैभन्दा जेठो र प्रतिष्ठित भएकाले मिस नेपालको प्रशिक्षण र ग्रुमिङ अझ बढी विशेष एवं प्रभावकारी हुने गरेको छ । यस पटक सिल्भर जुब्ली संस्करण भएकाले ग्रान्ड फिनालेलाई सानदार बनाउन यसको मेकिङलाई विगतको तुलनामा विशेष बनाउने प्रयत्न गरिएको बताइन्छ ।

कुपन्डोलस्थित आयोजक संस्था द हिडेन ट्रेजरकै ट्रेनिङ हलमा प्रतियोगितासम्बन्धी अभिमुखीकरण सँगै अघि बढेको यस पटकको मिस नेपालको ग्रुमिङका गतिविधिहरू यही ठाउँमा सम्पन्न भएको थियो । प्रतिस्पर्धीहरूको दैनिकी जस्मिन फिटनेस एन्ड स्पामा योग, ध्यान एवं शारारिक फिटनेसको अध्यासबाट प्रारम्भ हुने गरेको थियो । कोरियोग्राफर रचना गुरुङ शर्माको नियमित स्टेज पर्फमेन्स सम्बन्धी विभिन्न सैद्धान्तिक एवं व्यवहारिक प्रशिक्षणमा मिस नेपालका सहभागीहरूको दैनिकी व्यस्त रहन्थ्यो । यसबीच प्रतिस्पर्धीहरूले फोटोग्राफर राजभाइ सुवालबाट फोटोसेसन र पोजिङबाहेक इनडोर र आउट डोर फोटोसेसन, मेकअप आर्टिष्ट एवं हेयर स्टाइलिस्ट श्रद्धा मास्केबाट मेकअप र हेयर स्टाइलिङसम्बन्धी प्रशिक्षण, राजश्री राज्य लक्ष्मी राणाबाट फेसन स्टाइलिङ, डर्माटोलजिस्ट डा. प्रतिभा श्रेष्ठबाट स्किन केयर र स्वस्थ जीवनशैली तथा डा. सुशील कोइरालाबाट डेन्टल हाइजिनसम्बन्धी जानकारी हासिल

बाँकी २३ पृष्ठमा





> ग्रुमिङ एवं प्रशिक्षण बाहेक सहभागीहरूले यस पटकको प्रतियोगितामा समेटिएका विभिन्न उपाधिका लागि पनि आफ्नो प्रस्तुति दिइसकेका छन्, जसमा विजेता भएकाहरूको नाम फाइनल इभेन्टबीच घोषणा गरिनेछ ।





पृष्ठ २२ बाट

प्राप्त गरेका थिए ।

मिस नेपालका सहभागीहरूको बाहिरी व्यक्तित्वसँगै बौद्धिक एवं व्यवहारिक सुन्दरता अभिवृद्धि गर्ने क्रममा विभिन्न प्रशिक्षण कक्षा सञ्चालन गरिएको थियो । प्रशिक्षणकै क्रममा सहभागीहरूले मञ्जरी प्रधानबाट नेपाली संस्कृति र सम्पदा तथा प्रचण्ड मान श्रेष्ठबाट नेपालको पर्यटन उद्योग एवं पर्यटनको अवस्थाका सम्बन्धमा जानकारी हासिल गरेका थिए । यसैगरी विज्ञापन व्यवसायी रंजीत आचार्यले सहभागीहरूलाई उत्प्रेरक तालिम प्रदान गरेका थिए । प्रशिक्षणकै क्रममा सहभागीहरू कान्तिपुर दैनिकका प्रधान सम्पादक नारायण वाग्लेबाट संघीयता, महिला अधिकारकर्मी तथा न्यायाधीश सपना प्रधान मल्लबाट महिला सशक्तीकरण, सरु श्रेष्ठ जोशीबाट महिला विकास, होटल व्यवसायी कर्ण शाक्यबाट सकरात्मक सोच, डा. चीरञ्जीवी पोखरेलबाट वन्यजन्तु संरक्षण तथा संवर्द्धन, विष्णु ठकुरीबाट वातावरणीय परिवर्तन आदि विषयका विविध पक्षसित साक्षात्कार भएका थिए । यसैगरी सहभागीहरू साइबर अपराध, पोषण, स्वस्थ आहार आदि विषयमा पनि जानकार भएका छन् । प्रशिक्षणकै क्रममा मिस नेपाल-२०१९ का सहभागीहरूले मिस नेपाल वर्ल्ड-२०१८ का विजेता श्रृङ्खला खतिवडा तथा उपविजेताहरू मनिता देवकोटा, प्रिया सिग्देल, रोनाली अमात्य एवं महिमा सिंहबाट उनीहरूको अनुभवबाट विविध महत्वपूर्ण जानकारी प्राप्त गरेका थिए ।

मिस नेपाल-२०१९ का सहभागीहरूले पशुपति वृद्धाश्रमको स्थलगत भ्रमण गरेका थिए । माइती नेपाल पुगेर चेलिबेटी बेचबिखनको अवस्था, उद्धार गरिएका महिला र तिनको पुनर्स्थापना तथा माइती नेपालका गतिविधिसम्बन्धी जानकारी हासिल गरेका थिए । भ्रमणकै क्रममा सहभागीहरूले नेपाल टेलिभिजनको स्टुडियोको पनि भ्रमण गरेका थिए । सहभागीहरूले यामाहाको एक्टिभेसन कार्यक्रममा सहभागी भएर ट्राफिक नियम तथा सुरक्षित सवारीसम्बन्धी जानकारीसमेत प्राप्त गरे । यामाहा एक्टिभेसनकै क्रममा सहभागीहरूले यामाहा फेश अफ फ्याशिनो अवार्डका लागि पनि प्रतिस्पर्धा गरे । यसैगरी उनीहरू डाइनिङ एटिकेट्सका बारेमा प्राइभ नेपालमा आयोजित प्रशिक्षण कार्यक्रममा सहभागी भए ।



सहभागीहरूले आर बी डायमन्ड ज्वेलर्सको भ्रमणमा सहभागी भै ज्वेलरी मेकिङका विभिन्न आयामका सम्बन्धमा साक्षात्कार गरेका थिए । मिस नेपालका सहभागीहरूलाई अझ बढी प्रतिस्पर्धी र जुझारु बनाउनुका साथै उनीहरूको शारारिक तन्दुरुस्ती, टिम स्पिरिट आदिको मूल्यांकनसँगै अन्तर्राष्ट्रिय प्रतियोगिताको फर्म्याटमा पनि अभ्यस्त बनाउने हेतुले पछिल्ला केही संस्करणदेखि निरन्तरता पाउँदै आएको स्पोर्ट्स इभेन्ट यस पटकको संस्करणको आकर्षणमा रह्यो । यसअन्तर्गत सहभागीहरूले आफूलाई समूहगत एवं व्यक्तिगत प्रतिस्पर्धामा उभ्याएका थिए, जसबाट विभिन्न इभेन्टअन्तर्गत विजेता र समग्रमा मिस एथ्लिट चयन गरिएको थियो ।

यस पटकको मिस नेपालको प्रशिक्षणअन्तर्गत धुलिखेलको क्लोज क्याम्प पनि महत्वपूर्ण रह्यो । धुलिखेलस्थित होटल हिमालयन होराइजनको तीन दिने क्लोज क्याम्प अन्लिस द म्याजी इन यू शीर्षकमा सहभागीहरूले आफ्नो व्यक्तित्वको सबल एवं सकारात्मक पक्षलाई बुझ्ने, त्यसलाई निखार्ने सँगै आफ्ना कमजोरीको पहिचान र तिनको सुधारमा आफूलाई अग्रसर बनाउने वातावरण प्राप्त गरेका थिए । ग्रुमिङ एवं प्रशिक्षण बाहेक सहभागीहरूले यस पटकको प्रतियोगितामा समेटिएका विभिन्न उपाधिका लागि पनि आफ्नो प्रस्तुति दिइसकेका छन्, जसमा विजेता भएकाहरूको नाम फाइनल इभेन्टबीच घोषणा गरिनेछ । मिस नेपालका विभिन्न उपाधिअन्तर्गत मिस फोटोजेनिक, वेष्ट कम्लेक्सन, मिस इन्टिलेक्चुयल, मिस कन्फिडेन्ट, बेस्ट हेयर, मिस ट्यालेन्ट आदि एवार्डका लागि प्रतिस्पर्धा एवं मूल्यांकन सम्पन्न भैसकेको छ ।

## नयाँ वर्ष-२०७६ को क्यालेन्डरमा मिस नेपाल-२०१९ का प्रतिस्पर्धी

सिल्भर जुब्ली संस्करणको मिस नेपाल प्रतियोगिताको तयारी अघि बढिरहेको अवस्थामा उक्त प्रतियोगिताको क्राउन पार्टनर आरबी डायमन्ड ज्वेलर्सले नयाँ वर्ष २०७६ को क्यालेन्डर प्रकाशनमा ल्याएको छ । उक्त क्यालेन्डरमा मिस नेपाल-२०१९ का २५ जना प्रतिस्पर्धी फिचर भएका छन् । ग्ल्यामर फोटोग्राफर अमृत बज्राचार्यले खिचेका ती तस्बिरमा मिस नेपाल-२०१९ का प्रतिस्पर्धीहरू विभिन्न आकर्षक पहिरनमा सजिएका छन् । उक्त क्यालेन्डरको वैशाख महिनाको पृष्ठमा जेनी महर्जन तथा मीरा कक्षपति फिचर भएका छन् । उनीहरू शेर्पा समुदायको पहिरनमा देखिन्छन् । जेठ महिनाको पृष्ठमा निशा पाठक तथा किरण थापा फिचर भएका छन्, जसमा उनीहरू नेवार समुदायको बेहुलीको भेषमा प्रस्तुत भएका छन् । असार महिनाको पृष्ठमा भने शिवानी घिमिरे तथा रक्षा उप्रेती आर्शिया काउचरले तयार पारेको ब्राइडल लेहेंगामा देखिन्छन् ।

क्यालेन्डरको साउन महिनाको पृष्ठमा जेनिशा थपलिया र रिया बस्नेतलाई देख्न सकिन्छ । उनीहरू रेड बोर्डर फेसनको हरियो रंगको फुल लेन्थ वन पिस ड्रेसमा प्रस्तुत भएका छन् । भदौ महिनाको पृष्ठमा अलिशा जोशी तथा अश्मिता महर्जन फेस्टिभल साडीमा सजिएको पाइन्छ । असोज महिनाको पृष्ठमा सारा बजिमय तथा न्यान्सी बोगटी चाडपर्वको परिवेश सुहाउँदो लेहेंगामा देखिएका छन् । यसैगरी कुर्ता सेटका सजिएका छन् सात्वना मालाकार र लक्ष्मी राउत । उनीहरू क्यालेन्डरको कात्तिक महिनाको पृष्ठमा फिचर भएका छन् । मंसिर महिनाको पृष्ठमा रोयल लुकको ब्राइडल वेयरमा देखिएका छन्– प्रथा अधिकारी र प्रकृति कटवाल । पुस महिनाको पृष्ठमा भने सोफिया भुजेल तथा पूजा श्रेष्ठसँग साक्षात्कार हुन सकिन्छ । उनीहरू रेड बोर्डर फेसनको ककटेल वेयरमा देखिन्छन् । क्यालेन्डरको माघ महिनाको पृष्ठमा लिम्बू ब्राइडल वेयरमा देखिएका छन्– नितिका कर्माचार्य र रोज लामा । फागुनको महिनाको पृष्ठमा स्मार्ट फर्मल वेयरमा सजिएका छन् संस्कृति घिमिरे, अनुष्का श्रेष्ठ र शुभेच्छा अधिकारी । क्यालेन्डरको चैतको महिनाको पृष्ठमा विपना सुवेदी तथा प्रदिप्ता अधिकारी क्रिस्चियन ब्राइल वेयरमा सजिएका पाइन्छन् ।

अपराध

# उठेन रहस्यको पर्दा
# रीनाको हत्या कि आत्महत्या

सरोज बस्नेत

मोरङको पथरी, शनिश्चरे-१ बजार क्षेत्रमा निर्वस्त्र अवस्थामा मृत अवस्थामा फेला परेकी रीना खड्का बस्नेतको हत्या हो कि आत्महत्या भन्ने विषयको अन्यौल कायमै छ। गत वैशाख ७ गते तेह्रथुम स्थायी घर भै हाल पथरी, शनिश्चरे-१ मा वीरबहादुर बस्नेतको घरमा डेरामा बस्दै आएकी २९ वर्षीया रीनाको शव उनकै डेराअघि फेला परेको थियो। वैशाख ६ गते राति पथरीमै भएको सांगीतिक कार्यक्रम हेर्न रीना छोरा साइमनसहित पुगेकी थिइन्। छोरासँगै घर फर्किएकी रीना बिहान निर्वस्त्र अवस्थामा मृत भेटिएकी थिइन्। रीनाको नियोजित रूपमा हत्या भएको भन्दै दोषीलाई कारबाहीको माग गर्दै स्थानीय व्यवसायी कविता पराजुलीको नेतृत्वमा संघर्ष समिति नै गठन गरी चरणबद्ध आन्दोलनमा उत्रियो। सोमबार चार घण्टा सडक अवरुद्ध गर्दै घटनाको दोषी सार्वजनिक गर्न माग गरियो। स्थानीयवासीको दबाबसँगै सोही दिन रीनाका प्रेमी भनिएका कमल नेपाललाई प्रहरीले सोधपुछका लागि नियन्त्रणमा लियो। मंगलबार पनि हत्यारा सार्वजनिक नगरेको भन्दै संघर्ष समितिको नेतृत्वमा भएको आन्दोलन केही अराजक भयो। पथरी, शनिश्चरे नगरपालिकामा तोडफोड तथा वडा नम्बर १ को कार्यालय र पथरी उद्योग वाणिज्य संघको कार्यालयमा तालाबन्दी गरियो भने त्यसपछि सडक अवरुद्ध र पथरी बजार बन्द गरियो। ठूलो संख्यामा उपस्थित स्थानीय बासिन्दाको आक्रोशित भीडले इलाका प्रहरी कार्यालय, पथरीमा ढुंगामुढा गरेपछि प्रहरीले दुई राउन्ड हवाई फायर तथा २९ राउण्ड अश्रुग्याँस प्रहार गरेको थियो। सोही क्रममा आधा दर्जनभन्दा बढी स्थानीय बासिन्दा तथा प्रहरी घाइते भए। रीना मृत्यु प्रकरणले उग्र रूप लिएपछि मंगलबार बेलुका प्रशासन र संघर्ष समितिबीच भएको छलफलमा तीन दिनभित्र घटनाको सत्यतथ्य सार्वजनिक गर्ने सहमति बन्यो। बुधबार पुनः बसेको अर्को बैठकले ७ दिनभित्र मात्र रिपोर्ट आउने भन्दै प्रहरी प्रशासनले थप समयको माग गऱ्यो। त्यसपछि फेरि अर्को समिति सहमति कायम भै संघर्ष समितिले आन्दोलनका सम्पूर्ण कार्यक्रम फिर्ता लियो। बुधबारदेखिनै पथरी फेरि शान्त भयो। केही दिन अशान्त रहेको पथरी अहिले शान्त भैसकेको छ। रीनाका आफन्त तथा परिवारका सदस्यहरूले भने घटनाको अनुसन्धान नै प्रभावित तुल्याउने गरी आन्दोलन गरिएको भन्दै संघर्ष समितिप्रति असन्तुष्टि जनाएका छन्। परिवारले आइतबार रीनाको शव चतरामा अन्त्येष्टि गरिसकेको छ। रीनाको मृत्युपश्चात् वैदेशिक रोजगारमा रहेका उनका पति सन्तोष बस्नेतसमेत दुबईबाट फर्किसकेका छन्।

यसबीच संघर्ष समितिकी संयोजक कविता पराजुलीले पीडित परिवारकै कारण रीनालाई न्याय दिन नसकेको भन्दै आइतबार साँझ पत्रकार सम्मेलन नै गरेर समिति विघटन गरिन्। 'आफूहरूले रीनाको न्यायका लागि आन्दोलन गरे पनि परिवारकै साथ नभएका कारण समिति विघटन गरेका हौं,' पराजुली भनिन्। स्थानीयवासीहरूले भने अहिले पनि रीनाको आत्महत्या नभई हत्या नै भएको दाबी गरिरहेका छन्।


मृतक रीना

### सत्यतथ्य बाहिर ल्याऊ

रीनाका लागि न्यायको माग गर्दै पथरी बहुमुखी क्याम्पसका महिला विद्यार्थी तथा महिला फेडेरसनको संयुक्त आयोजनामा शनिबार इलाका प्रहरी कार्यालय, पथरीमा धर्ना कार्यक्रम सम्पन्न गरे। उनीहरूले त्यालीसहित करिब १ घन्टा धर्ना दिएका थिए। उनीहरूले प्रहरीलाई ज्ञापन पत्रसमेत बुझाएका छन्। कार्यक्रममा प्रदेशसभा सांसद कृष्णकुमारी राई, पथरी बहुमुखी क्याम्पसकी स्ववियु उपाध्यक्ष नीता कुलुङ राई आदिले मन्तव्य व्यक्त गरे। यसबीच रीनाकी आमा विष्णुमाया खड्काले सरकारले रीनालाई न्याय दिने आशा व्यक्त गरिन्। साप्ताहिकसँगको कुराकानीमा उनले भनिन्-सरकार नै लागेको छ, न्याय त पाइन्छ होला नि ? पारिवारिक सल्लाहबमोजिम नै रीनाको अन्त्येष्टि गरिएको उनले जानकारी दिइन्।

> निर्वस्त्र अवस्थामा भेटिएको रीनाको शव बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा पोस्टमार्टम गरिएको थियो। पोस्टमार्टम रिपोर्टमा टाउको र छातीमा गम्भीर चोटका कारण मृत्यु भएको देखिएको छ। रिपोर्टमा हत्या भएको ठोस प्रमाण फेला नपरेको प्रहरीले जनाएको छ।

### रिपोर्टले के भन्छ

निर्वस्त्र अवस्थामा भेटिएको रीनाको शव बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा पोस्टमार्टम गरिएको थियो। पोस्टमार्टम रिपोर्टमा टाउको र छातीमा गम्भीर चोटका कारण मृत्यु भएको देखिएको छ। रिपोर्टमा हत्या भएको ठोस प्रमाण फेला नपरेको प्रहरीले जनाएको छ। कुनै हतियार प्रहार नगरिएको र बलात्कारपछि हत्या गरिएको कुरा पोस्टमार्टम रिपोर्टले नदेखाएको मोरङ प्रहरीका प्रवक्ता घनश्याम श्रेष्ठले जानकारी दिएका छन्। प्रवक्ता श्रेष्ठका अनुसार, 'माथिबाट झरेका कारण मृत्यु भएको कुरा पोस्टमार्टम रिपोर्टले पनि बोल्छ।'

### अनुसन्धान जारी

प्रहरीले रीना मृत्यु प्रकरणको छानविन गरिरहेको छ। डीएसपी नवराज ढुंगानाको नेतृत्वमा प्रहरी निरीक्षक सुवास भट्टराईसहितको विशेष टोली अनुसन्धानमा खटिएको छ। प्रहरीले करिब ५० जनासँग सोधपुछ गरेको छ। उनीहरूमध्ये ३० जनाको लिखित बयान लिइएको प्रहरीले जनाएको छ जसमा आफन्त, रीनाका साथी, पथरी-उर्लाबारी क्षेत्रका व्यवसायी आदि छन्। प्रहरीले पक्राउ गरेका कमल नेपालविरुद्ध अभद्र व्यवहार मुद्दामा म्याद थप गरिएको छ। प्रहरीले उनको पोलिग्राफ जाँच पनि गरेको छ। उर्लाबारीका व्यवसायी नेत्र घिमिरेलाई पनि प्रहरीले अनुसन्धानको दायरामा ल्याएको छ। यद्यपि रीनाको हत्या भएको कुनै प्रमाण फेला परेको छैन।

### मिडियाका कारण तनावमा

रीनाको मृत्यु प्रकरणमा स्थानीय बासिन्दा तथा आफन्तहरू मिडियालाई अन्तर्वार्ता दिँदा-दिँदा हैरान भएका छन्। पटक-पटक विभिन्न मिडिया (युट्युब)मा घटनासँग जोडेर अन्तर्वार्ता लिनेको होड नै चलेपछि घटनाको विषयमा भ्रम सिर्जना भएको धेरैको बुझाइ छ। पत्रकार तथा युट्युबरबीच सोही विषयमा विवादसमेत सिर्जना भएको थियो। त्यस क्रममा ठेलावाला, साथीभाइ, आफन्त आदिको अन्तर्वार्ता लिन लहरनै चलेको थियो। पत्रकारहरूले स्थानीय पसलको सिसीटिभी फुटेज सार्वजनिक गरेसँगै एक ठेलावाला समस्यामै परे। ठेलावाला कान्छा शेर्पालाई सोही फुटेजका कारण प्रहरी कार्यालय बोलाइयो तर, उनले रीनाको शव बोकेको नभै आलु बोकेको रहस्य खुल्यो। उक्त ठेला रीनाको हत्यापछि शव फाल्न प्रयोग भएको अनुमान गरिएको थियो।



घटनाको निष्पक्ष छानबिनको माग गर्दै स्थानीय


मृतकका शोकाकुल आफन्त




# नेपालमा ट्याटुको अन्तर्राष्ट्रिय मेला


युवापुस्ता र ट्याटु एक-अर्काका परिपूरक झैं बन्न थालेका छन्। नेपाली युवाहरूको ट्याटुप्रतिको क्रेजकै कारण सहरमा बेला-बेलामा ट्याटु महोत्सव आयोजित भैरहन्छ।

यही मेसोमा गत साता ललितपुरको सानेपास्थित हेरिटेज गार्डेनमा नवौं अन्तर्राष्ट्रिय ट्याटु कन्भेन्सन-२०१९ सम्पन्न भएको छ। शुक्रबार प्रारम्भ भएको तीन दिने ट्याटु कन्भेन्सनमा आफ्नो शरीरमा ट्याटु बनाउन चाहने युवा-युवतीहरूको बाक्लो उपस्थिति देखिन्थ्यो।


कन्भेन्समा सहभागी युवा-युवतीहरूले विभिन्न अक्षरसहित भगवान् तथा कलाकारका आकृति खोपिरहेका थिए। कन्भेन्सनमा भेला भएका युवा-युवतीहरूले आफ्नो रोजाइका डिजाइनका ट्याटु आफ्नो शरीरमा खोपाएको देखिन्थ्यो। ट्याटु खोपेर आनन्द लिनेहरूसँगै ट्याटु खोपेको दृश्य देखेर आतंकित हुनेहरू पनि उत्तिकै थिए। ट्याटु कन्भेन्सनमा नेपालसहित विभिन्न देशका २ सयभन्दा बढी ट्याटु कलाकार सहभागी भएको बताइएको छ।


तस्बिरहरू : महेश प्रधान












# मातातीर्थ औंसीको महत्व



***जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी***

महर्षि वाल्मिकी रचित महाकाव्य रामायणमा त्यसका मुख्य पात्र रामद्वारा उच्चारण गरिएको यो श्लोकले भन्छ : आफूलाई जन्म दिने आमा र आफू जन्मिएको भूमि बराबर स्वर्ग पनि होइन । आमाको महत्व र स्थान दर्साउन यो श्लोक नै पर्याप्त छ । त्यसैले हाम्रो समाजमा सबै भन्दा पुजनीय भनेकै आमा हुन् । आमालाई पुज्ने वा इश्वरिय आसन दिने संस्कार नेपाली वा हिन्दूहरूमा मात्र नभै संसार भरिका सबै जाति, समुदाय, सम्प्रदाय एवं धर्ममा समान रूपले व्याप्त छ । अझ कतिपय समाज त मातृसतात्मक परम्पराद्वारा संचालित हुँदै आएको छ । यही सेरोफेरोमा भोलि शनिबार मनाइने मातातीर्थ औंसीको महत्व यहाँ वर्णन गरिरहनु पर्दैन । हिन्दू परम्पराका दृष्टिकोणले हेर्ने हो भने मातातीर्थ औंसीका दिन आफ्नी आमा र आमातर्फका मावली पूर्वजहरूलाई तर्पण दिइन्छ । त्यसैले पनि हाम्रो समाजमा यो पर्वको विशिष्ट महत्व रहँदै आएको छ ।

मातातीर्थ औंसीका दिन नेपालमा मातृ दिवस वा आमा दिवस मनाइन्छ । यो आमालाई सम्मान गर्ने र सम्झने दिन पनि हो । हिन्दू संस्कृतिअनुसार वैशाख कृष्णपक्ष औंसीका दिन आमाको मुख हेर्ने दिन वा मातातीर्थ औंसीका रूपमा चिनिन्छ । यो दिन जन्म दिने आमाको मुख हेरी गच्छेअनुसार मीठो-मसिनो ख्वाउने चलन छ । आमा नहुनेहरूले भने थानकोटस्थित गर्जुधारामाथि पहाडको फेदीमा रहेको मातातीर्थमा स्नान गरी तर्पण दिन्छन् ।

## मातातीर्थसँग जोडिएको कथा

भगवान् विष्णुको सातौं अवतार मानिने मर्यादा पुरुषोत्तम श्रीराम वनवासका क्रममा घुम्दै एकदिन मातातीर्थ आइपुगे । उनलाई अपरिचित र नौलो देखेर स्थानीय बासिन्दाहरूले आक्रमण गरे । फलस्वरूप राम र स्थानीय बासिन्दाहरूबीच घमासान युद्ध भयो । युद्धले गर्दा दुवै पक्ष तिर्खाले आकुल-व्याकुल भए । त्यही बेला माता सीतालाई पनि प्यास लाग्यो । पानी खोज्दै जाँदा कतै पानी नभेटिएकाले भगवान् रामले गंगामाताको स्तुति गरे- 'माता गंगासमो तीर्थ पिता पुष्कर मे वच:' भन्ने मन्त्रोच्चारण तीन पटक गर्दै रामले जमिनमा वाण प्रहार गरेपछि वाण लागेको ठाउँमा पानीको कुण्ड बन्यो । त्यहाँ माता सीताजीले सारा ब्रह्माण्डको साक्षात् दर्शन पाउनुभयो । ब्रह्माण्डको दर्शन पाउँदा उहाँको स्वरूप कुण्डमा रहेको ढुंगामा कोरिन पुग्यो ।

अर्को कथाअनुसार कुनैबेला घना जंगल रहेको त्यो ठाउँमा गोठालाहरू गाई चराउन आउँथे । उनीहरू त्यही कुण्डको नजिकै बसेर खाजा खान्थे । ती गोठालाहरूमध्ये एण्टा गोठाला खाजा नखाई कुण्ड भएतिर मात्र जान्थ्यो । उसले त्यहाँ रहेको कुण्डमा आफ्नी आमाको दर्शन पाएकाले ऊ घर फर्कने वेलामा एक्लै फर्कन नमानेको र आमालाई पनि सँगै लाने इच्छा राख्दा आमाले छोरालाई हामी मृत आमाहरूको दर्शन गर्न सधैं वैशाख औंसीको दिन यो तीर्थमा आउनु भनी छोरालाई सम्झाई-बुझाई घर पठाइन् । भनिन्छ, त्यसै दिनदेखि त्यो ठाउँको नाम मातातीर्थ रहेको हो ।

**विकीबाट**

# आमा



डा. अनिल बराल

मेरो पहिलो रुवाइ
सायद तिम्रो पहिलो सच्चा हाँसो
त्यतिन्जेलसम्म त हाँसो कतै धरौटी
राखेकी थियौ
तिम्रो रगत र पानीको डल्लोबाट म
श्वास फेर्न तर्ग्रिंदै गर्दा
आफ्नो श्वास नै बिर्सिएकी थियौ होला नि
मृत्युको मुखबाट उछिट्टिनुपर्दा
भोक-प्यास मेटाउन तिम्रा लाम्टा चुस्दै गर्दा
कहिल्यै मलाई जुको ठानिनौ
लतपतिएका मेरा पुठा सफा गर्न
कहिल्यै घिन मानिनौ
बरु बिर्सियौ हौली तिमी आफै कति भोकी, कति प्यासी थियौ भनेर
अनि कस्ति झुत्री मैली थ्यौ भनेर
म कत्ति हाँस्थे, अबोध न थिएँ
तिमी कत्ति रुन्थ्यौ, मेरो हाँसोको धेरै पीर थियो
कतै कलिलैमा ओइली झर्छन् कि भनेर
कतै न उम्रँदै माटो भित्रै विलीन हुन्छन् कि भनेर
म लड्थे तिमी उठाउँथ्यौ, तिमी लडिनौ कहिल्यै, कि मैले देखिनँ ?
तिम्रो काख नै काफी, आगो कहिल्यै चाहिएन
कठ्याङ्ग्रिदा सेकिन
सम्झन्छु पेटमा दौडिएका मुसा..
मुसा त छानामा पनि दौडन्थे..तिमी धपाउँथ्यौ दुवै थरी मुसा..
तिमीभित्र त सायद बिरालो नै पालेकी थियौ कि
मैले भेउ नै पाइनँ
तर तिमी त आफै बघिनी थियौ
बिरालो किन चाहिन्थ्यो ?
समय अघि बढ्यो, किन रोकिन्थ्यो र कसैका लागि ?
हामी पनि कहाँ रोकियौं र हिड्यौं नि समयलाई चुनौती दिँदै,
समाजका वागी
तिमी सिँगौरी खेल्दै नियतिसँग
म सिँगौरी खेल्दै तिम्रो नांगो काखसँग
हुर्कंदै त थिएँ नि हेर्दै तिम्रो चाउरिएको मुहार,
तिम्रो फुस्रा केशराशि, सोची कसरी ल्याउने बहार
जसरी ल्यायौ उसरी छोडी गयौ चटक्क
आफ्नो त हिसाब फर्स्यौट गर्‍यौ
तर मेरो हिसाब, कसलाई बुझाऊँ म ?
नसम्झेको त तिमीलाई हैन.. बिर्सिएको नै कहिले छ र ?
किन आजै आउनुपर्‍या तिमीलाई
परेलीमा साउन भएर ?

# आमा वाणी

**आमाले भन्नुभएको के कुरालाई बढी महत्व दिनुहुन्छ अथवा बारम्बार याद गरिरहनुहुन्छ ?**



जुन जोगी आए पनि कानै चिरिएका भन्नुहुन्थ्यो । उहाँ यो उखान दिनमा ८/१० पटक बोल्नुहुन्थ्यो, आमा मेरो फस्ट एन्ड लास्ट लभर हो ।

**किरण केसी, हास्यकलाकार**

पढ्नुपर्छ, ज्ञानभन्दा ठूलो सन्सारमा केही छैन, आत्मनिर्भरताभन्दा ठूलो सहारा कोही हुँदैन भनेर सधैं झकझकाइरहनुहुन्छ ।

**रञ्जना निरौला, साहित्यकार**

मेरी आमाले भनेको प्राय: सबै कुरा महत्वपूर्ण नै लाग्छ । किनभने आमाले नि:स्वार्थ सल्लाह दिनुहुन्छ । जसमध्ये सबैभन्दा बढी उहाँले मलाई केयर गरेको र सधैं हौसला दिने गरी गरेका कुरा स्मरणीय छ ।

**समिक्षा पोखरेल, मोडल**

आफ्नो ख्याल गर, समयमा खाऊ, समयमा घर आऊ, आफ्नो इमानमा बस भनेर दिने अर्ती खुब सम्झन्छु ।

**अनिता चलाउने, गायिका**

म अलि विक छु त्यसकारण आमाले समय-समयमा खानू, मान्छे भएर आफैं ज्यून सक्ने हुनुपर्छ, अरुको भरमा बस्नु हुँदैन भन्नुहुन्छ ।

**सरु बुढा, नर्स**

म धेरैजसो घरबाहिर हुने हुँदा साँझ छिट्टै आऊ भन्नुहुन्छ, ढिलो भयो भने अबेरसम्म पनि कुरेर खाना नखाई बस्नुहुन्छ, जति ढिलो भए पनि घर जानैपर्छ ।

**किशन सुन्दर**

ठूलो मान्छे होइन, असल मान्छे बन ।

**शिखर सन्तोष, संगीतकार**

मेरा बाबा-आमाका नौ जना सन्तान, बाबाआमाले बालिघरे प्रथामा कपडा सिलाएर हामीलाई हुर्काउनुभएको हो रे । सबैलाई स्कुल पढाएकी मेरी आमालाई गाउँलेहरू बारम्बार भन्थे– छोरी पढाएर के गर्छौ ? आमा भन्नुहुन्थ्यो– छोरी पढाएर के गर्छेस् भन्ने समाजलाई तिमीहरूले देखाउनुपर्छ । म यो कुरा बारम्बार सम्झिरहेकी हुन्छु ।

**बिन्दु परियार, सामाजिक अभियन्ता**

म सानोमा एकदम डराउने स्वभावको थिएँ, मेरी मामुले मलाई छोरा मान्छे सानोतिनो कुरामा डरा'को राम्रो होइन, मुटु दह्रो पार्नुपर्छ भन्नुहुन्थ्यो । यही कुराले मलाई सधैं बलियो बनाइरहन्छ । यही कुराले मेरो जीवनमा धेरै परिवर्तन ल्याएको छ ।

**पहेल कार्की, भिजे**

जुनसुकै काम गर्नुअघि तीनटा कुरा सधैं याद राख्नु, पहिलो म को हुँ, दोस्रो अहिले मैले के गर्नुपर्ने हो र म अहिले के गरिरहेकी छु । यी कुराले कहिल्यै गल्ती हुन दिँदैन भन्नुहुन्थ्यो ।

**जानकी पन्त, गायीका**

बाँच्नका लागि केही राम्रो कुरा भन्नु, मर्ने बेलाका लागि केही राम्रो बनाउनु, मरेपछि तिमीलाई कसैले सम्झिरहोस् । सधैं पपुलारिटी नहेर्नु, आफूलाई मानिसले मन-मस्तिष्कबाट सम्झने व्यक्ति बनाउनु ।

**लसता जोशी, गायक**

इमान्दार हुनु, सुखमा नमात्नु, दु:खमा नआत्तिनु भन्नुहुन्थ्यो ।

**नीता ढुंगाना, अभिनेत्री**

कहिलेकाहीं हाम्राबारेमा उहाँले राख्नुभएको जिज्ञासामा हजुरलाई आवश्यक नै छैन, नचाहिँदो कुरामा किन दिमाग दुखाउनु भनेर गाली गर्दा र झर्को मान्दा तिमीहरू आमा बनेसी था'पाउँछौ भन्नु हुन्छ जसले झसङ्ग पार्छ र आमाप्रतिको भावनामा आफू चुकेको हो कि भन्ने बोध भैरहन्छ ।

**नानी थापा, रंगकर्मी**

जीवन संघर्षको चाङ्ग हो । निरन्तर संघर्ष गर्नु, कहिले निराश नहुनु भन्नुहुन्थ्यो । यी कुरालाई मैले सधैं आत्मसाथ गरेकी छु ।

**रेखा शाह**

आफूले गर्न खोजेको कुरा सफल बनाउने हो भने एकोहोरो आफ्नो उद्देश्य प्राप्तमा लागिरहनु पर्छ भनेर सुझाव दिइरहनु हुन्छ ।

**दीपक घिमिरे, मोडल**

कहिल्यै बाटो नबिराउनु, आफूलाई इच्छा भएको कुरामा मेहनत गर्नु । आमाको नाक काट्ने काम कहिल्यै नगर्नु भन्नुहुन्थ्यो ।

**पल्पसा डंगोल, हास्य**

# कुन देशमा कहिले सम्झिन्छ आमालाई



आफूलाई जन्म दिने आमा सबैलाई प्यारी लाग्छिन् । आमाका सम्बन्धमा नकारात्मक दृष्टि राख्ने सन्तान संसारमा सायदै हुन्छन् । सँगै रहेका सन्तान हुन् वा टाढा रहेका, सबैले दैनिक एकपटक आफ्नी आमालाई सम्झिएकै हुन्छन् । यद्यपि विश्वका धेरै देशमा सबैले एकैपटक सम्झना गर्ने छुट्टै आमा दिवस अर्थात् मदर डे नै तोकेका छन् । यसरी फरक-फरक समयमा, फरक सन्दर्भमा आमालाई संसारभर सम्झना गरिएको पाइन्छ ।

नेपालमा हिन्दू धर्मावलम्बीहरूले वैशाख कृष्णपक्षको औंसीको दिन आमाको मुख हेर्ने दिनका रूपमा मदर्स डे मनाउँछन् । यो दिनलाई मातातीर्थ औंसी पनि भनिन्छ । यो दिन आमा हुनेले बिहान उठेर आमालाई ढोगभेट गरी आफ्नै हातले बनाएको परिकार ख्वाउने चलन छ भने आमाको मृत्यु भैसकेकाहरूले भने विभिन्न मन्दिरमा पुगेर आमालाई सम्झँदै पूजापाठ गर्छन् ।

**कुन देशले कहिले मनाउँछन् आमा दिवस ?**

- नर्वेमा फेब्रुअरीको दोस्रो आइतबार
- जर्जियामा ३ मार्च
- अफगानिस्तान, अल्वानिया, अमेरिका, अजरबैजन, बेलारुस, बोस्निया हर्जगोविना, बुल्गेरिया, बुरुन्डी, ब्रकिनाफासो, काजकस्तान, कोसोभो, लाओस, म्यासेडोनिया, मोल्डोभा मोन्टेनिग्रो रोमानीया, सार्विया, उज्वेकिस्तान तथा भियतनाममा ८ मार्चमा अन्तर्राष्ट्रिय महिला दिवस मनाइन्छ ।
- आयरल्यान्ड, नाइजेरिया, युके आदिमा मार्चको चौथो आइतबार मोदरिङ सन्डेका रूपमा मनाइन्छ ।
- २० वटा अरेबियन देशमा मार्च २१ का दिन आमालाई सम्झिइन्छ ।
- स्लोभानियामा २५ मार्चलाई आमालाई सम्झने दिनका रूपमा लिइन्छ ।
- अर्मेनियामा ७ अप्रिलको दिन मातृत्व तथा सुन्दरता दिवस मनाइन्छ ।
- अंगोला, हंगेरी, मोजाम्बिक, पोर्चुगल तथा स्पेनमा मे महिनाको पहिलो शनिबार आमाको सम्झना गरिन्छ ।
- साउथ कोरियामा ८ मेलाई अभिभावक दिवसका रूपमा मनाइन्छ, जसमा विशेष गरी आमालाई मुख्य अभिभावक मानिन्छ ।
- सबैभन्दा बढी देशले मेको दोस्रो आइतबारलाई आमा सम्झने दिनका रूपमा लिन्छन् । छिमेकी देश भारत, पाकिस्तान, बंगलादेश, अमेरिका आदि करिब ९५ वटा देशले यो दिनलाई आमा विशेषका रूपमा मनाउने चलन छ ।
- पोर्चुगल- १५ मे
- रसिया- १९ मे
- इजरायल- २२ मे
- पोल्यान्ड- २६ मे
- बोलिभिया- २७ मे
- अल्जेरिया, क्यामरुन, डोमेनिकन रिपब्लिक, फ्रान्स, माले, मोरक्को, नाइजेरिया, हैटी, सेनेगल, स्वीडेन तथा ट्युनिसियाले मेको अन्तिम सन्डेलाई आमा सम्झने दिवसका रूपमा मनाउँछन् ।
- मंगोलियामा १ जुनमा आमा तथा बच्चा दिवसका मनाइन्छ ।
- लक्जेम्बर्गमा जुनको दोस्रो आइतबार तथा साउथ सुडानमा जुलाईको पहिलो सोमबार आमा दिवस मनाइन्छ
- थाइल्यान्डमा १२ अगस्टमा त्यहाँकी रानीको जन्मदिनका दिन आमाको सम्झना गरिन्छ ।
- कोस्टारिका र बेल्जियममा- १५ अगस्टमा
- १४ अक्टोबरमा बुल्गेरिया
- मालावीमा १५ अक्टोबर
- अर्जेन्टिनामा अक्टोबरको तेस्रो आइतबार
- टिमोरलिस्टेमा ३ नोभेम्बर
- नर्थ कोरियामा १६ नोभेम्बर
- पानामामा ८ डिसेम्बर
- इन्डोनेसियामा २२ डिसेम्बर

## आमा @ ट्विट



आजको दिन मात्र होइन, हरेक दिन खुसी रहून् हरेक आमा । हरेक सन्ततिलाई सौभाग्य मिलोस्– आमाको काख, साथ अनि आमाको मुख हेर्ने दिनको- शुभकामना ।

**लक्ष्मी श्रेष्ठ**

म आमाबाट टाढा भएर के भो त ? मेरा लागि ३ सय ६५ दिन नै आमाको पूजा गर्ने दिन हुन् ।

**भौंतारिएको मान्छे**

यो आमाको मुख हेर्ने दिन हो, फेसबुकमा अरूलाई आमाको अनुहार देखाउने दिन होइन ।

**विश्वजित**

आमाबाबाको मुख हेर्ने हरेक औंसी-पुर्णेले उही शोकको घाउ अझ बल्झाइदिँदो रहेछ ।

**भुन्टी**

आज त आमाको मुख हेर्ने दिन पो रहेछ त है ! एकाबिहानै आमा कराउँदै छिटो उठ न हौ, केही अन्हाएर माइत जानुपर्ने भन्दै हुनुहुन्थ्यो, साँच्चै कति खुसि देखिनुहुथ्यो आमा ?

**गफाडी**

नयाँ लुगा किन्न दसैं नै आउनुपर्छ भन्ने छैन, आफ्नी आमा सम्झिन आमाको मुख हेर्ने दिन नै आउनुपर्छ भन्ने छैन । आमाप्रतिको माया एक दिनका लागि मात्र होइन ।

**पुष्पा श्रेष्ठ**

वर्षभरि आफ्नी आमाको हालखबरसम्म नसोध्ने छोरो आमाको मुख हेर्ने दिन आमाका बारेमा ट्विट पोस्ट गरेर श्रवणकुमार बन्न खोज्दैछ ।

**म नेपाली**

आमाको मुख हेर्ने दिन सँघारमा छ, तर म... आमाबिना टुहुरिएँ, आमा हुनेहरू कति भाग्यमानी... तिमीहरू आफ्नी आमालाई नरुवाऊ है ।

**चन्दा घिमिरे**

आमाको मुख हेर्ने दिन भन्दैमा सामाजिक सञ्जालभरि आमाको फोटो पोस्टिने चलन कसले चलायो ?

**इन्दु**

एकसाथ दुईवटा जुनको उपस्थिति असम्भव छ, त्यसैले आमाको मुख हेर्ने दिन औंसीमा पर्छ । सबै आमाहरूमा नमन ।

**प्रेम घर्ती**

सानोमा आमाको मुख हेर्ने दिन बाबासँग पैसा मागेर मिठाई किनेर ख्वाइन्थ्यो, तर आज आफैसँग पैसा छ मिठाई किन्नलाई, तर आमा साथमा छैनन् ।

**छायाँ**

साँच्चै आफ्नी आमालाई ममी, मम् भन्नेहरूले आमाको मुख हेर्ने दिन के भनेर हेर्छन् होला ?

**स्वाभिमानी**

हाम्री आमा वृद्धाश्रममा छैनन् जसको मुख वर्षमा एक दिन हेर्नु परोस्, घरमा भएकी आमाको मुख हँसिलो बनाएर हेर्न मलाई ३ सय ६५ दिन नै आमाको मुख हेर्ने दिन आउँछ ।

**पंकज**

कहिल्लै नरिसाउने, कहिल्लै अँध्यारो अनुहार नहुने पूर्णिमाजस्तै उज्यालो मन भएकी आमाको मुख हेर्ने दिनचाहिँ किन औंसीमा पर्छ ?

**मञ्जरी**



छोरीसँग आमा करिश्मा मानन्धर



आमासँग रंगकर्मी निशा शर्मा



आमासँग अभिनेत्री रेखा थापा



आमासँग पूर्व मिस नेपाल इभाना मानन्धर



छोरीसँग पूर्व मिस नेपाल उषा खड्गी

जनताको विचार

सन्दर्भ : विश्व प्रेस स्वतन्त्रता दिवस

# नेपालमा प्रेस स्वतन्त्रताको उपभोग कस्तो छ ?



साँच्चै भनौं, प्रेस स्वतन्त्रता अहिले एकदमै राम्रो स्थितिमा छ। सरकारले गर्न नसकेको काम प्रेसले गरिदिएको छ। प्रेसले प्रतिपक्षीको भयङ्कर ठूलो भूमिकासमेत निर्वाह गरेको छ। अदालतले फैसला गर्नुपूर्व पत्रकार महोदयहरू आफैंले कतिपय मुद्दाको छिनोफानो गरिदिनुभएको छ। त्यसैले प्रेस स्वतन्त्रता एकदमै मजबुत छ।

**सपना**

प्रेस स्वतन्त्रताको अर्थ नबुझ्दा केही पत्रकारले समाचारको बलात्कार गरेका छन्। स्वतन्त्रताको नाउँमा छाडातन्त्र एवं मनपरीका कारणले यथार्थ घटना ओझेलमा परेका छन्।

**प्रकाश**

कतै राम्रो उपभोग भैरहेको देखिन्छ भने कतै दुरुपयोग पनि भएको छ।

**विश्वास पौडेल**

यो देशमा सबैभन्दा राम्रो उपभोग प्रेस स्वतन्त्रताको नै छ। एउटै विषयलाई हरेकले आ-आफ्नो तरिकाले व्याख्या गर्नु हाम्रो पत्रकारिताको उल्लेख्य कार्य हो।

**मुक्ति नेपाली**

कहिलेकाहीं उपभोग नभएको देखिन्छ, तर कहिलेकाहीं सीमाभन्दा बढी उपभोग भएको पाइन्छ।

**शार्दूल**

गोकुल बाँस्कोटाज्यूसँग सोध्ने प्रश्न रहेछ यो। स्वतन्त्रतामाथि अंकुस लगाउने प्रयास बढिरहेको छ, बेलैमा ध्यान केन्द्रित होस्। चिनी धेरै भए गुलियो हुन्छ, धेरै गुलियो खायो भने सुगर लाग्छ, अनि जीवन समाप्त हुन्छ। त्यसैले स्वतन्त्रता भन्दैमा हद पार गर्नु पनि राम्रो हुँदैन।

**थापाजी**

प्रेस स्वतन्त्रताको प्रयोग अलि धेरै भएको छ। खासगरी अनलाइनमा। नानाभाँती शीर्षक राखेर पाठकहरूलाई दिग्भ्रमित गरिरहेका छन्।

**डीबी गुरुङ**

स्वतन्त्रताको दुरुपयोग बढ्दो छ।

**सुदर्शन**

प्रेस स्वतन्त्रताको चरम दुरुपयोग भैरहेको प्रस्टै छ त।

**सन्तोष देवकोटा**

बढी स्वतन्त्रता उपभोग गर्दा आजभोलि राम्रा विषय पनि ओझेलमा परेका छन्। समाचार बेच्ने नाममा जस्ता पायो त्यस्ता अनलाइन खोलेर जे पायो त्यही पोस्टिएका छन्। कुन कुरा पत्याउने, कुन नपत्याउने ? पाठकहरू दोधारमा छन्।

**अनिल खरेल**

प्रेस स्वतन्त्रताको उपभोग त बबालै भा'छ। त्यो देखेर मलाई पनि पत्रकार बन्न मन लागेर आउँछ। पुलिसले नगरेको काम र न्यायालयले फैसला नगरेको कुरामा निर्णय लेख्ने हिम्मत राख्छ हाम्रो पत्रकारिताले। खोज पत्रकारिताको त हिसाब नै बेग्लै।

**कृष्णाजी अन मुड**

छैन, पत्रकारलाई अझ बढी स्वतन्त्रता दिनुपर्छ। देश विकासमा मिडियाको निकै ठूलो भूमिका हुन्छ।

**बाबुराम घिमिरे**

नेताहरूलाई खिच्चा बनाउने, सामाजिक सञ्जालमा विकृति ल्याउने तथा घटनाहरूलाई अतिरञ्जित गर्ने जस्ता कार्यमा उपभोग भैरहेको पाउँछु प्रेस स्वतन्त्रताको।

**उमेश थापा**

आवश्यकताभन्दा बढी स्वतन्त्रता भयो। कटौती गर्नुपर्ने देखिन्छ।

**दर्शनबाबु गौतम**

सञ्चारमन्त्री गोकुल बाँस्कोटासँग सीधा प्रश्नमा एउटा कडा प्रश्न सोधेको भरमा भोलिपल्टै कार्यक्रम बन्द भनियो, आखिर उक्त कार्यक्रम नै खारेज गरियो। कसरी बुझूँ, यो संयोग थियो कि नियतवश ?

**हरि थापा**

प्रेस कमाउने धन्दा भएको छ, सत्य र निष्पक्षभन्दा पनि स्वार्थप्रेरित पत्रकारिता चलिरहेको छ।

**निर्मलकुमार रग्मी**

प्रेस स्वतन्त्रता पढ्न र सुन्न पाइन्छ, तर ठूलाबडा, दलाल, नेता तथा राजनीतिज्ञहरूका बारेमा सत्यतथ्य समाचार लेख्दा विभिन्न किसिमका डरधम्कीलगायत पक्राउसम्म भएको देखिन्छ भने केही पत्रकारको लेखाइले गर्दा समाचारको विश्वसनीयतामाथि नै आँच पुऱ्याएको पाइन्छ।

**विपुल थापा विकास**

प्रेस स्वतन्त्र होइन, उत्ताउलोचाहिँ भएको छ।

**सचित श्रेष्ठ**

वास्तवमा घिउ नपचेजस्तै भा'को छ। सकारात्मकभन्दा नकारात्मकतामा उपभोग भएजस्तो लाग्छ।

**रामचन्द्र तिमल्सिना**

स्वतन्त्रता ठीकै छ, तर पत्रकारहरू अलि सचेत हुने कि ?

**लोक तामाङ योन्जन**

प्रेस स्वतन्त्रताको नाममा अनलाइन मिडिया तथा निजी एवं पार्टीसम्बद्ध सञ्चारमाध्यमले भ्रामक, कपोलकल्पित, आतंक फैलाउने, विखण्डनकारीहरूको पक्षपोषण गर्ने, धार्मिक तथा जातीय विद्वेष फैलाउने खालका समाचार एवं हल्लालाई संगठित रूपमा सम्प्रेषण गरिरहेका छन्। यस्तो स्थितिमा प्रेस स्वतन्त्रता भन्ने र ?

**अन्जान गुरुङ**

स्वतन्त्रताका नाममा जे मन लाग्यो त्यही लेख्ने र देखाउने भएको छ, भारतको भन्दा कम छैन, नेपालको मिडिया पनि।

**गौतम गणेश**

सानातिना घटनामा पूर्ण स्वतन्त्रता छ, तर ठूल्ठूला घोटाला र जघन्य आपराधिक घटनामा प्रेस स्वतन्त्र छैन।

**रमन श्रेष्ठ**


नेल आर्ट र ब्यूटीसियन ट्रेनिङ्गमा निशुल्क भर्ना



CTEVT बाट मान्यता प्राप्त २४ वर्ष देखी नेपालकै एक मात्र अन्तर्राष्ट्रियस्तरको ब्यूटीसियन कोर्षहरूमा प्रशिक्षण गराउने: Basic, Advance Diploma, Beautician Teacher's Training, Nail Art Technician, Mehandi, Skin, Hair Cutting, Makeup Special र अन्य विविध Short Special कोर्षहरूका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो।

नोट: यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप तथा अन्य देशहरूमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरूका लागि विशेष कोर्ष धमाधम संचालन भईरहेका छन्।

ITC प्रशिक्षण केन्द्र : डिल्लीबजार हुलाक अगाडी ४४१३९५८, ठमेल: ४२१५६२८, लगनखेल बसपार्क: ९८६४२५१९८०, चावहिलचोक: ४४९३३६१, नयाँबानेश्वर: ९८६४२५८७७६, कोटेश्वरचोक: ४६०००१५, कलंकीचोक: ५२३४४८९, गोंगबुचोक: ४०२००९९, बुटवल: ०७१-५४१४६९, नारायणगढ: ०५६-५७२१४४, पोखरा: ०६१-५२४९८१, बाग्लुङ: ०६८-५२२७१०, इटहरी चोक: ०२५-५८७१७५, दाङ घोराही: ०८२-५६३६११, बितामोड: ०२३-५४६५२९


# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

## यो साता

| | |
|---|---|
| **वैशाख २१ गते** मातातीर्थ औंसी, आमाको मुख हेर्ने दिन | **वैशाख २४ गते** अक्षय तृतीया |
| | **वैशाख २५ गते** विश्व रेडक्रस दिवस |
| **वैशाख २२ गते** विश्व हाँसो दिवस | **वैशाख २६ गते** विश्व कानुन दिवस |

### मेष

आफ्नो योजना परिणाममुखी बनाउन कठिन परिश्रम गर्नुपर्नेछ। आकस्मिक यात्रा गर्दा आर्थिक लाभसमेत हुने सम्भावना छ। सभा-सेमिनार आदिमा सहभागी हुने अवसर प्राप्त होला। रातो रंगको प्रयोगले कुनै पनि कुराबाट उचित लाभ लिन सकिनेछ। सप्ताहन्तमा पाहुनाहरूसँग भेटघाट हुने अवसर जुट्न सक्छ।

### वृष

सरोकार नभएको विषयमा चासो नराख्दा नै बेस होला। परिस्थितिअनुसार चल्न नसक्दा अवसर गुम्ने खतरा छ। सोमबारपछि स्थितिमा सुधार आउनुका साथै गुमेको स्थान प्राप्त हुन सक्छ। मनोरञ्जन तथा जलक्रीडा गर्दा स्वास्थ्यको ख्याल राख्नुपर्नेछ। घरायसी व्यवहारको खिचलोबाट टाढै रहनु उचित हुन्छ।

### मिथुन

सामाजिक क्षेत्रबाट मानसम्मान प्राप्त भै बाधाहरू स्वतः फुकुवा हुनेछन्। परिश्रमअनुरूप फल पाइनेछ। खर्च बढ्नाले मंगलबारपछि धनको अभाव महसुस होला। प्रतियोगिताहरूमा आफ्नो भूमिका अग्रणी हुनेछ। साताको अन्त्यमा नाम, दाम तथा इनाम हात पर्न सक्छ।

### कर्कट

आध्यात्मिक चिन्तन, योग तथा ध्यानले दुर्भावनाहरू समाप्त हुँदै भावी मार्ग पहिल्याउन सहज बनाउनेछ। असहज परिस्थितिलाई आत्मसात् गर्दा आकस्मिक लाभ हुन सक्छ। प्रतिष्ठित कार्य प्रारम्भ गर्ने अवसर प्राप्त हुनेछ। साताको अन्त्यमा पश्चिमतर्फको यात्रा लाभदायक देखिन्छ।

### सिंह

अवरोध खडा गर्नेहरू सक्रिय रहे पनि हिम्मतका साथ काममा जुट्नुहोला। प्रतिस्पर्धीहरूलाई उछिन्दै विशेष उपलब्धि हात पार्ने समय छ। अभिभावकहरूसँग सामान्य खटपट हुनसक्छ भने आफ्ना कमजोरीप्रति उहाँहरूको गुनासो बढ्न सक्छ। साताको अन्त्यमा राम्रै आम्दानी गर्ने अवसर जुर्नेछ।

### कन्या

योग, ध्यान तथा भ्रमण गर्न सके तनाव कम होला। मित्रवर्ग स-साना त्रुटि औंल्याउँदै टाढिन सक्ने सम्भावना छ। मनोरञ्जन तथा भोजभतेरमा विदेशी पहुनासँग भेटघाट हुने सम्भावना छ। राति सवारी साधन चलाउँदा संयमित रहनुहोला।

### तुला

जीवनशैली परिवर्तन गर्ने हितैषीहरूको सुझाव अवलम्बन गर्नु हितकर हुन्छ। शुभचिन्तकहरूले विविध क्षेत्रमा सहकार्य गर्ने प्रस्ताव राख्नेछन्। अन्य मुलुकमा समेत लगानी गरी आम्दानीको मार्ग पहिल्याउन साथीहरूबीच मत मिल्नेछ। साताको अन्त्यमा मन पर्ने साथी फेला पर्नुका साथै प्रेमको बन्धन कसिन सक्छ।

### वृश्चिक

योजनाहरू आंशिक रूपमा पूर्ण हुनेछन्। प्रेमी-प्रेमिकाको सहयोगमा महत्वपूर्ण कार्य सम्पन्न गर्न सकिनेछ। वैदेशिक कार्यमा सफलता हात पर्नेछ। चिसो तथा राति अबेरसम्मको कार्यले स्वास्थ्यमा गडबडी देखा पर्न सक्छ। सूर्य देवको सेवाले प्रायः समस्या निराकरण हुनेछन्।

### धनु

झन्झटिला कार्यको बोझ आइलाग्दा सचेत भै कार्य सम्पन्न गर्नुपर्नेछ। मित्रको सल्लाहअनुरूप विदेशमा अध्ययनको मौका जुर्न सक्छ, विलम्ब नगर्नुहोला। परिस्थितिलाई बेवास्ता गर्नाले व्यवहारिक झमेला आइलाग्न सक्छ। कालो रंगको सवारी साधन नचलाउनु नै उचित हुन्छ।

### मकर

आफूसँग भएको क्षमता प्रदर्शन गरी सफलता प्राप्त गर्न सकिनेछ। असहज परिस्थितिबाट उम्कन सोचेभन्दा बढी खर्च गर्नुपर्नेछ। उपल्लो दर्जाका विशेष व्यक्तिले दिएका सुझावले अधुरा कार्य पूरा गर्न सहयोग पुऱ्याउनेछ। परोपकारमा रुचि बढ्नेछ।

### कुम्भ

रोजगारीको नयाँ क्षेत्र पहिचान गरी लाभ लिन सकिनेछ। मित्रको सहयोगबाट हौसला प्राप्त हुनेछ। सामाजिक क्षेत्रको लगानीले विदेश भ्रमणको अवसर जुराउनेछ। प्रलोभन देखाउनेहरूबाट टाढै रहँदै प्रतिष्ठा जोगाउनुहोला। साताको अन्त्यमा स्वास्थ्यको हेक्का राख्नुपर्नेछ।

### मीन

मन मिल्ने साथीले वचन फेर्दा आफूलाई चोट पुग्न सक्छ। मझौला तथा साना दुवै खाले लगानीबाट आर्थिक लाभ हुनेछ। आफ्नो कमजोरीबाट फाइदा उठाउनेहरू सलबलाउन सक्छन्, ध्यान दिनुहोला। सम्पन्न हुन लागेको कार्य पारिवारिक खिचातानीले अवरुद्ध हुनसक्छ।

डा. सुमनको सल्लाह

# ब्रह्मचर्य र बहुपति प्रथा



डा. सुमनराज ताम्राकार

त्यसो त ब्रह्मचर्य र बहुपति नितान्त फरक विषय हुन् । यिनलाई दुई विपरीत ध्रुव भन्दामा फरक पर्दैन, तर नेपालमा यी दुई विषयबीच के समानता छ भने नेपालमा निकै थोरै मानिसले मात्र यी प्रथा वा प्रचलन अँगालेको पाईन्छ ।



## ब्रह्मचर्य

संकुचित समाज एवं यौनिक क्रियाकलाप व्यक्त गरी नहाल्ने प्रवृत्तिले पहिले विवाह नगरी यौनसम्पर्क सायदै गरिन्थ्यो वा गरिए पनि प्रकाशमा आउँदैनथे । त्यसो भएर विवाह नगर्नुलाई यौन सम्पर्कको अनुभव नहुनु सरह मानिन्थ्यो र उमेर पुगेपछि वा ढल्किएपछि पनि विवाह नगरी बस्ने चलनलाई ब्रह्मचर्यका रूपमा लिइन्थ्यो । व्यक्ति विशेषसँग यौन क्षमता भए पनि यौन प्रतिको भिन्न दृष्टिकोणका कारण ब्रह्मचर्य पालना गरेको हुनुपर्ने मान्यता छ ।

यो केवल यौन सम्पर्क राख्न नचाहनुसँग सम्बन्धित नभई ब्रह्मचर्यलाई अध्यात्मसँग पनि जोड्न सकिन्छ । यो आफ्नो शरीर अनि मन माथिको पूर्ण नियन्त्रणको प्रयास पनि हो । आधुनिक चिकित्साले व्याख्या गरे भन्दा पृथक् पहिले-पहिले पुरुषहरू शरीरमा वीर्य उत्पादनका कारण बढी शक्ति क्षय हुने कारणले यौनसम्पर्कका बेला वीर्य स्खलन नहुने भएपछि ब्रह्मचर्य पालनाले शक्ति सञ्चय हुने विश्वास गर्थे, तर त्यो सत्य होइन ।

किशोरावस्थामा पुगेपछि वीर्य उत्पादन, वीर्य निष्कासन (हस्तमैथुन वा स्वप्नदोष वा यौनसम्पर्कका बेला) एवं वीर्य क्षय नियमित शारीरिक प्रक्रिया हुन् । परापूर्वकालमा जे जस्तो नियम वा परहेजलाई धर्म, पापसँग जोडिदिएपछि गम्भीरतापूर्वक पालना गरिने कारणले पनि ब्रह्मचर्यलाई पृथक ढंगले हेरिएको हो । मानिस यौनिक प्राणी हो । यौनकै पछि मात्र लागेको खण्डमा आफ्नो उद्देश्य, लक्ष्य, व्यक्तित्व विकास तथा आर्थिक उन्नति आदिबाट विमुख हुनसक्ने हुनाले पनि ब्रह्मचर्यको सिद्धान्त पालना गरिन्थ्यो ।

पहिलेको समयमा जे-जति कारणले ब्रह्मचर्य पालना गरिएको भए पनि यौन स्वास्थ्यको दृष्टिले साँच्चिकै ब्रह्मचर्यपालन गरेको खण्डमा एचआईभी/एड्स लगायत यौन संक्रमण नसर्ने, यौन दुर्व्यवहार तथा यौन हिंसाका विभिन्न घटना घट्ने विश्वास गर्न सकिन्छ ।

ब्रह्मचर्य आफ्नो स्वेच्छाले नभई बाध्यताले पालना गरेको भए जबर्जस्ती आफ्नो यौनेच्छा दबाउनुपर्दा यौन मनोरोग निम्तिन सक्ने सम्भावना हुन्छ । सबैले आ-आफ्नै तवरले यौन जीवन जिउने कुरालाई अन्यथा मान्नु हुँदैन । यद्यपि यो कार्यले अन्य व्यक्तिको यौन तथा सामाजिक जीवन अप्ठ्यारोमा पर्नु हुँदैन । ब्रह्मचर्य पालना गर्न चाहने व्यक्तिले वैवाहिक वा प्रेम सम्बन्ध राखेर महिला पार्टनरलाई धोका दिन मिल्दैन । कहिलेकाहीं कुनै सामान्य भन्दा भिन्न व्यवहार गर्न चाहने व्यक्तिमा कुनै मनोरोग सुषुप्त अवस्थामा रहेको हुनसक्छ । त्यसैले यो पक्षमा ध्यान दिई आवश्यक परेको खण्डमा मनोचिकित्सकको सल्लाह परामर्श लिन आनाकानी गर्नु हुँदैन ।

## बहुपति

एक महिलाले दुई वा दुई भन्दा बढी व्यक्तिलाई पतिका रूपमा अंगिकार गर्ने परिपाटीलाई अंग्रेजी वा मेडिकल भाषामा पोलीएन्ड्री अर्थात् बहुपति प्रथा भनिन्छ । विश्वका कतिपय मुलुकमा जस्तै नेपालका केही क्षेत्रमा पनि बहुपति प्रथाको चलन विद्यमान रहेको मानिन्छ । कुनै समय विषम आर्थिक तथा सामाजिक परिस्थितिका कारण बहुपति प्रथाको सुरुवात भए पनि एचआईभीलगायत यौनजन्य संक्रमणका कारण यो प्रथाको जटिलतामाथि ध्यान पुऱ्याउन ढिलो भैसकेको छ ।

हिमाली तथा विकट जिल्लामा सामाजिक सुरक्षा तथा आर्थिक दृष्टिले बहुपति प्रथाको चलन राम्रो मानिए पनि गोप्यताको अभाव तथा करकापमा पटक-पटक यौनसम्पर्क राख्नाले पूर्ण यौनसन्तुष्टि प्राप्त नहुने भएकाले कालान्तरमा मानसिक समस्या उत्पन्न हुनसक्छ । बहुपति प्रथामा वैवाहिक बलात्कार एवं अनिच्छित गर्भको समस्या पनि उत्तिकै हुन्छ । पटक-पटकको गर्भ अनि जन्मान्तरको अभावमा महिला एवं नवजात शिशु दुवैको ज्यान जोखिममा पर्न सक्छ । बहुपति प्रथामा धेरै दाजुभाइ भएको खण्डमा साझा पत्नी तथा कान्छा पतिको उमेरमा धेरै फरक भए यौन मनोविज्ञानमा नकारात्मक असर पुग्न सक्छ । साझा पत्नी माथि कनिष्ठको पहुँच कम हुने हुँदा यौनचाहना दबाउनु पर्ने वा अन्य विकल्प अपनाउनुपर्ने हुनसक्छ ।

बहुपति प्रथाका आ-आफ्नै फाइदा-बेफाइदा भए पनि यौनका दृष्टिले फाइदा भन्दा जटिलता बढी देखिन्छ । त्यसैले यौनलाई केवल बच्चा पाउने माध्यम मात्र नमानी महिलाको यौनस्वास्थ्यका बहु आयाम (यौन सन्तुष्टि, यौन स्वतन्त्रता, यौन अधिकार) लाई विचार गरी समयक्रमसँगै बहुपति प्रथा कायम भएका समाजका पुरुषले छुट्टाछुट्टै पत्नी अंगिकार गर्न चाहे त्यस्तो छुट प्रदान गरिनुपर्छ । सामाजिक संस्कारलाई निरन्तरता दिने क्रममा समय सापेक्षा परिवर्तन तथा सुधार पनि उत्तिकै आवश्यक हुन्छ ।

# महिनावारी, भावना र मानसिक पाटो



डा. सुभद्रा कार्की

सामान्यतः हामी कहाँ रजस्वला/महिनावारी हुँदा ध्यान दिनुपर्ने वाह्य सफाइ अर्थात् मिन्सुरल हाइजिनका कुरा बढी प्रकाशमा छन् । किनभने महिनावारीको समयमा प्रयोग हुने कपडा, प्याड अनि केही सामाजिक बन्देजले सबैको ध्यान खिच्छ, तर प्रश्न के हो भने आजको यो शताब्दीमा बाह्य सफाइका कुराले मात्र सम्पूर्ण विषय समेटिएला ? महिनावारीसँग सम्बन्धित मानसिक एवं भावनात्मक पाटोमा पनि ध्यान पुऱ्याउनु उत्तिकै जरुरी छ । यस्तो समयमा परिवारभित्र अभिभावकले छोरीहरूलाई, दाजुभाइले दिदीबहिनीलाई तथा श्रीमान्ले श्रीमतीलाई दिने भावनात्मक सहयोगले पुऱ्याउने सकारात्मक असरको विषयमा कमै चर्चा गरिन्छ । यस्तो माया र स्नेहले महिलालाई भावनात्मक एवं मानसिक रूपमा सबल बन्ने वातावरण प्रदान गर्छ ।

रजस्वला स्वास्थ्यसँग चेतनामूलक कार्यक्रम, पाठ्यक्रम, मिडिया सबैमा शारीरिक सरसफाइका कुरा मात्र कुरा देखिन्छ भने मानसिक असर र प्रभावको कमै चर्चा गरिन्छ । साँच्चै भन्ने हो भने रजस्वला वा महिनावारीमा मानसिक समस्या सिर्जना हुनसक्छ र ? भन्ने प्रश्नसमेत जन्मन्छ ।

आयुर्वेद चिकित्सा पद्धतिमा केही यस्ता विशेष कुरा उल्लेख भएको पाइन्छ जसमा रोग नभएका स्वस्थ्य व्यक्तिको स्वास्थ्य रक्षाको कुरा गरिन्छ । जस्तै दिनचर्या, ऋतुचर्या, रजस्वलाचर्या (महिनावारी) हुँदा रोग लागेपछि त औषध, उपचारमा लाग्नैपर्‍यो तर जो स्वस्थ छन् उनीहरूले आफ्नो स्वास्थ्यको प्रवर्द्धन र प्रतिरोधलाई क्रियाशील राख्नुपर्छ भन्ने मान्यता आयुर्वेदमा छ । यही सन्दर्भमा रजस्वला चर्चालाई अझ विशेष महत्व दिइएको छ ।

प्रजनन उमेरका महिलामध्ये ७०/८० प्रतिशत महिलाले आफ्नो महिनावारी आउने अवधिभर धेरै थोरै केही नकेही मानसिक एवं भावनात्मक संवेग भोगेका हुन्छन् । जस्तै कारणै नभै रिस उठ्ने, काम तथा अध्ययनमा मन नलाग्ने, परिवारका सदस्यहरूसँग चिडचिडाहट हुने, एक्लोपन महसुस हुने, कसैले पनि आफ्नो कुरा नबुझेजस्तो लाग्ने आदि । यी समस्या केही वर्ष यता ह्वातै बढेको पाइन्छ । यसमा हाम्रो बदलिँदो पारिवारिक वातावरण, सामाजिक परिवेश अत्याधुनिक जीवनशैलीजस्ता कारण प्रमुख छन् । शारीरिक कठिनाइ त देखिने नै हुन्छ, तर मानसिक कठिनाइलाई बेलैमा पत्ता लगाएर समाधान गर्न नसके भविष्यमा विकराल अवस्था सिर्जना हुनसक्छ ।

महिनावारीको सारा प्रक्रिया प्रजननसँग पनि जोडिएको हुनाले स्वास्थ्य महिनावारीसँग स्वस्थ सन्तानको उत्पत्ति पनि सम्बन्धित हुन्छ । प्रजनन मात्र नभएर महिलाले आफ्नो स्वास्थ्य रक्षाका लागि पनि रजस्वलाका केही नियम पालना गर्नैपर्छ ।

आयुर्वेदमा महिनावारीको समयमा शारीरिक एवं मानसिक स्वास्थ्य दुवैलाई उत्तिकै महत्व दिइएको पाइन्छ । विशेष गरी शहरी क्षेत्रका युवती तथा महिलाहरूमा महिनावारीको समयमा हुने प्रि-मेन्सुरल अपसेट (महिनावारी हुनु अघिको पीडा) बढ्दो छ । महिनावारीमा अत्यधिक पीडा हुने, महिना खुलेर नआउने, लामो समयसम्म रक्तस्राव भैरहने आदि समस्या बढ्दो अवस्थामा छ भने पोलिस्टिक ओभरी सिन्ड्रोमको समस्या बढ्दो देखिन्छ ।

आधुनिक खानपान एवं जीवनशैलीले यी समस्यालाई बढावा दिइरहेका छन् । धेरै युवतीमा स्कुल, कलेज तथा कार्यालयमा मैदाजन्य खाजा खाने, सक्रिय व्यायाम, योग, प्राणयाम आदिबाट कोसौं टाढा रहने बानी छ । यस्तो अल्छीपनाले महिना आउनु भन्दा पहिले चिडचिडाहट उत्पन्न हुने, रिसाउने, झन्केने समस्या हामी देखिरहेका छौं । मानसिक भावका यी समस्या आहार-विहारको सामान्य हेरफेरबाट पनि समाधान गर्न सकिन्छ । दैनिक योग, प्राणायाम र ओम उच्चारणबाट पनि डि-स्ट्रेस हुन सकिन्छ ।

## स्वस्थ्य महिनावारीका लागि

- सामान्यतः तीन दिनसम्म जौ, गहुँ, पोलिस नगरेको चामलको दलिया, रोटी वा भातको प्रयोग दूधसँग गर्ने ।
- नुन प्रयोग गर्नुपरे सिंधे नुन प्रयोगमा ल्याउने ।
- हरियो साग तथा तरकारी प्रयोग गर्ने, मौसम अनुसारको फल खाने ।
- बढी तेज काम, उफ्रने, दौडिने, लामो दूरीको यात्रा आदि नगर्ने ।
- चर्को ध्वनिबाट जोगिने, चर्को नबोल्ने ।
- सहवास नगर्ने ।
- सात्विक, सादा जीवनमा रमाउने । विशेष गरी महिनावारीका बेला आभूषण तथा श्रृंगार प्रयोगमा नल्याउने ।
- मुनक्का (दाख) सिद्धा वा चामलको पुवा आदि खाने ।
- अमिलो, पिरो तथा चर्को खानपान परहेज गर्ने ।
- हल्का आराम गरे पनि लगातार नसुत्ने ।
- आयुर्वेदमा वर्णित कुनै पनि उपक्रम आदि नगर्ने (अभ्यङ्ग, स्वेदन प्रक्षालन, नस्य वमन) ।
- ज्यादा चिडचिडाहट उत्पन्न भए मधुर संगीत सुन्ने, अनुलोम-विलोम, प्राणायाम, ध्यान आदि गर्ने ।

यी नियम पालना गर्दा महिनावारी भएका महिलाहरूलाई धेरै फाइदा मिल्छ ।

*(डा. कार्की आयुर्वेद चिकित्सक हुन् ।)*



# जटिल विश्वकप छनौट

केही समयअघि मात्र विदेशी समाचार एजेन्सीहरूले लिएको नेपाली स्पिनर सन्दीप लामिछानेको लामो अन्तर्वार्ता बाहिर आएको थियो । त्यसमा उनको पनि ध्यान केन्द्रित थियो, वान डे विश्वकपमा । अबका केही दिनमा इंग्ल्यान्ड र वेल्समा वान डे विश्वकप हुँदैछ । सन् २०१९ को विश्वकप संस्करणमा भाग लिने टिम १० वटा मात्र छन् । सन्दीपको भनाइ थियो, उनी जस्ता धेरै उदीयमान खेलाडीका लागि विश्वकप सपना मात्र भएको छ ।

विश्व वान डे क्रिकेटको सबैभन्दा ठूलो प्रतियोगितामा १० टिम मात्र भएपछि प्रमुख देशलाई छाडेर अरू कसैले विरलै मात्र मौका पाउँछन् । त्यसैले सन्दीपको भनाइ थियो, यो त यस्तो प्रतियोगिता हो, जसमा कम्तीमा १४ देखि बढीमा १६ टिम हुनुपर्छ । अनि मात्र नेपाल जस्ता क्रिकेटमा विकास गरिरहेका देशले मौका पाउँछन् । लामिछानेले भनेका छन्, 'विश्वकप प्रत्येक चार वर्षमा आउँछ र यो प्रतियोगिता खेल्नु हरखेलाडीको सपना हुन्छ, तर यो हाम्रा लागि सम्भव छैन् ।'

यसपटकको विश्वकप मात्र होइन, सन् २०२३ को संस्करण पनि १० टिमको मात्र हुने तय भैसकेको छ, यस्तोमा प्रश्न उठ्नु स्वभाविक हो, अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) को ध्यान सहभागी टिम बढाउनको साटो घटाउनतर्फ किन छ ? फुटबलको विश्वकपमा सहभागी संख्या निरन्तर बढ्दैछ र यसले प्रतियोगितामा सकारात्मक प्रभाव नै पारेको स्थितिमा आईसीसी भने आफैं किन खुम्चिरहेको छ, कमैले मात्र बुझेका छन् ।

सन् २००७ को वान डे विश्वकपमा १६ टिम थिए, तर सन् २०११ को संस्करणमा आइपुग्दा त्यो संख्या १४ मा झरेको थियो । त्यही १४ टिमले सन् २०१५ को विश्वकप पनि खेलेका थिए । यसरी टिमको संख्या घटाउनु पछाडि आईसीसीको एक मात्र तर्क छ, नयाँ टिम आए भने एकपक्षीय खेल हुन्छन्, त्यो विश्वकपका लागि ठीक छैन । भनिन्छ, क्रिकेटका ठूला टिमहरू यो खेलमा आफ्नो मात्र प्रभुत्व होस भन्ने चाहन्छन्, अरू नयाँ देश आएको चाहँदैनन् ।

सन् २०१९ र २०२३ का लागि विश्वकप खेल्ने १० टिमको सहभागिता अवसरको ढाँचा एउटै खालको छ । प्रतियोगिता हुनुअघि निश्चित समयको वरियताको शीर्ष आठ टिमले विश्वकपमा सिधै अवसर पाउँछन् । बाँकी दुई टिमका लागि भने छनौट हुनेछ । नेपालजस्ता देशका लागि विश्वकपमा प्रवेशको एक मात्र आशा भनेको यही छनौट हो, जुन आफैंमा जटिल र कठिन छ । विश्वकप छनौट खेल्न पनि लामो बाटो तय गर्नुपर्ने हुन्छ र यही बाटोले अबको नेपाली क्रिकेटले कस्तो स्वरूप लिने हो, त्यो पनि तय गर्नेछ ।

### अब विश्वकप लिग

भर्खरै मात्र आईसीसीले चार नयाँ टिमलाई वान डेको मान्यता दिएको छ । नामिबियामा भएको २०१९ आईसीसी वर्ल्ड क्रिकेट लिग डिभिजन टुको शीर्ष चार स्थानमा रहने टिमले वान डेको मान्यता पाएका छन् र ती हुन्– नामिबिया, ओमान, पुपुवा न्युगिनी तथा अमेरिका । उक्त प्रतियोगिताबाट क्यानाडा र हङकङ भने रेलिगेसनमा परे । अब आईसीसीबाट वान डे मान्यता प्राप्त टिमको संख्या २० पुगेको छ । यसअघि १६ टिम थिए, अब त्यसमा चार थपिए ।

पछिल्लो वरीयताको शीर्ष आठमा छन्, इंग्ल्यान्ड, भारत, न्युजिल्यान्ड, दक्षिण अफ्रिका, अस्ट्रेलिया, पाकिस्तान, बंगलादेश र श्रीलंका । त्यसपछि वेस्ट इन्डिज र अफगानिस्तान छन् । बाँकी अरू टिम क्रमशः जिम्बावे, आयरल्यान्ड, स्कटल्यान्ड, नेपाल, युएई तथा नेदरल्यान्ड्स हुन् । यसरी १६ टिम भयो, त्यसपछि अहिलेका नयाँ चार टिम । आईसीसीले शीर्ष १० बाट बाहिर रहेका टिमका लागि प्रतियोगिताको घोषणा पनि गरिसकेको छ र यो नै विश्वकप छनौटको बाटो हो ।

अब नेपालले खेल्ने प्रतियोगिता हो, विश्वकप लिग । त्यसमा ७ टिम छन् र ती हुन्– नेपाल, स्कटल्यान्ड, युएई, नामिबिया, ओमान, पपुवा न्युगिनी र अमेरिका । यसमा शीर्ष वरियताको टिम नै नेपाल हो । यो प्रतियोगिता राउन्ड रोबिनका आधारमा हुनेछ र प्रतियोगिता सुरु हुनेछ, जुलाईदेखि र यो लगभग तीन वर्ष चल्नेछ । यसको शीर्ष तीन स्थानमा रहने टिम छनौट हुनेछन्, सन् २०२२ मा हुने क्रिकेट वर्ल्डकप क्वालिफायरका लागि ।

यो प्रतियोगितामा १० टिम हुनेछन् र यस विषयमा पुरा विवरण आउन बाँकी नै छ । यद्यपि एउटा कुरा के निश्चित छ भने आउने तीन वर्षमा नेपाली क्रिकेट अन्तर्राष्ट्रिय मञ्चमा खुबै व्यस्त रहनेछ । नेपालमा अझै क्रिकेटको सर्वोच्च संस्था पुनर्स्थापना भैनसकेको स्थितिमा यो बाटो पनि आफैंमा कठिन देखिन्छ । नेपाली क्रिकेट एक प्रकारले प्रतिबन्धकै स्थितिमा छ । नेपाली क्रिकेटका गतिविधि सिधै आईसीसीले सम्हालिरहेको छ । अबको नेपाली क्रिकेटले लिने बाटो यससँगै अरू धेरै तथ्यमा निर्भर गर्छ, खेलाडीहरूले खेलेर मात्र पुग्नेछैन ।

# पोखरामा एसियन कप ट्रायथलन

राजाराम पौडेल



पोखरामा आयोजित एसियन कप ट्रायथलन प्रतियोगिताको उपाधि जापानका माकोतो ओदाकोराले जितेका छन् । शनिबार पोखराको लेकसाइडमा भएको ७ सय ५० मिटर स्वीमिङ ट्रायथलनको स्प्रिन्ट विधामा २० किलोमिटर साइक्लिङ तथा ५ किलोमिटरको दौड ५४ मिनेट १६ सेकेन्डमा पार गरी जापानका माकोतोले ट्रायथलनको स्वर्ण पदक जितेका हुन् । उनी विश्व वरियतामा ६३ औं तथा एसिएन टेरिटोरीमा दोस्रो स्थानमा रहेका खेलाडी हुन् । पदक जितेपश्चात् उनले पौडीका लागि फेवाताल अनुकूल भए पनि साइक्लिङ र दौड भने खुल्ला सडकमा हुँदा जोखिम भएको बताए ।

प्रतियोगितामा निर्धारित दूरी ५४ मिनेट ३३ सेकेन्डमा पार गरेका पोल्यान्डका डान मेसिन्तोस दोस्रो भए भने ५५ मिनेट २ सेकेन्डमा उक्त दूरी पार गरेका दक्षिण कोरियाका जि ह्वान किम तेस्रो भए ।

महिलातर्फको एसियन कप ट्रायथलनमा १ घण्टा २ मिनेट ५६ सेकेन्डमा दूरी पुरा गर्दै कोरियाकी य जिन पार्कले स्वर्ण जितिन् । १ घण्टा ३ मिनेट ५१ सेकेन्डमा दूरी पार गरी जापानकी कोनामी युसियुदा दोस्रो तथा १ घण्टा ४ मिनट ५५ सेकेन्डमा उक्त दूरी पार गरी जापानकै नाओमी ताकामिने तेस्रो भइन् ।

उक्त अवसरमा दक्षिण एसियाली ट्रायथलन च्याम्पियनसिपसमेत सञ्चालन गरियो, जसको स्वर्ण नेपालका वसन्त थारुले जिते । थारूले उक्त दूरी १ घण्टा ३ मिनेट ५ सेकेन्डमा पार गरेका थिए । आर्मीका थारुले यस अघि दक्षिण एशियाली ट्रायथलनमा ६ पटक सहभागी हुँदै २ पटक स्वर्ण तथा तीन पटक कांस्य पदक जितिसकेका छन् । १ घण्टा ७ मिनेट ३ सेकेन्डमा उक्त दूरी पार गरी भारतका लोकेस कुमार बाबुजी दोस्रो भए भने १ घण्टा ८ मिनेट समय लिंदै नेपालका नितेष मानन्धर तेस्रो भए ।

सोही विधामा महिला तर्फ भारतकी प्रग्न्या मोहनले स्वर्ण पदक हात पारिन् । उनले उक्त दूरी १ घण्टा ९ मिनेट २३ सेकेन्डमा पार गरेकी थिइन् । १ घण्टा १२ मिनेट ४० सेकेन्डमा उक्त दूरी पार गरी भारतकी मोनीका नागपुरे दोस्रो भइन् । १ घण्टा १८ मिनेटमा उक्त दूरी पार गरी नेपालकी सोनी गुरुङ तेस्रो भइन् । गुरुङ एपिएफकी खेलाडी हुन् ।

प्रतियोगितामा नेपाल, जापान, कोरिया, काजाकिस्तान, लिथुनिया, पोल्यान्ड, अस्ट्रेलिया, भारत तथा बंगलादेशका पुरुषतर्फ १९ तथा महिलातर्फ ८ जना खेलाडीले प्रतिस्पर्धा गरेका थिए । नेपालका खेलाडीहरूको मात्र प्रतिस्पर्धा रहेको दुवाथलनमा सेनाका हिमाल टमाटाले स्वर्ण हात पारे । दोस्रो स्थानमा एपिएफका लक्ष्मण मल्ल तथा तेस्रो स्थानमा एपिएफका किरणकुमार मल्ल रहे । महिलातर्फ एपिएफकी हुमा बूढा मगर पहिलो भइन् । एपिएफकै निर्जता ताम्राकार दोस्रो तथा डाडकी अनिषा चौधरी तेस्रो स्थानमा आए ।

नेपालकै नम्बर वान ट्रायथलन खेलाडी दिपेश चौधरी प्रतियोगिताकै क्रममा कार दुर्घटनामा परे । ट्रायथलन प्रतियोगिताअन्तर्गत स्वीमिङ सकेर साइक्लिङ गरिरहेका चौधरी पोखराको हिमाली टोलमा कारको ठक्करबाट दुर्घटनामा परेका हुन् । उक्त दुर्घटनामा चौधरीको साईकल दुई टुक्रा भएको थियो । त्रिभुवन आर्मीका खेलाडी चौधरीले हाले सम्पन्न आठौं राष्ट्रिय खेलकुदमा स्वर्ण पदक जितेका थिए ।







# फेरि खुसी अनुहार

यू-१९ विश्वकप छनौटमा असफलतापछि फर्किएका नेपाली खेलाडीको अनुहार खुबै मलिन थियो । उनीहरूको अनुहारमा हाँसो थिएन । मलेसियाबाट नेपाल फर्किएको टिमको स्थिति वास्तवमै नाजुक थियो । भर्खर एउटा अर्को उमेर समूहको क्रिकेट सम्पन्न भएको छ र संयोगले त्यसमा नेपाल विजयी रह्यो ।

नेपाल थाइल्यान्डमा भएको प्रतियोगिता एसीसी यू-१६ इर्स्टन रिजनको डिफेन्डिङ च्याम्पियन पनि हो, त्यस अर्थमा नेपालले आफ्नो उपाधिको रक्षासमेत गर्‍यो । नेपालले फाइनलमा मलेसियालाई हराएको थियो र पूरा प्रतियोगितामा नेपालले सबै खेल जित्यो । जति बेला यही टिम त्रिभुवन विमानस्थलमा ओर्लियो तब सबै खेलाडी तथा प्रशिक्षकको अनुहारमा खुसी मात्र देखिन्थ्यो ।

# क्रिकेट विश्वकप ट्रफी आउँदै

इंग्ल्यान्ड र वेल्समा वान डे विश्वकप सुरु हुन अब धेरै समय बाँकी छैन । अब क्रिकेट लोकप्रिय भएका देश यही विश्वकपमा झुम्मिनेछन् । यसकै सेरोफेरोमा विश्वकप ट्रफी भने फेरि एकपटक नेपाल आउन लागेको छ, त्यो पनि केही घन्टाका लागि मात्र । जेठको सुरुमा हुने प्रधानमन्त्री कपको अवसरमा यो ट्रफी नेपाल आउन लागेको हो ।

केही घन्टाको नेपाल बसाइपछि त्यसलाई फेरि फर्काइने छ । यसअघि पनि यो ट्रफी नेपाल आइसकेको छ र त्यति बेला भने यसले केही दिन नेपालमै बिताएको थियो । त्यति बेला यसलाई पोखरा र चन्द्रागिरी पनि लगिएको थियो । तय छ, यो ट्रफीसँगै नेपालमा पनि विश्वकपको ज्वरो सुरु हुनेछ ।



# हक्कीकी म्यारोडोना

फुटबलका म्यारोडोनालाई सबैले चिन्छन् तर तपाईंलाई थाहा छ अर्जेन्टिनाको फिल्ड हक्किकी एक महिला खेलाडीलाई पनि हक्कीकी म्यारोडोनाको नामले चिनिन्छ । हो, अर्जेन्टिनाकी हक्कि खेलाडी लुसियाना एयमारलाई जादुगर र म्यारोडोनाको नामले बढी चिनिन्छ । अर्जेन्टिनाका तर्फबाट फिल्ड हक्कीमा उत्कृष्ट प्रदर्शन गरेकै कारण उनलाई फेडरेसन अफ इन्टरनेसनल हक्की संघले आठ पटक प्लेयर अफ दि इयरको उपाधि दिइसकेको छ, जसका कारण उनलाई अर्जेन्टिनाको खेलकुद क्षेत्रमा अल टाइम बेष्ट प्लेयर मानिन्छ ।

हक्की खेलमा चाहिने गति र ड्रिबलिङका लागि माहिर लुसियानाले सन् २०१२ मा अर्जेन्टिनाले ओलम्पिक प्रतियोगितामा सहभागिता गर्ने क्रममा राष्ट्रिय झन्डा बोकेर मार्चपास गरेकी थिइन् । लुसियाना यस्तो सम्मान पाउने मार्सेलो य्गारोफपछिकी दोस्रो हक्की खेलाडी हुन् । च्याम्पियन्स ट्रफी तथा विश्वकपमा आफ्नो टिमलाई स्वर्ण पदक जिताई सकेकी लुसियानाले ओलम्पिकमा भने रजत पदकमै चित्त बुझाउनुपरेको थियो ।



# सावित्रा र अनिता भारतमा

नेपाली महिला फुटबलमा अब व्यवसायिकता पनि सुरु भएको छ, त्यो पनि विदेशमा । हालसालै सावित्रा भण्डारी र अनिता वस्नेत व्यवसायिक फुटबल खेल्न भारत गएका छन् । उनीहरूले महिलाको भारतीय लिग खेल्नेछन् र उनीहरूको क्लब हो– सेतु फुटबल । यो नेपाली महिला फुटबलका लागि निकै सुखद समाचार हो ।

केही समयअघि मात्र सम्पन्न हिरो गोल्डकप र साफ च्याम्पियनसिपमा यी दुवै खेलाडीले राम्रो खेले । उनीहरूको खेलबाट भारतीय टिम पनि प्रभावित थियो । त्यसैले स्ट्राइकर सावित्रा र मिडफिल्डर अनिताको भाग्य खुलेको हो । भारतीय लिग अर्को महिना सुरु हुनेछ । यसअघि फुटसल नै सही, यिनै सावित्रा र अनिताले माल्दिभ्समा पनि व्यवसायिक खेल खेलिसकेका छन् ।





# रुनीलाई फेरि आपत

बेलायतकी चर्चित कलगर्ल हेलन वुडको हाले प्रकाशित बायोग्राफीले सनसनी मच्चाउन थालेको छ । उक्त सनसनीको सुरुवातमा बेलायती फुटबलका पूर्वकप्तान वाह्य रुनी परेका छन् । परस्त्रीसँगको सम्बन्धका कारण रोनीकी श्रीमती कोलिन केही वर्ष अघिदेखि उनीबाट अलग बस्दै आएकी छिन् ।

रुनीको परस्त्रीप्रतिको आकर्षणका कारण कोलिनले सुधिने मौका दिइरहेको अवस्थामा हेलनको यो बायोग्राफीले रुनीको वैवाहिक जीवनमा अझ ठूलो धक्का लाग्ने देखिन्छ । हेलनले आफ्नो बायोग्राफीमा लेखेकी छिन्– केही वर्ष अघि रुनी र मैले एउटा होटलमा सँगै रात बितायौं । रात बिताएर छुट्टिने बेलामा रुनी हेलनको काँधमा टाउको राखेर रुन थाले । उनको हातमा कोलिन गर्भवती भएको तस्बिर थियो । उनी त्यतिबेला यो सम्बन्धका बारेमा कसैलाई नबताउन भनिरहेका थिए ।

रुँदै रुनीले आफ्नो वैवाहिक जीवन पहिलेदेखि नै बिग्रँदै गएको र यदि श्रीमतीले आफूले अन्य युवतीसँग रात बिताएको घटना थाहा पाइन् भने आफ्नो वैवाहिक जीवन बर्बाद हुने बताइरहेका थिए । हेलनको यो बयानपछि रुनीको वैवाहिक जीवन झनै बिग्रने पक्का छ । श्रीमान्को अनैतिक व्यवहारकै कारण कोलिन उनीसँग अलग भएकी थिइन् ।

# मनाङलाई एएफसीको चेतावनी

नेपाली फुटबल अझै कति गैरव्यवसायिक छ भन्ने कुराको यो एउटा राम्रो उदाहरण हुनेछ । सहिद स्मारक लिग ए डिभिजन विजेता मनाङ-मर्स्याङ्दीले अहिले एएफसी कप खेलिरहेको छ र यसैक्रममा उसले एसियाली फुटबल महासंघको चेतावनी पाएको हो । महासंघको चेतावनी हेर्दा सामान्य छ, तर यसभित्र गम्भीर तथ्य पनि छ ।



एएफसीको भनाइ छ, मनाङले प्रतियोगिताको नियम उलंघन गरेको छ, आफू खेल्ने रंगशालाको सिट संख्या र टिकट दर उपलब्ध नगराए । विदेशतिर प्रत्येक क्लबको आफ्नै मैदान हुन्छ । नेपालमा यस विषयमा त कल्पना पनि गर्न सकिदैन । अहिले तत्काल नेपालले खेल्ने भनेको सातदोबाटोको मैदानमा मात्र हो । यस्तोमा मनाङसँग यस विषयमा स्पष्ट जवाफ नहुनु स्वभाविक पनि हो ।

जाँदा-जाँदै

# लगन कसलाई थाहा हुन्छ र ?



रेखा जोशी, गायिका

**कञ्चनपुरको महेन्द्रनगरमा जन्मिएकी रेखा जोशी सुदूर पश्चिमको देउडा गायनमा चर्चित नाम हो । रेखा देउडासँगै ठाडो भाका गायनमा समेत सक्रिय छिन् । झन्डै ६ वर्षको छोटो अवधिमै ५ सयजति गीतमा आफ्नो सुमधुर स्वर दिइसकेकी जोशी महोत्सव तथा सांगीतिक कार्यक्रमहरूमा पनि उत्तिकै व्यस्त हुन्छिन् । शंकरदेव क्याम्पसमा एमबीएस अध्ययनरत रेखा राष्ट्रिय मिडियामा भने उति देखिन्नन् । युवा पुस्ताकी यी चर्चित गायिकासँग साप्ताहिकको जम्काभेट :**

**निकै दिनदेखि काठमाडौंबाहिर हुनुहुन्छ, केमा व्यस्त हुनुहुन्छ ?**

सुदूर पश्चिममा थुप्रै कार्यक्रम भैरहेका छन्, त्यसमै व्यस्त छु । फाट्टफुट्ट गीत पनि रेकर्ड गराइरहेकी छु । सँगै पढाइ पनि जारी छ, तर पढाइलाई उति समय दिन सकिरहेकी छैन ।

**कति वर्ष भयो गीत गाउन थालेको ?**

०७१ सालमा बैतडीका गायक करण रानाले पहिलो पटक मलाई 'घुटुक्क बाडुली लाया...' गीत गाउने मौका दिनुभएको थियो ।

**महोत्सवमा त खुब हिँड्नुहुन्छ नि ?**

हो, एक वर्षयता म थुप्रै महोत्सवमा सहभागी भएँ ।

**तपाईं कस्ता गीतलाई प्राथमिकता दिनुहुन्छ ?**

म खास देउडा मात्र गाउने मान्छे, हुन त दोहोरी पनि गाउँछु, दोहोरीबाट त्यति राम्रो भएन । मेरो स्वर देउडामै सुहाउने भएकाले पहिल्यैदेखि देउडा गाएँ । देउडा गीत नै धेरै गाएकाले अरू गीत गाउन पाएकी छैन् ।

**ठाडो भाकाकी गायिकाका रूपमा पनि चिनिनुभएको छ त ?**

ठाडो भाका पनि धेरै गाउने भएकाले मलाई ठाडो भाका गायिकाका रूपमा पनि चिनिन्छ । नयाँ पुस्ता अर्थात् मेरो जेनरेसनका धेरैजसो मानिसले ठाडो भाका सुन्दा पनि सुन्दैनन् । ठाडो भाका मन पनि पराउँदैनन्, तर हाम्रो देउडा संस्कृति भनेको ठाडो भाका हो । एक्लाएक्लै गाइने, आफ्नै सुरमा बहहरू, मनका व्यथाहरू पोख्ने माध्यम हो– ठाडो भाका । मैले एक्लै ठाडो भाका गाएकी छैन । हामीले यसलाई परिमार्जन गरेर दोहोरी टाइपको बनाएर गाउन थाल्यौं । पहिले ठाडो भाका उति चर्चामा थिएन । मैले गाउन थालेपछि बजारमा यसको माग बढ्दै गएको छ ।

**तपाईंले बुझेको ठाडो भाका के हो ?**

म देउडा गायिका भए पनि मैले देउडा संस्कृतिका बारेमा त्यति बुझ्न पाएकी छैन, तर देउडा धेरै गाए, खाली शब्द मात्र भएका बिना रसका गीत पनि गाएँ, टिपिकल खालका गीत पनि गाइयो । ठाडो भाका पहिलेको समयमा वनपाखा धाउँदा, गाईवस्तु चराउन जाँदा मनको व्यथा पोख्ने माध्यम हो । यो सुखमा भन्दा पनि दुःखमा गुनगुनाइन्छ ।

**झन्डै ६ वर्षको अवधिमा कति गीत गाउनुभयो ?**

ठ्याक्कै त भन्न सक्दिनँ, तर साढे ४ सय देखि ५ सयको हाराहारीमा गाएँ होला । ४ सयसम्म गनेकी थिए, त्यसभन्दा पछि गन्न पाएकी छैन ।

**सुदूर पश्चिमको हिट गायिका हुनुहुन्छ । कमाइ कतिको छ ?**

राम्रै छ । अहिले राम्रोसँग हिँड्न-खान पुगिरहेको छ, थोरै बचत पनि भैरहेको छ । नाम पनि कमाइरहेकी छु, म सन्तुष्ट छु ।

**गीत गाएर अहिलेसम्म ठ्याक्कै कति कमाउनुभयो होला ?**

त्यसरी त हिसाब राखेकी छैन । बसियो, खाइयो । एक-एक पैसाको हिसाब-किताब राख्न सकिएन । धेरै कमाए त भन्दिनँ तर जहिलेदेखि कार्यक्रममा हिँड्न थालें त्यो बेलादेखि केही बचत हुन थाल्यो । सुरु-सुरुमा गीत गाउँदा त काठमाडौं बसाइको खर्च धान्नै ठिक्क थियो । एकमुस्ट आउने भए देखिन्थ्यो होला । आज गायो आज आयो, भोलि गायो भोलि आयो– यस्तै हुन्छ गायक-गायिकाको कमाइ ।

**सुदूर पश्चिमका कलाकारलाई आफ्नो जीवनशैली मेन्टेन गर्न कतिको सहज छ ?**

सजिलो त छैन, अलि गाह्रै छ । आफूसँग स्वर छ, कला छ भने अघि बढ्न पनि सकिन्छ । राम्रो गाउन र सफल हुन सहज छैन । सबै कुरा घरपरिवारले पनि बुझिदिनुपर्‍यो, आफूले पनि बुझ्नुपर्‍यो, मागअनुसारका गीत दिन सक्नुपर्‍यो । दर्शक/श्रोताको मन जित्न सक्नुपर्‍यो । त्यसपछि मात्र यो क्षेत्रमा जम्न सकिन्छ ।

**सुदूर पश्चिमका गीत गाउनुहुन्छ, त्यहाँको संगीतलाई मूलधारको संगीतसँग कसरी तुलना गर्नुहुन्छ ?**

मूलधारको संगीतले हाम्रो सम्पूर्ण नेपाललाई समेटिरहेको हुन्छ । हामी एउटा निश्चित क्षेत्रमा बस्ने मानिस, हामीले आफ्नो क्षेत्रको कला, संस्कृति एवं मौलिकतालाई प्रतिनिधित्व गरिरहेका छौं । गीत-संगीत क्षेत्रीय भए पनि, राष्ट्रिय स्तरको भए पनि गीत-संगीत नै हो, भाका, भाषाजस्ता कुरा मात्र फरक हुन् ।

**आधुनिक र लोकदोहोरी गीत गाउने योजना पनि छ ?**

आधुनिक गीत गाउने ठूलो रहर छ । अहिले त म निश्चित क्षेत्रका गीत गाइरहेकी छु । कोही पनि निश्चित क्षेत्रमा सीमित भएर बस्न चाहँदैन । यो देशलाई हामी पनि उत्तिकै माया गर्छौं, त्यसैले नेपालभरि सुनिने गीत गाउने धोको छ ।

**स्वरजस्तै मान्छे पनि राम्री हुनुहुन्छ ? कतिले पछ्याउँछन् ?**

म कहिल्यै त्यो टाइपका कुरा गर्दिनँ । मलाई मानिसहरू अलि परिपक्व मान्छन्, यद्यपि म केटाकेटी नै छु, तर सबैले रेस्पेक्ट गरेर दिदी भनेर सम्बोधन गर्छन् । मलाई अल्लारे टाइपका केटाहरूले जिस्काउँदैनन् ।

**विवाह कहिले गर्नुहुन्छ ?**

विवाहका बारेमा अहिले नै कुनै योजना बनाएकी छैन । ह्यान्डसम केटा ठोक्किहालेछ भने सोच्नुपर्छ । दुई तीन वर्षसम्म गाऊँ, पछि के हुन्छ थाहा छैन, कस्तो जीवनसाथी पर्छ भन्न सक्दिनँ । नगाऊँ, गाउनु राम्रो होइन भन्ने टाइपको पर्‍यो भने मान्नै पर्‍यो, सम्बन्ध बिग्रनु पनि भएन । जहाँसम्म सहमतिमै विवाह गरौंला तर पछिको कुरा कसले देखेको छ र ? त्यही भएर दुई-तीन वर्ष विवाह नगरौं कि भन्ने सोच छ तर भन्न सकिँदैन, लगनको कुरा कसलाई थाहा हुन्छ र ?


**प्रेम विवाह कि मागी विवाह ?**

प्रेम परेकै छैन । यसबीच प्रेम परेछ भने त्यो पनि सोचौंला अन्यथा मैले मागी विवाह नै गर्ने सोच बनाएकी छु ।

**तपाईंको विचारमा प्रेम के हो ?**

प्रेम भनेको कोही देख्दै मन पर्नु, कोही बिना बाँच्न नसक्नु त्यही त होला नि । प्रेममा परिएको छैन, त्यसैले के भन्नु ? प्रेम परेको भए प्रेम अन्धो हुन्छ भनिदिन्थें होला ।

## ज्वेल अफ द वर्ल्डमा



काठमाडौंको कलंकी निवासी २६ वर्षीया अपेक्षा खड्का फिलिपिन्सको मनिलामा संचालन हुने ज्वेल अफ द वर्ल्ड-२०१९ मा नेपालका तर्फबाट सहभागी हुँदैछिन् । उक्त प्रतियोगिताका लागि उनी आज शुक्रबार त्यसतर्फ प्रस्थान गर्दैछिन् । प्रतियोगिताका लागि नेपालको आधिकारिक संस्था इभेन्ट बेटर ग्यालेक्सीले अपेक्षालाई एक कार्यक्रमका वीच ज्वेल अफ द वर्ल्ड नेपाल-२०१९ का रुपमा ताज पहिऱ्याइदिएको थियो । ५ फिट ६ इन्च अग्ली अपेक्षा विगत ६ वर्षदेखि मोडलिङमा सक्रिय रहँदै आएकी छिन् । यसबीच उनले केही रनवे शो, म्युजिक भिडियो तथा प्रिन्ट एवं टेलिभिजन विज्ञापनका मोडल रुपमा आफूलाई प्रस्तुत गरिसकेकी छिन् । खड्का पोखरामा हालै सञ्चालनमा आएको इन्टरनेसनल फेसन विक नेपालमा शो स्टपरका रूपमा प्रस्तुत भएकी थिइन् । अपेक्षा चलचित्र लखपति माग्नेमार्फत नेपाली रजतपटमा डेब्यु गर्दैछिन् । सोसल वर्क विषयमा स्नातकोत्तर गरिरहेकी खड्का नृत्य, समाज सेवा एवं पशुपालनमा रुचि राख्छिन् ।

## सारेगमपको टप ११ मा प्रितम र आयुष




नेपालका दुई बालकलाकार आयुष केसी र प्रितम आचार्य भारतीय टेलिभिजन च्यालनबाट प्रसारण भैरहेको रियालिटी कार्यक्रम 'सारेगमप लिटल च्याम्प्स' को टप ११ मा पर्न सफल भएका छन् । गत फेब्रुअरी ९ मा प्रारम्भ भएको उक्त प्रतिस्पर्धामा १६ वर्ष भन्दा कम उमेरका बालबालिका सहभागी छन् । १२ वर्षका आयुष तथा ११ वर्षका प्रितम आचार्यसहित ८ जना नेपाली उक्त कार्यक्रमको अडिसनका लागि भारत पुगेका थिए ।

आचार्य र केसी दुवै जना सन् २०१६ मा भएको सुरशाला जुनियर आइडलका टाइटल विजेता हुन् । आयुष सिन्धुपाल्चोक घर भै हाल भक्तपुर बस्दै आएका छन् भने प्रितम सुनसरीको इटहरीका स्थायी बासिन्दा हुन् । यी दुवै बालक विजेता बनुन् भन्ने सारा नेपाली टेलिभिजन दर्शकको चाहना भने भोटिङ राउन्ड सुरु नभए पनि उनीहरू विजेता हुने सम्भावना प्रबल बन्दै गएको छ । गत साता केसीले निर्णायकहरूको शत प्रतिशत मत प्राप्त गरेका थिए भने आचार्यले ९९ दशमलव ९७ प्रतिशत मत पाएका थिए ।

नरेन्द्र बस्नेत

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.न.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुवास ढकाल ।**